नेपाल सरकार

नेपाल कानून आयोग

# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)

**नेपाल कानून आयोग**

**नयाँ बानेश्वर, काठमाडौं**

**भाद्र, २०८२**

(नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम नेपाल सरकार समक्ष पेस गरिएको)

# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)

## नेपाल कानून आयोग

नयाँ बानेश्वर, काठमाडौं

भाद्र, २०८२

# नेपाल कानून आयोगका वर्तमान पदाधिकारीहरू

अध्यक्ष



प्रा. डा. लक्ष्मीप्रसाद मैनाली

उपाध्यक्ष



पाराश्वर ढुङ्गाना

सदस्य



फणीन्द्र गौतम

सदस्य



गोपालप्रसाद रिजाल

सदस्य



इन्दिरा दहाल (भट्टराई)

सदस्य-सचिव

नेपाल सरकार
# नेपाल कानून आयोग

फोन नं. : ०१-४४८११९७
०१-४४८१०४३
०१-४४८१०४६
०१-४४८१०४९
फ्याक्स : ०१-४४८१७०४
Email: info@lawcommission.gov.np
Website : www.lawcommission.gov.np
नयाँ बानेश्वर, काठमाडौं

पत्र सङ्ख्याः ०८२/८३ मितिः २०८२।०५।२०
च.नं.

**विषयः <u>वार्षिक प्रतिवेदन</u>।**

माननीय मन्त्रीज्यू,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

नेपाल कानून आयोगले आर्थिक वर्ष २०८१/८२ (२०८१ श्रावण १ गते देखि २०८२ असार मसान्तसम्म) मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ को प्रयोजनका लागि माननीय मन्त्रीज्यू मार्फत नेपाल सरकार समक्ष पेस गरेको छु।

भवदीय,
(प्रा. डा. लक्ष्मीप्रसाद मैनाली)
उपाध्यक्ष

## प्राक्कथन

विधिको शासन कायम गर्न कानूनी सर्वोच्चता अपरिहार्य हुन्छ। कानूनको समसामयिक परिमार्जन र सुधारबाट मात्र राज्यको आर्थिक तथा सामाजिक व्यवस्थामा परिवर्तन गर्न सकिन्छ। सर्वसाधारणको सक्रिय सहभागितामा तर्जुमा भएको कानूनबाट मात्र सरोकारवालाको अपनत्व भई समाजको आवश्यकता परिपूर्ति र समस्या समाधानमा सहयोग पुग्ने हुन्छ। नागरिकको आवश्यकता बमोजिम समयानुकूल कानून तर्जुमा हुन सकेमा मात्र त्यसको परिणाम उपलब्धिमूलक हुन्छ। अद्यापि, हाम्रो कानून तर्जुमा पद्धति अनुसन्धानमा आधारित हुन नसकेको हुँदा आगामी दिनमा कानून तर्जुमालाई अनुसन्धानमूलक बनाउन आवश्यक छ।

*नेपाल कानून आयोग ऐन, २०६३* ले नेपाल कानून आयोगलाई नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरवलोकन, एकीकरण तथा संहिताकरण गर्ने, कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने, कानून तथा न्यायसँग सम्वद्ध अध्ययन अनुसन्धान गर्ने समेतको गहन जिम्मेवारी आयोगलाई प्रदान गरेको छ।

प्रभावकारी र समयसापेक्ष कानून निर्माण गर्न, कानून तथा न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान गरी अनुसन्धानमा आधारित कानून निर्माण प्रणाली विकास गर्न, कानून र न्यायको क्षेत्रमा नेपाल सरकारलाई आवश्यक र समसामयिक सुझाव दिन तथा समग्र न्याय प्रणालीको सुधारका उपायहरू सिफारिस गर्न आयोगलाई कानूनी क्षेत्रको बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्नु पर्ने देखिन्छ। पर्याप्त दक्ष जनशक्ति र स्रोत साधनको अभाव हुन नदिनको लागि आयोगको विद्यमान सङ्गठन संरचना र दरबन्दीलाई व्यवहारिक रुपमा परिमार्जन गर्ने, आयोगलाई विनियोजन हुने वार्षिक बजेट थप गर्ने र आयोगमा कार्यरत कर्मचारीको दक्षता अभिवृद्धि गर्नुपर्ने मात्र नभई आयोगको कार्य प्रकृति अनुरुपको दक्ष कर्मचारी खटाउनु पर्ने देखिन्छ।

आयोगले सीमित स्रोत साधन र जनशक्तिको बाबजुद आफ्नो काम, कर्तव्य र जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्दै आएको छ। आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट

सम्पादन भए गरेका काम कारबाही समेतलाई समावेश गरी *नेपाल कानून आयोग ऐन, २०६३* को दफा २२ बमोजिम सुझाव सहित नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन पेस गरिएको छ। प्रस्तुत प्रतिवेदनमा उल्लेख भएका सुझाव नेपाल सरकारबाट यथोचित सम्बोधन हुने आयोगले विश्वास लिएको छ।

आगामी वर्षमा आयोगका काम कारबाहीलाई थप प्रभावकारी बनाई आयोगलाई सुदृढ बनाउन प्रयत्नशील रहने प्रतिवद्धता व्यक्त गर्दै आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू मार्फत नेपाल सरकार समक्ष प्रस्तुत गरिएको छ। अन्तमा, यो प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउने आयोगका पदाधिकारी तथा कर्मचारीहरूलाई आयोग हार्दिक आभार व्यक्त गर्दछ।

नेपाल कानून आयोग

भाद्र, २०८२

## सारसङ्क्षेप

१. कानून सम्बन्धी विषयहरूको अध्ययन अनुसन्धान र नयाँ कानूनको मस्यौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समय सापेक्ष संशोधन, परिमार्जन, पुनरवलोकन र संहिताकरण सम्बन्धी कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रूपमा कानून आयोगको गठन भएको पाइन्छ।

२. *नेपाल कानून आयोग ऐन, २०६३* बमोजिम आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्दै आएको छ।

३. आयोगबाट सम्पादन हुने काम कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन्। आयोगमा अध्यक्ष र उपाध्यक्ष बाहेक हालको सङ्गठन संरचना अनुसार नेपाल न्याय सेवा, कानून समूह अन्तर्गत-२०, नेपाल प्रशासन सेवा, लेखा समूह अन्तर्गत-१, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गत-३, नेपाल विविध सेवा अन्तर्गत-२, हलुका सवारी चालक-३, कार्यालय सहयोगी-४ र स्वीपर-१ गरी कूल ३४ जना कर्मचारीको स्वीकृत दरबन्दी रहेको छ।

४. आर्थिक वर्ष २०८१/८२ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालू खर्च) अन्तर्गत रू. ४,९०,६७,३३९।- (चार करोड नब्बे लाख सतसट्ठी हजार तीन सय उनन्चालिस रुपैयाँ) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रू. ४,२९,०००।- (चार लाख उनन्तिस हजार रुपैयाँ) वार्षिक बजेट निकासा भएबमोजिम कुल बजेटको ७७.२४ प्रतिशत बजेट खर्च भएको छ।

५. आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा आयोगलाई चारवटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भएकोमा देहायबमोजिमका विधेयक तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाइएको छ:-

(क) उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक, र

(ख) परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

६. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको रोशी गाउँपालिका, बारा जिल्लाको कलैया उपमहानगरपालिका र गोरखा जिल्लाको बारपाक सुलिकोट गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीका लागि कानून तर्जुमा विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

७. मानव तस्करी रोकथाम र नियन्त्रण सम्बन्धी राष्ट्रिय कानून निर्माण गर्नुपर्ने, पीडितको उद्धार पश्चात् पीडितलाई पुनर्स्थापना गर्नुपर्ने, क्षतिपूर्ति उपलब्ध गराउन एक पुनर्स्थापना कोषको व्यवस्था गर्नुपर्ने, मानव तस्करी कसुर रोकथाम, प्रतिरोध तथा उन्मूलन सम्बन्धी कार्यमा संलग्न अधिकारीको क्षमता अभिवृद्धि गर्नुपर्ने लगायतका सुझाव समावेश गरी *मानव तस्करी रोकथाम तथा नियन्त्रण सम्बन्धी अध्ययन प्रतिवेदन* तयार गरिएको छ।

८. संविधानद्वारा प्रत्याभूत मौलिक हक अन्तर्गत अपराध पीडितको हकमा गलत अनुसन्धान र अनुचित अभियोजनका कारण भएको पीडितको हकलाई समेत समावेश गर्नुपर्ने, गलत अनुसन्धान र अनुचित अभियोजनका कारण भएका पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको मानव अधिकार सम्बन्धी विभिन्न अन्तरराष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष राष्ट्र भएको, संविधानद्वारा अपराध पीडितको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएको र सम्मानित सर्वोच्च अदालतबाट यस सम्बन्धी कानून बनाउन विभिन्न मुद्दामा निर्देशनात्मक आदेश समेत जारी भएको परिप्रेक्ष्यमा गलत अनुसन्धान र अनुचित अभियोजनका कारण भएका पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धी कानून निर्माण गर्नुपर्ने, कानून निर्माण गर्दा सम्बन्धित पक्षको शारीरिक र मानसिक स्वास्थ्य, कानून व्यवसायीसँगको परामर्श शुल्क, पारिवारिक तथा बाल हेरचाह शुल्क, शैक्षिक शुल्क, व्यवसायिक शुल्क लगायतका विषयहरू समावेश गर्नुपर्ने, क्षतिपूर्ति रकम निर्धारण गर्ने प्रयोजनका लागि छुट्टै संयन्त्रको स्थापना गर्नुपर्ने

लगायतका सुझाव समावेश गरी *अभियोग प्रमाणित नभएका कारण भोग्नुपर्ने सजाय बापत भुक्तान गर्नुपर्ने क्षतिपूर्ति सम्बन्धी अध्ययन प्रतिवेदन* तयार गरिएको छ।

९. कुनै पनि अन्तरराष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति र समर्थन गर्नु अघि सन्धिबाट सृजना हुन सक्ने दायित्व, नेपालको भौगोलिक अवस्थिति, आर्थिक सामार्थ्यता, जनसाङख्यिक संरचना, सामाजिक परिवेश, साँस्कृतिक मूल्य मान्यता लगायतका विषयमा विस्तृत रुपमा अध्ययन गरेर मात्र निष्कर्षमा पुग्नुपर्ने, नेपाल पक्ष राष्ट्र भएका अन्तरराष्ट्रिय सन्धि सम्झौता अनुकुल हुने गरी राष्ट्रिय कानूनको तर्जुमा, संशोधन वा परिमार्जन गर्नुपर्ने, सन्धि कार्यान्वयनको अनुगमन गर्न स्थायी संयन्त्रको स्थापना गर्नुपर्ने लगायतका सुझाव समावेश गरी *नेपालमा अन्तरराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन चुनौती र समाधान सम्बन्धमा अध्ययन प्रतिवेदन* तयार गरिएको छ।

१०. ऐन, नियम, निर्देशिका र कार्यविधिमा रहेका न्याय सम्पादनका प्रकृया छिटो छरितो, संक्षिप्त र स्पष्ट बनाउनु पर्ने, निःशुल्क कानूनी सहायताको प्रभावकारीता अभिवृद्धि गर्न कानूनी सहायता सम्बन्धी राष्ट्रिय कानूनको निर्माण गर्नुपर्ने, न्यायलयमा हुने ढिलासुस्ति र कार्यबोझ कम गर्न दक्ष तथा उत्प्रेरित जनशक्तिको व्यवस्थापन गर्नुपर्ने, वैकल्पिक विवाद समाधानका उपायहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने, न्यायाधीशको नियुक्ति, सरूवा र बढुवा पारदर्शी र अनुमानयोग्य हुनुपर्ने, अदालतको कार्यप्रवाहलाई सूचना प्रणालीसँग आवद्ध गराउन इलेक्ट्रोनिक फाइलिङ प्रणाली र डिजिटल सुनुवाइको प्रयोगलाई विस्तार गर्नुपर्ने, फैसलाको कार्यान्वयनलाई सरल र सहज बनाउन तपसिल खण्ड स्पष्ट हुनुपर्ने, स्मार्ट कोर्टको अवधारणा बमोजिम औपचारिक कानूनी प्रक्रियालाई अनलाइन र डिजिटल प्रविधिमा रूपान्तरण गर्नुपर्ने लगायतका सुझाव समावेश गरी *न्याय सम्पादन प्रकृया सुधार र प्रभावकारी बनाउने उपाय सम्बन्धी अध्ययन प्रतिवेदन* तयार गरिएको छ।

११. प्रदेशले कानून बनाउँदा संविधान, सङ्घीय कानून र नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनको अधिनमा रही बनाउनु पर्ने, संविधान तथा

सङ्घीय कानूनसँग असमाञ्जस्य र असंगतिपूर्ण देखिएका प्रदेश कानून संशोधनका लागि तत्काल प्रक्रिया अगाडि बढाउनु पर्ने, विधायन तर्जुमामा पारदर्शिता कायम गरी जनसहभागिता अभिवृद्धि गर्न, सरोकारवालाको सहभागिता सुनिश्चित गर्न र गुणस्तरीय विधायन तर्जुमा गर्न प्रदेश तहमा विधायन ऐन तर्जुमा गर्नुपर्ने, तथ्य र अनुसन्धानमा आधारित भई आवश्यकताका आधारमा कार्यान्वयनयोग्य कानून निर्माण गर्नुपर्ने, नयाँ विषयमा कानून तर्जुमा गर्न प्रदेश मन्त्रिपरिषद्को सैद्धान्तिक स्वीकृति लिने प्रयोजनका लागि तयार गर्नुपर्ने अवधारणापत्रको ढाँचा प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने लगायतका सुझाव समावेश गरी *लुम्बिनी प्रदेशका कानूनको पुनरवलोकन सम्बन्धी अध्ययन प्रतिवेदन* तयार गरिएको छ।

१२. इन्टर्नसिप कार्यक्रम अन्तर्गत नेपालका विभिन्न विश्वविद्यालयका कानून सङ्काय अन्तर्गतका क्याम्पस, कलेजमा स्नातक तहमा अध्ययनरत नौजना छात्रछात्राहरूलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीमा संलग्न गराइएको छ।

१३. कानूनी भाषामा भाषा र विषयवस्तु दुवै कुरा बुझ्न र बुझाउन प्रयोग गरिने शब्द र पदावली सम्बन्धमा विशेषतः तिनको अर्थ र अर्थको सङ्गतिबारे स्पष्टता समेतको आवश्यकतालाई सम्बोधन गर्न आयोगले *कानूनी शब्दकोश* प्रकाशन गरेको छ।

१४. *नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० बमोजिम आयोगले नेपाल सरकार समक्ष देहायका सिफारिस तथा सुझाव पेस गरेको छः-

(क) देहायका विषयमा कानून निर्माण गर्नुपर्नेः-

(१) राष्ट्रिय युवासम्बन्धी कानूनलाई संशोधन र एकीकरण सम्बन्धमा, र

(२) अभियोग प्रमाणित नभएका कारण भोग्नुपर्ने सजाय बापत भुक्तान गर्नुपर्ने क्षतिपूर्ति सम्बन्धमा।

(ख) देहायका विषयमा अध्ययन तथा अनुसन्धान गर्नुपर्नेः-

(१) सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी नजिर सम्बन्धमा,

(२) नेपालमा कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स, ए.आई.) प्रयोग सम्बन्धमा,

(३) नेपालमा डिम्बदानसम्बन्धी कानूनी व्यवस्था र यसको आवश्यकता सम्बन्धमा, र

(४) प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा पाए सरह वा सोसरह पदावलिको प्रयोग र प्रभाव सम्बन्धमा।

(ग) प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास गर्ने ।

(घ) आयोगको विगतका सिफारिस तथा सुझावको कार्यान्वयन गरिनु पर्ने।

१५. आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी र परिणाममुखी बनाउन सम्बोधन हुनुपर्ने विषय देहायबमोजिम रहेका छन्:-

(क) आयोगको सङ्गठन संरचनालाई कानून सम्बन्धी बौद्धिक नीति विकास संस्थाको स्वरूपमा परिवर्तन गर्ने,

(ख) आयोगलाई कानून सम्बन्धी अध्ययन, अनुसन्धानमूलक निकायको रूपमा स्थापित गर्ने,

(ग) प्रदेश र स्थानीय तहको कानूनको मस्यौदा तर्जुमा गर्दा नेपाल कानून आयोगलाई संलग्न गराउने,

(घ) अध्ययन अनुसन्धान गरेर मात्र ऐनको मस्यौदा तयार गर्नुपर्ने हुँदा कानूनको मस्यौदा कार्यको जिम्मा आयोगलाई दिने,

(ङ) आधुनिक स्तरको पुस्तकालय निर्माण गर्ने,

(च) पर्याप्त स्रोत साधनको साथै, उपयुक्त भवन लगायतका भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्ने,

(छ) जनशक्ति व्यवस्थापन प्रभावकारी हुनुपर्ने, कर्मचारीको वृत्ति विकास र व्यवसायिकताको विकासलाई बढावा दिनुपर्ने।

## संक्षेपीकरण

| | |
|---|---|
| आयोगः | नेपाल कानून आयोग |
| ऐनः | नेपाल कानून आयोग ऐन, २०६३ |
| वार्षिक प्रतिवेदनः | नेपाल कानून आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन |
| संविधानः | नेपालको संविधान |

# विषय सूची

## परिच्छेद-एक

## परिचय


१.१ पृष्ठभूमि १

१.२ आयोगको विकासक्रम २

१.२.१ ल कमिसन, २०१० ३

१.२.२ ल कमिसन, २०१७ ४

१.२.३ कानून आयोग, २०२० ५

१.२.४ कानून आयोग, २०२९ ५

१.२.५ कानून सुधार आयोग, २०३६ ६

१.२.६ नेपाल कानून सुधार आयोग, २०४१ ७

१.२.७ नेपाल कानून सुधार आयोग, २०५९ ८

१.२.८ नेपाल कानून आयोग ९

१.२.८.१ आयोगको स्थापना ९

१.२.८.२ आयोगको गठन ९

१.२.८.३ आयोगमा कार्यरत पदाधिकारीहरू ११

१.२.८.४ आयोगको सङ्गठनात्मक संरचना १२

१.३ आयोगको काम, कर्तव्य र अधिकार १२

१.४ आयोगमा उपलब्ध साधन स्रोत १४

१.४.१ मानव स्रोत १४

१.४.२ भौतिक स्रोत साधन १५

१.४.३ आयोगको वित्तीय स्थिति १६

१.५ वार्षिक प्रतिवेदनको संरचना १६

## परिच्छेद-दुई

## कानून सुधारमा आयोगको भूमिका

२.१ आयोगको भूमिका १८

२.१.१ कानूनको मस्यौदा तर्जुमा १८

२.१.२ कानूनको पुनरवलोकन १८

२.१.३ कानून निर्माणमा एकरूपता १९

२.१.४ कानून संशोधनका लागि सुझाव २०

२.१.५ कानूनको विद्युतीय अभिलेख २०

२.१.६ परामर्श, छलफल तथा अन्तरक्रिया २०

२.१.७ सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन २०

२.२ कानून तर्जुमा गर्दा अवलम्बन गरिने अभ्यास २१

## परिच्छेद-तीन

## आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम र कार्यप्रगति

३.१ आयोगको वार्षिक कार्यक्रम २२

३.२ आर्थिक वर्ष २०८०/८१ मा सम्पादित कार्यहरू २४

३.२.१ आयोगबाट तर्जुमा गरिएका कानून मस्यौदा २४

३.२.२ छलफल तथा अन्तरक्रिया २६

३.२.३ अध्ययन प्रतिवेदन २८

३.२.४ अन्तरक्रिया कार्यक्रम ३५

३.२.५ प्रशिक्षार्थी (इन्टर्न) कार्यक्रम सञ्चालन ३८

३.२.६ वेबसाइटमा कानूनको परिमार्जन र संशोधन अद्यावधिक ३९

३.२.७ आयोगमा सूचना प्रविधिको प्रयोग ३९

३.२.८ कानूनी शब्दकोश निर्माण ४१

३.२.९ कर्मचारीको क्षमता अभिवृद्धि तालिम ४२

३.२.१० आयोगले हालसम्म तर्जुमा गरेका विधेयक मस्यौदा ४४

## परिच्छेद-चार

## सुझाव तथा सिफारिस

४.१ कानून निर्माणको क्षेत्र ४५

४.१.१ राष्ट्रिय युवासम्बन्धी कानूनलाई संशोधन र एकीकरण सम्बन्धमा ४५

४.१.२ अभियोग प्रमाणित नभएका कारण भोग्नुपर्ने सजाय बापत भुक्तान गर्नुपर्ने क्षतिपूर्ति सम्बन्धमा ४६

४.२ अध्ययन तथा अनुसन्धानको क्षेत्र ४७

४.२.१ सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी नजिरको सम्बन्धमा ४७

४.२.२ नेपालमा कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स, ए.आई.) प्रयोग सम्बन्धमा ४८

४.२.३ नेपालमा डिम्बदानसम्बन्धी कानूनी व्यवस्था र यसको आवश्यकता सम्बन्धमा ४९

४.२.४ प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा पाए सरह

| | | |
|---|---|---|
| | वा सोसरह पदावली को प्रयोग र प्रभाव सम्बन्धमा | ४९ |
| ४.३ | प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास | ५० |
| ४.४ | आयोगको विगतका सिफारिस तथा सुझावहरूको कार्यान्वयन | ५० |

## परिच्छेद-पाँच

## अवसर र चुनौतीहरू

| | | |
|---|---|---|
| ५.१ | अवसरहरू | ५१ |
| ५.२ | चुनौतीहरू | ५२ |

## परिच्छेद-छ

## नेपाल कानून आयोगको भूमिका प्रभावकारी बनाउने उपाय

| | | |
|---|---|---|
| ६.१ | आयोगलाई बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्ने | ५३ |
| ६.२ | ऐनको मस्यौदा एकद्वार प्रणालीबाट गर्ने | ५५ |
| ६.३ | कार्यान्वयन गर्नुपर्ने विषय | ५५ |
| ६.४ | आधुनिक स्तरको पुस्तकालय निर्माण गर्ने | ५६ |
| ६.५ | पर्याप्त स्रोत साधनको व्यवस्था हुनुपर्ने | ५६ |
| ६.६ | भौतिक पूर्वाधारको व्यवस्था | ५७ |
| ६.७ | जनशक्ति व्यवस्थापन | ५८ |
| ६.८ | वृत्ति विकास र व्यावसायिकताको विकास | ५९ |

## अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची-१ | वि.सं.२०१० सालदेखि हालसम्म आयोगका अध्यक्षहरूको नामावली | ६० |
| अनुसूची-२ | वि.सं.२०६० सालदेखि हालसम्म आयोगका उपाध्यक्षहरूको नामावली | ६१ |
| अनुसूची-३ | आयोगका सचिवहरूको नामावली | ६२ |
| अनुसूची-४ | आयोगको सङ्गठनात्मक संरचना | ६३ |
| अनुसूची-५ | कर्मचारीको स्वीकृत दरबन्दी विवरण | ६४ |
| अनुसूची-६ | कार्यरत कर्मचारीको नामावली | ६५ |
| अनुसूची-७ | आयोगको सवारी साधन तथा भौतिक स्रोत साधनहरूको विवरण | ६७ |
| अनुसूची-८ | आयोगको आ.व. २०८१/८२ वित्तीय प्रगति विवरण | ६८ |
| अनुसूची-९ | आयोगको आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम | ७० |
| अनुसूची-१० | आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट तर्जुमा भई सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयक मस्यौदाको पूर्ण पाठ | ७७ |
| | (१) उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक | ७७ |
| | (२) परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १३१ |
| अनुसूची-११ | इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरूको नामावली | १५० |
| अनुसूची-१२ | आयोगको वेबसाइटमा रहेका कानून विवरण | १५१ |
| अनुसूची-१३ | आयोगले स्थापना कालदेखि हालसम्म तर्जुमा गरेका विधेयक मस्यौदाको सूची | १५२ |

# परिच्छेद-एक

# परिचय

## १.१ पृष्ठभूमि

राज्य सञ्चालनको लागि कानून अपरिहार्य माध्यम र समाजको प्रतिबिम्ब हो। समाजको गतिशिलता र विकाससँगै मानवीय व्यवहार, आचरण र सम्बन्ध क्रमशः परिवर्तन हुँदै जाँदा कानून पनि परिवर्तन हुँदै जान्छन्। कानूनको समयानुकूल परिवर्तनले नागरिक अधिकारको रक्षा र राज्यको आर्थिक तथा सामाजिक संरचनामा समेत परिवर्तन गर्न सकिन्छ। समाजमा शान्ति, सुरक्षा, सुव्यवस्था तथा अमनचयन कायम राख्न, समतामूलक समाजको सृजना गर्न र सामाजिक विभेदलाई अन्त्य गरी राज्यप्रति अपनत्व तथा विश्वास कायम राख्न कानूनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। तर्कपूर्ण, युक्तियुक्त, न्यायसङ्गत र गुणस्तरीय कानून मात्र असल र उपयुक्त कानूनको दायराभित्र पर्न आउँछ। असल कानूनले समाजलाई सही दिशामा डोऱ्याउँछ।

सामाजिक परिवर्तनसँगै परिवर्तित मानवीय व्यवहार, आचरण र सम्बन्धलाई सहजीकरण र नियमन गर्ने विद्यमान कानूनमा समसामयिक सुधार, संशोधन तथा परिमार्जन गर्नुपर्ने हुन्छ भने प्रयोगमा नआएका कानून खारेज गरी नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ। कानूनको आवश्यकता र औचित्यका आधारमा अध्ययन, अनुसन्धान, विचार विमर्श एवम् छलफलको माध्यमबाट समयसापेक्ष कानून निर्माण गरी सर्वस्वीकार्य कानूनी प्रणालीको विकास गर्न मद्दत पुग्ने हुँदा सोही उद्देश्यले कानून तर्जुमा गर्न विभिन्न संस्थागत र प्रक्रियागत व्यवस्थाहरू हुँदै आएका छन्।

विद्यमान कानूनमा समयानुकूल संशोधन, परिमार्जन, पुनरवलोकन र सुधार गर्दै राज्यको आवश्यकता अनुसार समयसापेक्ष कानून तर्जुमा, संहिताकरण र एकीकरण गर्ने उद्देश्यले विश्वका विभिन्न कानून आयोग, कानून सुधार आयोग, कानून पुनरवलोकन आयोग, कानून तथा न्याय आयोग, कानून सुधार सल्लाहकार समिति, कानून संशोधन समिति, कानून सुधार समिति, कानून पुनरवलोकन सल्लाहकारको कार्यालय वा कानून सुधार संस्थान लगायतका नामले कानून आयोग स्थापना गरिएको पाइन्छ। त्यस्ता आयोगलाई कानून संशोधन तथा एकीकरणको मस्यौदा तयार गर्ने, पुराना कानून

अद्यावधिक गर्ने र प्रयोगमा नरहेका कानून खारेज गर्ने सम्बन्धमा सिफारिस गर्ने लगायतका जिम्मेवारी तोकिएको देखिन्छ। नेपालको हकमा नेपाल कानून आयोग (यसपछि "आयोग" भनिएको) विधिवत रूपमा स्थापना भई कार्य गर्दै आएको छ।

## १.२ आयोगको विकासक्रम

नेपालमा औपचारिक रूपमा कानून निर्माण तथा न्याय सम्पादनको संस्थागत विकास हुनुअघि विभिन्न धार्मिक ग्रन्थ र शास्त्रहरूका आधारमा शासन सञ्चालन गर्ने गरिएको पाइन्छ। किराँतकालमा देशको शासन विधान किराँत समुदायको पवित्र ग्रन्थ किराँत मुन्धुमद्वारा सञ्चालित थियो। लिच्छविकालमा विभिन्न धर्मशास्त्र अनुसार न्याय प्रशासन सञ्चालन गर्ने गरेको र धर्मशास्त्रले नसमेटेका विषयमा राजाज्ञा जारी गरी शासन सञ्चालन गर्ने गरेको पाइन्छ। सोही कालमा राजा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्वानहरूसँग छलफल गरी लोक व्यवहारअनुसार कानून बनाएको इतिहास छ।

मल्लकालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न "विद्वानहरूको समिति" बनाएका थिए। उनले कानूनका विद्वानहरूको सहायता लिई गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्यायशास्त्र समेतका चारवटा कानून बनाई जारी गरेको पाइन्छ। त्यसैगरी शाहकालमा राजा राम शाहले विभिन्न थितिको व्यवस्था गरी तत्कालीन समयको न्याय व्यवस्था र कानूनलाई समयानुकूल सुधार गर्दै उदार बनाएका थिए। सोही कारणले नै "न्याय नपाए गोरखा जानु" भन्ने लोकोक्ति चलेको पाइन्छ। राणा शासनकालमा जङ्गबहादुर राणाले वि.सं. १९१० सालमा कानून मस्यौदा गर्न "कौशल अड्डा" गठन गरी २१० जना पदाधिकारीलाई मुलुकी ऐनको मस्यौदा बनाउन लगाएका थिए। सो मुलुकी ऐन नेपालको कानूनी इतिहासमा पहिलो संहिताबद्ध कानून हो। त्यसपछि वि.सं. १९९३ सालमा कम्पनी ऐन, पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन र वि.सं. १९९४ सालमा नेपाल बैङ्क सम्बन्धी ऐन बनेका थिए।

वि.सं. २००७ सालको परिवर्तन पछि कानून सुधारको क्षेत्रमा विशेष प्रयास सुरु भएको देखिन्छ। सोही क्रममा नयाँ कानून निर्माण गर्ने, कानूनको संहिताकरण गर्ने तथा भइरहेका कानूनको पुनरवलोकन गरी आवश्यकता अनुसार संशोधन गर्ने

लगायतका जिम्मेवारी प्रदान गरी कानून आयोग गठन गरिएको पाइन्छ। नेपालमा विभिन्न समयमा देहायबमोजिमका कानून आयोग गठन भएका छन्:-

### १.२.१ ल कमिसन, २०१०

वि.सं. २००९ सालको बुच कमिसनले कानून आयोग गठन गर्न नेपाल सरकारलाई सिफारिस गरे बमोजिम तत्कालीन मन्त्रिमण्डलको मिति २०१०।०९।०६ को बैठकले निर्णय गरी पहिलोपटक देहायबमोजिम ल कमिसन गठन गरेको थियोः-

| | |
|---|---|
| (क) बडाकाजी माणिकलाल राजभण्डारी | - चेयरम्यान |
| (ख) सदर अपिल दोस्राका हाकिम प्रो. रत्नबहादुर बिष्ट | - सदस्य |
| (ग) प्रधान न्यायालयका मेम्बर प्रो. डम्बरबहादुर सिंह | - सदस्य |
| (घ) सदर अपिल पहिलाका हाकिम सुब्बा शम्भुप्रसाद ज्ञवाली | - सदस्य |
| (ङ) सरदार कृष्णबहादुर | - सदस्य |
| (च) मिर सुब्बा नरदेव पन्त | - सदस्य |
| (छ) मिर सुब्बा हरिबहादुर | - सदस्य |
| (ज) प्रचार विभागका डाइरेक्टर वासुदेव शर्मा | - सचिव |

ल कमिसनले मिति २०१०।०९।१३ बाट कार्य प्रारम्भ गरेको थियो। कमिसनले महिनामा कम्तीमा तीन पटक साधारण सभा गर्नुपर्ने र सो सभामा कमिसनका पदाधिकारीका साथै प्रधान न्यायाधीश, एटर्नी जनरल, एकाउन्टेन्ट जनरल, कानून सेक्रेटरी र गृह सेक्रेटरी तथा अन्य विषय विज्ञलाई बोलाउनुपर्ने व्यवस्था गरिएको थियो।

काम कारबाही सुचारू रूपले चलाउन कमिसनलाई देहायका तीन सेक्सनमा बाँड्ने व्यहोरा उल्लेख भएको पाइन्छः-

(क) देवानी विषयक ऐन, सवाल, सनदको सेक्सन,

(ख) फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन,

(ग) मालको सवाल, अड्डा अड्डालाई भएका सवाल र श्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन।

यस कमिसनलाई *नेपालको अन्तरिम शासन विधान, २००७* मा रहेका राज्यका निर्देशक सिद्धान्तसँग बाझिएका प्रचलित नेपाल कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसँग अनुकूल हुनेगरी कानून बनाउने, छरिएर रहेका कानूनी दस्तावेजहरूलाई एकत्रित गरी संहिताकरण गर्ने र नयाँ ऐनका मस्यौदा तयार गरी सुझाव सिफारिस गर्ने काम, कर्तव्य र अधिकार तोकिएको थियो। यसका अतिरिक्त कमिसनलाई आफ्नो काम कारबाहीका सम्बन्धमा आवश्यक नियम बनाउने अधिकार पनि रहेको थियो। कमिसनले वि.सं. २०१२ सालमा नेपाल दण्ड विधानको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेस गरेको थियो।

### १.२.२ ल कमिसन, २०१७

मिति २०१७।०६।२७ मा पुनः दुई वर्षका लागि दोस्रो ल कमिसन गठन गरिएको थियो। यस कमिसनको गठन देहाय बमोजिम रहेको थियो:-

(क) सर्वोच्च अदालतका न्यायाधीश श्री नयनबहादुर खत्री - अध्यक्ष

(ख) मध्यमाञ्चल उच्च अदालतका मुख्य न्यायाधीश - सदस्य

(ग) एटर्नी जनरल श्री शम्भुप्रसाद ज्ञवाली - सदस्य

(घ) सचिव श्री कृष्णप्रसाद उपाध्याय, कानून र संसदीय प्रबन्ध मन्त्रालय - सदस्य

(ङ) श्री ५ को सरकारबाट मनोनीत गैरसरकारी व्यक्ति (तीन जना) मा भू.पू.न्यायाधीश श्री मुक्तिकान्त मैनाली

र मि.सु. श्री महन्तलाल जोशी (एक जना पछि मनोनयन गरिएको) - सदस्य

छोटो अवधिमा यस कमिसनले नयाँ मुलुकी ऐनको मस्यौदा तयार गरी कानूनको आधुनिकीकरणको काम थालनी गरेको थियो।

### १.२.३ कानून आयोग, २०२०

मन्त्रिपरिषद्को मिति २०२०।१०।०८ को निर्णयबाट तेस्रो पटक कानून आयोग गठन भएको थियो। सो आयोगलाई अघिल्लो ल कमिसनलाई दिइएको अधिकारका अतिरिक्त कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा, संशोधन, संहिताकरण लगायतको थप कार्य सम्पादन गर्ने जिम्मेवारी तोकिएको थियो। सो आयोगको गठन देहायबमोजिम रहेको थियोः-

(क) श्री विनोदप्रसाद धिताल, सहसचिव, कानून मन्त्रालय - पदेन अध्यक्ष

(ख) श्री निरकुमार क्षेत्री - सदस्य

(ग) श्री टोपबहादुर सिंह - सदस्य

(घ) श्री हेरम्बराज - सदस्य

(ङ) श्री विश्वनाथ उपाध्याय, उपसचिव, कानून मन्त्रालय - सदस्य-सचिव

सुरुमा एक वर्ष कार्यकाल रहेकोमा पटक पटक थप हुँदै वि.सं. २०२७ सालसम्म यो आयोगको कार्यकाल रहेको थियो।

### १.२.४ कानून आयोग, २०२९

कार्यकारिणी आदेशबाट नै पुनः मिति २०२९।०२।१९ मा चौंथो पटक कानून आयोग गठन भएको थियो। सो आयोगलाई प्रचलित नेपाल कानूनमा (विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाण सम्बन्धी कानूनमा) रहेका कानूनी अभाव र त्रुटिहरू हटाई सरल, वैज्ञानिक र व्यावहारिक रूप दिई

छुट्टाछुट्टै ऐनहरूको तर्जुमा गर्ने कार्यदिश रहेको थियो। सो आयोगको गठन देहाय बमोजिम रहेको थियोः-

(क) श्री नयनबहादुर खत्री, न्यायाधीश, सर्वोच्च अदालत,
अध्यक्ष, न्यायिक समिति - अध्यक्ष

(ख) श्री विश्वनाथ उपाध्याय, अस्थायी न्यायाधीश,
सर्वोच्च अदालत - सदस्य

(ग) श्री रमानन्दप्रसाद सिंह, महान्यायाधिवक्ता - सदस्य

(घ) श्री कृष्णप्रसाद पन्त, सदस्य, न्यायिक समिति - सदस्य

(ङ) श्री चुडामणिराज सिंह मल्ल, सचिव, कानून मन्त्रालय - सदस्य-सचिव

यस आयोगले प्रमाण ऐन तथा अपराध संहिताको मस्यौदा तयार गरी तत्कालीन श्री ५ समक्ष पेस गरेको थियो। सो आयोग मिति २०३३।११।२३ मा विघटन भएको थियो।

### १.२.५ कानून सुधार आयोग, २०३६

तत्कालीन श्री ५ को सरकारको मिति २०३६।०८।२३ को निर्णय अनुसार पाँचौ पटक कानून सुधार आयोग गठन भएको थियो। सो आयोगको गठन देहाय बमोजिम रहेको थियोः-

(क) श्री विश्वनाथ उपाध्याय, न्यायाधीश, सर्वोच्च अदालत - अध्यक्ष

(ख) महान्यायाधिवक्ता - सदस्य

(ग) श्री निरकुमार क्षेत्री, सदस्य, न्यायिक समिति - सदस्य

(घ) सचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य-सचिव

(ङ) श्री धिरेन्द्रबहादुर बिष्ट - सह-सदस्य

(च) श्री मृगेन्द्रबहादुर प्रधानाङ्ग - सह-सदस्य

(छ) श्री वेदव्यास क्षेत्री - सह-सदस्य

(ज) श्री शमशेरराज वन्त - सह-सदस्य

यस आयोगलाई नेपालको कानून प्रणालीमा गर्नुपर्ने सुधार पहिचान गरी तत्सम्बन्धमा गर्नुपर्ने नीति तयार गर्ने, अपराध संहिता र अपराध कार्यविधि संहिताको मस्यौदामा प्राप्त सुझावलाई अध्ययन गरी मस्यौदामा समावेश गरी अद्यावधिक गर्ने र दण्ड सजाय सम्बन्धी नीति, हर्जाना, क्षतिपूर्ति लगायतका विषयमा कानूनी सुधार गर्ने जिम्मेवारी दिइएको थियो।

### १.२.६ नेपाल कानून सुधार आयोग, २०४१

तत्कालीन श्री ५ को सरकारको मिति २०४१।०८।२१ को निर्णयबाट पूर्ववत् जिम्मेवारीका लागि सोही दिन स्थायी रूपमा पहिलो पटक नेपाल कानून सुधार आयोग गठन भएको थियो। यस आयोगको गठन देहायबमोजिम रहेको थियोः-

(क) श्री विश्वनाथ उपाध्याय, न्यायाधीश, सर्वोच्च अदालत - अध्यक्ष

(ख) महान्यायाधिवक्ता - पदेन सदस्य

(ग) न्यायिक समितिका सदस्य मध्ये श्री ५ को सरकारले तोकेको सदस्य (श्री निरकुमार क्षेत्रीलाई तोकेको) - पदेन सदस्य

(घ) सचिव, कानून तथा न्याय मन्त्रालय - पदेन सदस्य

(ङ) श्री टोपबहादुर सिंह - सदस्य

(च) श्री वेदव्यास क्षेत्री, सहसचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य-सचिव

(छ) श्री धिरेन्द्रबहादुर बिष्ट, अधिवक्ता - सह-सदस्य

(ज) श्री भानुराज अर्याल, अधिवक्ता - सह-सदस्य

(झ) श्री मृगेन्द्रबहादुर प्रधानाङ्ग - सह-सदस्य

यो आयोग मिति २०५७।०१।१९ सम्म कार्यरत रहेको थियो।

### १.२.७ नेपाल कानून सुधार आयोग, २०५९

तत्कालीन श्री ५ को सरकारको मिति २०५९।११।१६ को निर्णयानुसार नेपाल कानून सुधार आयोगको अध्यक्ष पदमा श्री निरञ्जन थापा र सदस्य पदमा विनोदकुमार देवकोटालाई पाँच वर्षको लागि नियुक्त गरिएको थियो। तत्पश्चात् न्याय परिषद्का सचिव र महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्तालाई आयोगको पदेन सदस्य रहने गरी तोकिएको थियो।

यस आयोगलाई नयाँ कानून निर्माण गर्ने वा भइरहेका कानूनको संशोधन गर्ने सम्बन्धमा मस्यौदा गर्ने तथा सरकारलाई परामर्श दिने, तर्जुमा गरिने कानूनका सम्बन्धमा गोष्ठी, सेमिनार, अन्तरक्रिया गर्ने, परामर्श सेवा लिने, आवश्यकता अनुसार कार्यदल वा कार्यटोली गठन गरी मस्यौदा तर्जुमा गर्ने, गराउने, प्रचलित कानूनको पुनरवलोकन गर्ने र त्यसमा हुनुपर्ने सुधारका सम्बन्धमा समय-समयमा सरकारलाई सुझाव दिने, *नेपाल अधिराज्यको संविधान, २०४७* बमोजिम बनाउन बाँकी रहेका कानूनको मस्यौदा गरी सरकार समक्ष पेस गर्ने, सरकारले तोकिदिएको विषयमा कानूनको संहिताकरण गरी मस्यौदा तयार गर्ने, कानून निर्माण, संहिताकरण तथा कानून कार्यान्वयनको क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने, गराउने र सरकारले समय-समयमा तोकिदिएका अन्य कार्य गर्ने विस्तृत जिम्मेवारी प्रदान गरिएको थियो।

यसरी विभिन्न समयमा सरकारको कार्यकारी आदेशबाट कार्य क्षेत्रगत सर्तहरू तोकी विभिन्न मितिमा विभिन्न नामबाट आयोगहरू गठन हुँदै आएकोमा तत्कालीन आयोगहरूले प्रभावकारी कार्यसम्पादन गरी महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

## १.२.८ आयोगको स्थापना, गठन र सङ्गठनात्मक संरचना

### १.२.८.१ आयोगको स्थापना

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन गर्ने, कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले मिति २०६३।०९।३० मा *नेपाल कानून आयोग ऐन, २०६३* प्रमाणीकरण भई आयोगको स्थापना भएको छ।

### १.२.८.२ आयोगको गठन

ऐनको दफा ४ को उपदफा (१) मा आयोगको गठन देहायबमोजिम हुने व्यवस्था छः-

(क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(च) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(छ) सचिव, आयोग - सदस्य-सचिव

वि.सं. २०६३ सालमा ऐनद्वारा स्थापना भएपछिको पहिलो आयोगको गठन देहायबमोजिम रहेको थियोः-

(क) श्री बाबुराजा जोशी - अध्यक्ष

(ख) श्री हरिप्रसाद न्यौपाने - उपाध्यक्ष

(ग) श्री कुलरत्न भुर्तेल, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) श्री माधवप्रसाद पौडेल, सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) श्री सूर्यप्रसाद कोइराला, का. मु. नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(च) श्री मोहनप्रसाद बन्जाडे, सचिव, आयोग - सदस्य-सचिव

आयोगको कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा पहिलेका आयोगहरू भन्दा यो आयोग अधिकार सम्पन्न निकायको रूपमा स्थापित भएको छ। यसरी राज्यको शासन व्यवस्था सञ्चालनको लागि कानून सुधार एक निरन्तर प्रक्रियाको रूपमा स्वीकार गरिएको छ।

### १.२.८.३ आयोगमा कार्यरत पदाधिकारी

आर्थिक वर्ष २०८१/८२ मा आयोगमा देहाय बमोजिमका पदाधिकारी कार्यरत रहनु भएको थियोः-

(क) श्री जागेश्वर सुवेदी - अध्यक्ष

(ख) प्रा.डा. लक्ष्मीप्रसाद मैनाली - उपाध्यक्ष

(ग) श्री पाराश्वर ढुङ्गाना[१], सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) श्री फणिन्द्र गौतम, सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) डा. टेक बहादुर घिमिरे, नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(च) श्री आलोक चन्द्र श्रेष्ठ[२], सचिव, आयोग - सदस्य-सचिव

---

[१] श्री उदयराज सापकोटा मिति २०८२।०२।२७ सम्म र त्यस उप्रान्त मिति २०८२।०३।०४ गतेदेखि श्री पाराश्वर ढुङ्गाना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव रही आयोगको सदस्य रहनुभएको।

[२] मिति २०८१।०४।०६ गतेसम्म श्री तोयानाथ अधिकारी, मिति २०८१।०४।२२ गतेदेखि श्री पाराश्वर ढुङ्गाना र त्यस उप्रान्त मिति २०८१।०९।०१ गतेदेखि श्री आलोक चन्द्र श्रेष्ठ आयोगको सदस्य-सचिव रहनुभएको।

ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरूको पद रिक्त रहेको छ। वि.सं. २०१० सालदेखि हालसम्मका आयोगका अध्यक्षहरूको नामावली अनुसूची-१, वि.सं. २०६० सालदेखि हालसम्मका उपाध्यक्षहरूको नामावली अनुसूची-२ र हालसम्मका आयोगमा कार्य गरेका सचिवहरूको नामावली अनुसूची-३ मा राखिएको छ।

#### १.२.८.४ आयोगको सङ्गठनात्मक संरचना

आयोगबाट हुने काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन्। आयोगमा हालको सङ्गठन संरचना अनुसार नेपाल न्याय सेवा, नेपाल प्रशासन सेवा र विविध सेवाका गरी ३४ जना कर्मचारीहरूको स्वीकृत दरबन्दी रहेको छ। आयोगको सङ्गठनात्मक संरचना अनुसूची-४ मा राखिएको छ।

### १.३ आयोगको काम, कर्तव्य र अधिकार

आयोगले कानूनको तर्जुमा, संहिताकरण, प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने जिम्मेवारी पाएको छ। ऐनको दफा १० बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्ः-

(क) नयाँ कानून बनाउने, विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेस गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण, पुनरवलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेस गर्ने,

(ङ) हाल प्रयोग नभएका, एकआपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन, पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने,

(च) अन्तरराष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरवलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय, संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने, सो सम्बन्धमा सम्बन्धित निकाय, संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रकृयामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव सङ्कलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेस गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने।

ऐनको दफा २१ मा कानून तर्जुमा सम्बन्धी काममा आवश्यकता अनुसार आयोगलाई संलग्न गराउन सकिने व्यवस्था छ भने दफा २२ मा आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

यसैगरी, *विद्यायन ऐन, २०८१* को दफा ५ मा सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमा गर्न आयोगलाई अनुरोध गर्न सक्ने व्यवस्था गरिएको छ।

## १.४ आयोगमा उपलब्ध साधन स्रोत

हाल आयोगमा उपलब्ध रहेको साधन स्रोतको अवस्था देहाय बमोजिम रहेको छः-

### १.४.१ मानव स्रोत

सङ्गठनको उद्देश्य हासिल गर्ने प्रमुख स्रोतको रूपमा मानव स्रोत रहेको हुन्छ। मानव स्रोतको अभावमा कुनै पनि सङ्गठनले अपेक्षित सफलता हासिल गर्न सक्दैन। आयोगमा ३४ जना कर्मचारीको स्वीकृत दरबन्दी रहेको छ। स्वीकृत दरबन्दी बाहेक अध्यक्ष तथा उपाध्यक्षको कानून बमोजिम प्राप्त हुने सुविधा अन्तर्गत हलुका सवारी चालक दुई जना करारमा रहेका छन्। आयोगको कर्मचारीको स्वीकृत दरबन्दी विवरण अनुसूची-५ मा र सोही दरबन्दी अनुरूप आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची-६ मा राखिएको छ।

### १.४.२ भौतिक स्रोत साधन

#### (क) आयोगको भवन

नियमित र व्यवस्थित रूपमा कार्यालय सञ्चालनमा उपयुक्त भौतिक पूर्वाधारले समेत महत्त्वपूर्ण भूमिका खेल्नुका साथै कार्य वातावरण समेत सृजना गर्छ। वि.सं. २०७२ साल अघि आयोग सिंहदरबार परिसरभित्र हालको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको भवनमा रहेको थियो। वि.सं. २०७२ साल बैशाख १२ गतेको महाभूकम्प पश्चात् आयोगले काठमाडौंको नयाँ बानेश्वर स्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्र विकास समितिको परिसरभित्र रहेको सो समितिको प्रि-फ्याव टहराहरू भाडामा लिई कार्यालय सञ्चालन गर्दै आइरहेको हुँदा नेपाल सरकारको आर्थिक व्ययभार समेत बढ्न गएको छ। हालसम्म आयोगको आफ्नो स्वामित्वमा जग्गा र भवन रहेको छैन। आयोगमा रहेको भौतिक स्रोत साधन तथा सवारी साधनहरूको विवरण अनुसूची-७ मा राखिएको छ।

#### (ख) पुस्तकालय

पुस्तकालयलाई ज्ञान आर्जनको स्रोतको रूपमा लिइन्छ। वि.सं. २०३६ सालदेखि आयोगमा पुस्तकालय रहेको छ। आयोगको पुस्तकालयमा हरेक क्षेत्रलाई समेट्ने पुस्तकहरू राख्न हरसम्भव प्रयास गरिएको छ। आयोगलाई आवश्यक पर्ने र कानूनको अध्ययन, अनुसन्धान गर्ने व्यक्ति वा सङ्घ संस्थालाई आवश्यक पर्ने अध्ययन सामग्री सहित हाल पुस्तकालयमा आयोगले खरिद गरेका तथा विभिन्न व्यक्ति, सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न विषयसँग सम्बन्धित करिब पाँच हजार पाँच सयको संख्यामा पुस्तकहरू रहेका छन्। उपयुक्त स्थानको अभावमा पुस्तकालय व्यवस्थित गर्न सकिएको छैन।

### १.४.३ आयोगको वित्तीय स्थिति

नेपाल सरकारको वित्तीय स्रोतबाट आयोगले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। आयोगको सम्पूर्ण कार्यक्रम सञ्चालनको लागि आर्थिक रूपले नेपाल सरकारबाट प्राप्त हुने स्रोतमा पूर्ण रूपमा भर पर्नुपर्ने अवस्था रहेको छ।

आर्थिक वर्ष २०८१/८२ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालु खर्च) अन्तर्गत रू. ४,९०,६७,३३९।– (चार करोड नब्बे लाख सतसट्ठी हजार तीन सय उन्नचालिस रूपैयाँ) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रू. ४,२९,०००।- (चार लाख उन्नतीस हजार रूपैयाँ) वार्षिक बजेट प्राप्त भएको थियो। आयोगको वित्तीय प्रगतिको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः-

| बजेट उपशीर्षक | बजेट शीर्षक | विनियोजित वार्षिक बजेट (रू.) | कूल खर्च (रू.) | कूल वित्तीय प्रगति |
|---|---|---|---|---|
| ३११२१०११३ | चालु | ४,९०,६७,३३९।- | ३,७८,०८,५३१.९६।- | ७७.०५% |
| ३११२१०११४ | पूँजीगत | ४,२९,०००।- | ४,२५,४१७।- | ९८.९८% |

आयोगको आर्थिक वर्ष २०८१/८२ को वित्तीय प्रगतिको विस्तृत विवरण अनुसूची-८ मा राखिएको छ।

## १.५ वार्षिक प्रतिवेदनको संरचना

ऐनको दफा २२ बमोजिम आर्थिक वर्ष २०८१/८२ मा आयोगबाट सम्पादित काम कारबाहीको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा समावेश भएका विषयवस्तु देहाय बमोजिम रहेका छन्ः-

- **परिच्छेद-एक** परिचय शीर्षकमा आयोगको पृष्ठभूमि, विकासक्रम, स्थापना, गठन, सङ्गठनात्मक संरचना, काम, कर्तव्य तथा अधिकार र आयोगमा उपलब्ध साधन स्रोत सम्बन्धी विवरण राखिएको छ।

- **परिच्छेद-दुई** कानून सुधारमा आयोगको भूमिका शीर्षकमा कानूनको मस्यौदा तर्जुमा, कानूनको पुनरवलोकन, कानून निर्माणमा एकरूपता, कानूनको संशोधनका लागि सुझाव, कानूनको विद्युतीय अभिलेख, परामर्श, छलफल तथा अन्तरक्रिया, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन र कानून तर्जुमा गर्दा अवलम्बन गरिने अभ्यास लगायतका भूमिका प्रस्तुत गरिएको छ।

- **परिच्छेद-तीन** आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम तथा कार्य प्रगति शीर्षकमा आयोगको वार्षिक कार्यक्रम र सम्पादित कार्यहरू समावेश गरिएका छन्।

- **परिच्छेद-चार** सुझाव तथा सिफारिस शीर्षकमा कानून निर्माण, अध्ययन अनुसन्धान, प्रविधिमैत्री आयोग र जनशक्ति विकासका विषयहरूमा कार्यान्वयनको लागि सिफारिस तथा सुझावहरू पेस गरिएका छन्।

- **परिच्छेद-पाँच** अवसर र चुनौती शीर्षकमा आयोगका अवसर र चुनौती सम्बन्धी विषयहरू प्रस्तुत गरिएका छन्।

- **परिच्छेद-छ** आयोगको भूमिका प्रभावकारी बनाउने उपाय शीर्षकमा आयोगलाई कानूनको क्षेत्रमा बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्ने, ऐनको मस्यौदा एकद्वार प्रणालीबाट गर्ने, ऐनमा भएका व्यवस्था कार्यान्वयन गर्ने, आधुनिक स्तरको पुस्तकालय निर्माण गर्ने, पर्याप्त स्रोत साधनको व्यवस्था, भौतिक पूर्वाधारको व्यवस्था, जनशक्ति व्यवस्थापन, वृत्ति विकास र व्यावसायिकताको विकास गर्ने समेतका उपायहरू समावेश गरिएका छन्।

# परिच्छेद-दुई

# कानून सुधारमा आयोगको भूमिका

## २.१ आयोगको भूमिका

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनमा संशोधन, एकीकरण र पुनरवलोकन गर्न तथा कानून र न्यायसम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य समेत सम्पादन गर्नका लागि ऐन बमोजिम आयोगको स्थापना भएको हो। नयाँ कानून निर्माण वा विद्यमान कानूनको सुधारका लागि अध्ययन तथा अनुसन्धानमा आयोगको महत्त्वपूर्ण भूमिका रही आएको छ। कानून सुधारमा आयोगको भूमिका देहायबमोजिम रहेको छः-

### २.१.१ कानूनको मस्यौदा तर्जुमा

आयोगले ऐनको दफा १० को अधीनमा रही कानूनको मस्यौदा तर्जुमा गर्ने कार्य गर्दछ। आयोगले कानूनको मस्यौदा तर्जुमा गर्दा संविधान, *विधायन ऐन, २०८१, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७* लगायतका सङ्घीय कानून, अन्तरराष्ट्रिय दायित्व, मापदण्ड र अन्य देशका सर्वोत्तम अभ्यास, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतलाई दृष्टिगत गरी सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने गर्दछ। नेपालको समसामयिक विषयवस्तु अनुकूल हुने गरी आयोगले कानूनको नयाँ वा संशोधन मस्यौदा तर्जुमा गर्छ। आयोगले सम्बन्धित मन्त्रालयका प्रतिनिधि समेत राखी सरोकारवालाको परामर्श र पृष्ठपोषण समेतका आधारमा मस्यौदा तर्जुमा गर्दै आएको छ। यसरी तयार गरेको कानूनको मस्यौदालाई नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्ने गर्दछ।

### २.१.२ कानूनको पुनरवलोकन

ऐनको दफा १० ले आयोगलाई कानूनको पुनरवलोकन गरी कानून संशोधन वा एकीकरण गर्ने जिम्मेवारी प्रदान गरेको छ। आयोगले प्रचलित कानूनको सुधार र परिमार्जन गर्न प्रचलित कानूनमा संशोधन गर्नुपर्ने देखेमा संशोधन

मस्यौदा तर्जुमा गरी सिफारिस सहित नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्ने गर्छ। त्यसैगरी आयोगले निष्क्रिय रहेका र हाल व्यवहारिक रूपमा प्रचलनमा नरहेका कानूनको पहिचान गरी खारेज गर्न नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदनमार्फत सिफारिस गर्दै आइरहेको छ।

### २.१.३ कानून निर्माणमा एकरूपता

नेपाल सरकारका मन्त्रालयबाट कानूनको तर्जुमा गर्दा एकरूपता नदेखिएको र भाषा, शैली तथा ढाँचा फरक-फरक पाइएको हुँदा कानूनको व्याख्या र कार्यान्वयनमा असहजता हुन सक्ने अवस्थालाई मध्यनजर गरी कानून तर्जुमामा एकरूपता कायम गर्न आयोगले *कानून तर्जुमा दिग्दर्शन* प्रकाशन गरी वेबसाइटमा राखेको छ।

कानून तर्जुमा, कार्यान्वयन वा व्याख्या गर्दा कानूनका मूलभूत मूल्य, मान्यता र सिद्धान्तलाई आधार लिनुपर्ने हुन्छ। कानूनी सूक्तिले कानूनको तर्जुमा र व्याख्या गर्ने क्रममा कानून र न्याय क्षेत्रका सरोकारवालाका काम कारबाहीमा सहजीकरण गर्न सक्ने हुँदा सूक्तिलाई अर्थ समेत खुल्ने गरी अङ्ग्रेजी र नेपाली भाषामा *कानूनी सूक्तिहरू* आयोगले प्रकाशन गरी वेबसाइटमा समेत राखेको छ।

नेपाली भाषाको शब्द भण्डारका शब्दहरूको कानूनी प्रयोजनमा हुने प्रयोग बढाउने, दिशा निर्देशन गर्ने आधिकारिक सामग्रीको अभावले पनि कानूनी क्षेत्रमा नेपाली भाषाको प्रयोगमा कठिनाइ अनुभव हुने गरेको छ। कानूनी भाषा सामान्य भाषा वा अन्य प्रयोजनका भाषाभन्दा पृथक, सटीक, बौद्धिक र परिस्कृत हुने हुँदा विद्यमान अभ्यास र प्रचलन अनुरूप अधिकार, कर्तव्य, दायित्व तथा न्यायिक प्रक्रियाका स्वरूपलाई परिभाषित गर्न र भाषाका माध्यमबाट यी सबैलाई उचित दिशाबोध गर्नु पर्ने आवश्यकता रहन्छ। यसैले कानूनी भाषामा भाषा र विषयवस्तु दुवै कुरा बुझ्न र बुझाउन प्रयोग गरिने शब्द र पदावलीबारे विशेषतः तिनको अर्थ र अर्थको सङ्गतिबारे स्पष्टता समेतको आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले आयोगले *कानूनी शब्दकोश* प्रकाशन गरी वेबसाइटमा समेत राखेको छ।

### २.१.४ कानून संशोधनका लागि सुझाव

आयोगले कानून तथा न्यायको क्षेत्रमा कुनै विषयमा अध्ययन, अनुसन्धान र पुनरवलोकन गरी विद्यमान कानूनमा संशोधन गर्नुपर्ने देखिएमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने गर्दछ।

### २.१.५ कानूनको विद्युतीय अभिलेख

आयोगले प्रचलित नेपाल कानून, नेपाल पक्ष भएका अन्तरराष्ट्रिय महासन्धिहरू, खारेज भइसकेका नेपाल कानून र कानून सम्बन्धी महत्त्वपूर्ण ऐतिहासिक सामग्रीहरूको अभिलेख राखी सबैले उपयोग गर्न सक्ने गरी वेबसाइट www.lawcommission.gov.np मा उपलब्ध गराउँदै आएको छ। साथै आयोगले केही नेपाल कानूनलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी वेबसाइटमा राख्दै आएको छ।

### २.१.६ परामर्श, छलफल तथा अन्तरक्रिया

आयोगले कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरवलोकन एवम् सुधार लगायतका विषयमा प्रारम्भिक दस्तावेज तयार गरी आवश्यकता अनुसार सम्बन्धित विज्ञ, निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गरी परिमार्जन सहित दस्तावेजलाई अन्तिम रूप प्रदान गर्ने गर्दछ।

### २.१.७ सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन

आयोगले सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन गर्ने गर्दछ। त्यसैगरी सो अनुरूप भएको नदेखिएमा सो अनुरूप हुने गरी कानून तर्जुमा, खारेज तथा पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने गरेको छ।

## २.२ कानून तर्जुमा गर्दा अवलम्बन गरिने अभ्यास

आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरवलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्यायसम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानून तर्जुमा गर्दछ। कानून तर्जुमा गर्नु पूर्व मस्यौदा गर्नुपर्ने विषयमा अवधारणापत्र तयार गरिन्छ। उक्त अवधारणापत्रका आधारमा मस्यौदा तर्जुमा समितिमार्फत मस्यौदा तर्जुमा गर्ने गर्दछ। आयोगले नेपालको संविधान (यसपछि "संविधान" भनिएको), नेपालले बहन गर्नुपर्ने अन्तरराष्ट्रिय दायित्व, विभिन्न कानून प्रणाली अपनाउने विभिन्न मुलुकले अवलम्बन गरेका सर्वोत्तम अभ्यासहरू, सर्वोच्च अदालतका आदेश, फैसला तथा प्रतिपादित सिद्धान्त, सरोकारवाला र विज्ञको राय, सल्लाह तथा सुझाव लिई अन्तिम मस्यौदा तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाउने अभ्यास रहेको छ।

# परिच्छेद-तीन

# आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम तथा कार्यप्रगति

## ३.१ आयोगको वार्षिक कार्यक्रम


आयोगले सम्पादन गर्ने प्रमुख कार्यहरूमध्ये नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेस गर्ने कार्य एक हो। कानूनको मस्यौदा तर्जुमा गर्दा आयोगले आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला व्यक्ति, निकाय वा विज्ञहरूको सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरेको छ। त्यसैगरी, आयोगले कार्यान्वयनमा रहेका कानूनको सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले कानूनी सचेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ।

मुलुकको कानून प्रणालीलाई सुदृढ तथा परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्त्वपूर्ण भूमिका हुने भएकोले आयोगले नयाँ कानूनको आवश्यकता पहिचान तथा प्रचलित कानूनको पुनरवलोकन गर्ने सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने, कानूनको संशोधन तथा एकीकरण लगायतका विषयमा अध्ययन प्रतिवेदन तयार गर्ने, सर्वोच्च अदालतका फैसला, अन्तरराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन सम्बन्धी विषयमा अध्ययन गर्ने, विधिशास्त्रीय नवीनतम् अवधारणाका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने कार्य गर्दै आएको छ। न्याय प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग र पहुँचमा अभिवृद्धि गर्ने उद्देश्यले नेपालको मौजुदा कानून, नेपाल पक्ष भएका अन्तरराष्ट्रिय महासन्धि, खारेज भएका कानून तथा केही नेपाल कानून लगायतका अङ्ग्रेजी भाषामा अनुवाद तथा केही अन्तरराष्ट्रिय सन्धिको नेपाली अनुवाद गरी वेबसाइटमा राख्ने कार्य गर्दै आएको छ।

आयोगले सम्पादन गर्ने कार्यहरू स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेट बमोजिम सञ्चालन हुँदै आएका छन्। आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम र प्रगति देहाय बमोजिम रहेको छः-

| क्र.सं. | कार्यक्रम शीर्षक | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १. | विधेयक तर्जुमा | ४ | २ |
| २. | विभिन्न कानूनको अध्ययन अनुसन्धान गर्ने वा गराउने | ५ | ४ |
| ३. | प्रशिक्षार्थी सेवा लिने | १० | ९ |
| ४. | अवधारणापत्र तयार गर्ने | ११ | ११ |
| ५. | वेबसाइट व्यवस्थापन | १ | १ |
| ६. | अन्तर्क्रिया तथा गोष्ठी | ३ | ३ |
| ७. | वार्षिक प्रतिवेदन तयारी र प्रकाशन | १ | १ |
| ८. | आयोगको मोबाइल एप्लीकेशन अद्यावधिक र स्तरोन्नति | १ | - |
| ९. | आयोगको वेबसाइट अद्यावधिक र स्तरोन्नति | १ | १ |
| १०. | कानूनको खारेजी, परिमार्जन, संशोधन र एकीकरण गर्ने सम्बन्धमा अध्ययन | ३ | ३ |
| ११. | कानूनी शब्दकोश निर्माण | १ | १ |
| १२. | कर्मचारीको क्षमता अभिवृद्धि | २ | २ |
| १३. | कानून तर्जुमा क्षमता अभिवृद्धि | २ | १ |

आयोगको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम र प्रगतिको विवरण अनुसूची-९ मा राखिएको छ।




## ३.२ आर्थिक वर्ष २०८१/८२ मा सम्पादित कार्यहरू

### ३.२.१ आयोगबाट तर्जुमा गरिएका कानून मस्यौदा

आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा आयोगले चार वटा विधेयक मस्यौदा गर्ने लक्ष्य लिएकोमा दुई वटा विधेयकको मस्यौदा तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाएको छ। आयोगले तयार गरी सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकको विवरण अनुसूची-१० मा राखिएको छ। यस आर्थिक वर्षमा मस्यौदा गरिएका कानूनको सङ्क्षिप्त विवरण देहाय बमोजिम रहेका छन्ः-

**(क) उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक**

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८१।०७।०८ गतेको पत्रबाट उच्च शिक्षा सम्बन्धी विधेयकको मस्यौदा तर्जुमाको लागि अनुरोध भइआएको थियो। सोबमोजिम आयोगले उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा

आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गरी मिति २०८२।०४।०६ मा सो मन्त्रालयमा पठाएको छ।

उल्लिखित विधेयकको मस्यौदामा उच्च शिक्षण संस्थाको स्थापना तथा सञ्चालन, सङ्गठनात्मक संरचना, पदाधिकारी र पद सम्बन्धी व्यवस्था, प्रमाणपत्र, उपाधि, बौद्धिक सम्पत्ति र राष्ट्रिय योग्यता प्रारूप सम्बन्धी व्यवस्था, छात्रवृत्ति तथा अध्ययन अनुमतिपत्र, शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था, उच्च शिक्षा गुणस्तर सुनिश्चितता प्रत्यायन समिति, उच्च शिक्षण संस्था गाभ्ने र विघटन सम्बन्धी व्यवस्था, उच्च शिक्षण संस्थाको कोष, लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था, उच्च शिक्षा परिषद्को गठन, काम, कर्तव्य र अधिकार, विश्वविद्यालय अनुदान आयोगको गठन, काम, कर्तव्य र अधिकार, सेवा आयोग, कसूर तथा सजाय लगायतका व्यवस्थाहरू समावेश गरिएका छन्।

**(ख) परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

नेपाल सरकार, परराष्ट्र मन्त्रालयको मिति २०८१।०५।०९ गतेको पत्रबाट परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धी विधेयकको मस्यौदा तर्जुमाको लागि अनुरोध भइआएको थियो।

परराष्ट्र मामिलाका विषयमा अध्ययन तथा अनुसन्धान गर्न र नेपाल परराष्ट्र सेवा तथा परराष्ट्र मामिलासँग सरोकार राख्ने सरकारी कर्मचारी, पदाधिकारी तथा सम्बद्ध व्यक्तिहरूको प्रशिक्षण मार्फत व्यावसायिक दक्षता अभिवृद्धि गर्ने उद्देश्य राखी परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा तर्जुमा गरी मिति २०८२।०३।२९ मा सो मन्त्रालयमा पठाइएको छ।

उल्लिखित विधेयकको मस्यौदामा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना, परिषद्, कार्यकारी समिति, कार्यकारी निर्देशक, प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्था, प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री र पाठ्यक्रम लगायतका व्यवस्थाहरू समावेश गरिएका छन्।

### ३.२.२ छलफल तथा अन्तरक्रिया

आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा आयोगबाट तर्जुमा भएका विधेयकहरूका सम्बन्धमा सरोकारवाला एवम् विज्ञहरूसँग छलफल तथा अन्तरक्रिया गरी राय, सुझाव सङ्कलन गर्ने कार्य रहेको थियो। सो बमोजिम देहायका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियोः-

**(क) उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयकको मस्यौदा उपर अन्तरक्रिया कार्यक्रम**

मिति २०८२।०१।०४ गतेका दिन आयोगको बैठक कक्षमा आयोगका माननीय अध्यक्ष श्री जागेश्वर सुवेदीको अध्यक्षतामा उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयकको मस्यौदा उपर अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो। उक्त कार्यक्रममा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, काठमाडौं विश्वविद्यालयका उपकुलपति, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयका अध्यक्ष, त्रिभुवन विश्वविद्यालय राजनीतिशास्त्र केन्द्रीय विभागका पूर्व प्रमुख, विश्वविद्यालय अनुदान आयोगका निर्देशक, त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घका सभापति, नेपाल प्राध्यापक सङ्घका महासचिव, शिक्षक, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि र शिक्षाविद् समेतको सहभागिता रहेको थियो। कार्यक्रममा आयोगका सचिव श्री आलोक चन्द्र श्रेष्ठले स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्य र

आयोगको विधेयक तर्जुमा प्रक्रियाका बारेमा प्रकाश पार्नु भएको थियो। आयोगको तर्फबाट सहसचिव श्री शंकर बहादुर के.सी.ले विधेयक मस्यौदाको प्रस्तुती गर्नुभएको थियो। आयोगका उपाध्यक्ष प्रा. डा. लक्ष्मीप्रसाद मैनालीले विधेयक मस्यौदाको पृष्ठभूमि सहितको मन्तव्य राख्नु भएको थियो। यसैगरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव श्री बैकुण्ठ प्रसाद अर्यालले विधेयकको औचित्यमाथि प्रकाश पार्नु भएको थियो। त्यस्तै, विभिन्न निकायबाट उपस्थिति हुनुभएका प्रतिनिधिहरूले विधेयकको मस्यौदाका सम्बन्धमा विभिन्न सुझावहरू दिनु भएको थियो। अन्तरक्रिया कार्यक्रमबाट प्राप्त राय, सुझाव समेतका आधारमा सो विधेयकको अन्तिम मस्यौदा तर्जुमा गरिएको थियो।

**(ख) परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा उपर अन्तरक्रिया कार्यक्रम**

आयोगबाट तर्जुमा गरिएको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा उपर राय, सुझावका लागि मिति २०८२।०३।०३ गते आयोगको बैठक कक्षमा आयोगका अध्यक्ष श्री जागेश्वर सुवेदीको अध्यक्षतामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो।

उल्लिखित कार्यक्रममा आयोगका उपाध्यक्ष प्रा. डा. लक्ष्मीप्रसाद मैनाली, सचिव श्री आलोक चन्द्र श्रेष्ठ र नेपाल सरकार, परराष्ट्र मन्त्रालयका सचिव श्री अमृतबहादुर राई, पूर्व सचिवहरू श्री ज्ञानचन्द्र आचार्य, श्री मधुरमण आचार्य, श्री दुर्गा प्रसाद भट्टराई र पूर्व राजदूत श्री झविन्द्र अर्याल, परराष्ट्र मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका कार्यकारी निर्देशक श्री प्रकाश कुमार सुवेदी समेतको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा आयोगका सचिव श्री आलोक चन्द्र श्रेष्ठले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्य र विधेयक तर्जुमा प्रक्रियामा प्रकाश पार्नु भएको थियो। आयोगको तर्फबाट सहसचिव श्री शंकर बहादुर के.सी.ले विधेयक मस्यौदाको प्रस्तुती गर्नुभएको थियो। आयोगका उपाध्यक्ष प्रा. डा. लक्ष्मीप्रसाद मैनालीले विधेयक मस्यौदाको पृष्ठभूमि सहितको मन्तव्य राख्नु भएको थियो। यसैगरी परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका कार्यकारी निर्देशक श्री प्रकाश कुमार सुवेदीले विधेयकको औचित्यमाथि प्रकाश पार्नु भएको थियो। त्यस्तै, विभिन्न निकायबाट उपस्थित हुनुभएका प्रतिनिधिहरूले विधेयकको मस्यौदाका सम्बन्धमा विभिन्न सुझावहरू दिनु भएको थियो। अन्तरक्रिया कार्यक्रमबाट प्राप्त राय, सुझाव समेतका आधारमा सो विधेयकको अन्तिम मस्यौदा तर्जुमा गरिएको थियो।

### ३.२.३ अध्ययन प्रतिवेदन

आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रममा विभिन्न कानूनको अध्ययन, अनुसन्धान गर्न बजेट विनियोजन भएको थियो। सो बमोजिम देहायका विषयहरूमा अध्ययन, अनुसन्धान गरी अध्ययन प्रतिवेदन तयार गरिएका छन्:-

#### (क) मानव तस्करी रोकथाम तथा नियन्त्रण सम्बन्धमा

वर्तमान अवस्थामा मानव तस्करीको वास्तविक अवस्थाको पहिचान गर्न, मानव तस्करी सम्बन्धी समस्याको पहिचान गरी सुधारका उपयुक्त विकल्पहरू सिफारिस गर्न, मानव तस्करी नियन्त्रणका विशेष कानूनको आवश्यकता र त्यस्तो कानूनमा रहने विषयहरू पहिचान गरी सिफारिस गर्न र परिवर्तित नाम ६५ध१० को जाहेरीले नेपाल सरकार विरुद्ध खेमबहादुर नेगी भएको मुद्दा नं. ०७६-CR-०४३८ को मानव ओसारपसार मुद्दामा सर्वोच्च अदालत, संयुक्त इजलासबाट मिति २०८०।०९।२९ मा मानव तस्करीका सम्बन्धमा प्रस्तुत फैसला

समेतलाई आधार मानी उपयुक्त पूर्ण र स्पष्ट कानूनी व्यवस्थाको प्रबन्ध गर्नु भनी नेपाल सरकार, गृह मन्त्रालयका नाउँमा जारी निर्देशनात्मक आदेश कार्यान्वयन गर्न समेत मानव तस्करी रोकथाम र नियन्त्रण सम्बन्धी विषयमा अध्ययन गर्न आवश्यक भई आयोगले प्रस्तुत विषयमा अध्ययन गरेको छ।

मानव तस्करी रोकथाम तथा नियन्त्रण सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानूनी व्यवस्था, अभ्यास, वर्तमान अवस्था, रोकथाम तथा नियन्त्रणका समस्या, सुझाव लगायतका विषय अध्ययन प्रतिवेदनमा समावेश गरिएको छ। साथै, प्रतिवेदनमा देहाय बमोजिमका सुझाव समेत प्रस्तुत गरिएका छन्:-

- मानव तस्करी रोकथाम र नियन्त्रण सम्बन्धी राष्ट्रिय कानून निर्माण गर्ने,
- पीडितको उद्धार पश्चात् पीडितलाई पुनर्स्थापना गर्न र क्षतिपूर्ति उपलब्ध गराउन एक पुनर्स्थापना कोषको व्यवस्था गर्ने, र
- मानव तस्करी कसुर रोकथाम, प्रतिरोध तथा उन्मूलन कार्यमा संलग्न अधिकारीको क्षमता अभिवृद्धि गर्ने।

**(ख) अभियोग प्रमाणित नभएका कारण भोग्नुपर्ने सजाय बापत भुक्तान गर्नुपर्ने क्षतिपूर्ति सम्बन्धमा**

निवेदक रामकुमार कार्की विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट नं. ०७५-WO-१९७ को परमादेश मुद्दामा सर्वोच्च अदालत, संयुक्त इजलासबाट मिति २०७६।११।२१ मा "गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको, मुद्दाको अन्तिम निर्णय हुँदा सफाइ पाएको विषयमा कानून र न्यायका जानकार, सम्बन्धित विषय विज्ञ,

अन्तरराष्ट्रिय स्तरमा अन्य प्रजातान्त्रिक मुलुकले यस सम्बन्धमा गरेका कानूनी व्यवस्था समेत अध्ययन मनन गरी यस अदालतको पूर्वआदेश अनुसार उपर्युक्त कानून निर्माण गरी न्यायोचित तथा मानवोचित रूपले क्षतिपूर्ति प्रदान गर्नेतर्फ आवश्यक कारबाही गर्नु" भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा निर्देशनात्मक आदेश भएको थियो। सो आदेश कार्यान्वयनको लागि नेपाल सरकार, गृह मन्त्रालयको मिति २०८०।०५।०३ को पत्रबाट उल्लिखित विषयमा कानून निर्माण गर्ने सन्दर्भमा अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन उपलब्ध गराई दिन अनुरोध भएबमोजिम यो अध्ययन गरिएको छ। अध्ययनबाट देहाय बमोजिमका सुझाव प्रस्तुत गरिएका छन्:-

- गलत अनुसन्धान र अनुचित अभियोजनका कारण भएका पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको मानव अधिकार सम्बन्धी विभिन्न अन्तरराष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष राष्ट्र भएको, संविधानद्वारा अपराध पीडितको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएको र सम्मानित सर्वोच्च अदालतबाट यस सम्बन्धी कानून बनाउन विभिन्न मुद्दामा निर्देशनात्मक आदेश समेत जारी भएको परिप्रेक्ष्यमा गलत अनुसन्धान र अनुचित अभियोजनका कारण भएका पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धी कानून निर्माण गर्नुपर्ने,

- कानून निर्माण गर्दा सम्बन्धित पक्षको शारीरिक र मानसिक स्वास्थ्य, कानून व्यवसायीसँगको परामर्श शुल्क, पारिवारिक तथा बाल हेरचाह शुल्क, शैक्षिक शुल्क, व्यवसायिक शुल्क लगायतका विषयहरू समावेश गर्नुपर्ने,

- क्षतिपूर्ति रकम निर्धारण गर्ने प्रयोजनका लागि छुट्टै संयन्त्रको स्थापना गर्नुपर्ने,

- *फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४* ले कसूरबाट पीडितलाई औषधोपचार, अन्तरिम क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन पीडित राहत कोष रहने व्यवस्था गरिएको सन्दर्भमा गलत अनुसन्धान र अनुचित अभियोजनका कारण भएका पीडितलाई समेत सोही कोषबाट क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने,

- गलत अनुसन्धान र अनुचित अभियोजनका कारण भएका पीडितको तथ्याङ्क सङ्कलन गरी अभिलेख राख्नु पर्ने।

**(ग) नेपालमा अन्तरराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन, चुनौती र समाधान सम्बन्धमा**

सन्धिको अवधारणा, अन्तरराष्ट्रिय सन्धि कार्यान्वयन सम्बन्धी अन्य देशको अभ्यास, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू, कार्यान्वयन सम्बन्धी चुनौती, समाधान र प्रभावकारी बनाउन गरिएका कानूनी अभ्यास लगायतका विषयमा अध्ययन गरी देहाय बमोजिमका सुझाव प्रस्तुत गरिएका छन्:-

- कुनै पनि अन्तरराष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति र समर्थन गर्नु अघि सन्धि सम्झौताबाट सृजना हुन सक्ने दायित्व, नेपालको भौगोलिक अवस्थिति, आर्थिक सामाथ्र्यता, जनसाङख्यिक संरचना, सामाजिक परिवेश, साँस्कृतिक मूल्य मान्यता लगायतका विषयमा विस्तृत रुपमा अध्ययन गरेर मात्र निष्कर्षमा पुग्नु पर्ने,

- नेपाल पक्ष राष्ट्र भएका अन्तरराष्ट्रिय सन्धि सम्झौता अनुकुल हुने गरी राष्ट्रिय कानूनको तर्जुमा, संशोधन वा परिमार्जन गर्नुपर्ने,

- सन्धि कार्यान्वयनको अनुगमन गर्न स्थायी संयन्त्रको स्थापना गर्नुपर्ने, र

- नेपाल पक्ष भएका सन्धि सम्झौता बमोजिम आवधिक रुपमा पेस गर्नुपर्ने प्रतिवेदन तोकिएको समय सीमाभित्र सम्बन्धित निकायमा बुझाउनु पर्ने आदि।

**(घ) न्याय सम्पादन प्रकृया सुधार र प्रभावकारी बनाउने उपाय सम्बन्धमा**

न्याय सम्पादन प्रक्रियामा गर्नुपर्ने सुधार र प्रभावकारी बनाउने उपाय सम्बन्धमा अध्ययन गरी देहाय बमोजिमका सुझाव प्रस्तुत गरिएका छन्:-

- ऐन, नियम, निर्देशिका र कार्यविधिमा रहेका न्याय सम्पादनका प्रकृया छिटो छरितो, संक्षिप्त र स्पष्ट बनाउनु पर्ने,
- निःशुल्क कानूनी सहायताको प्रभावकारीता अभिवृद्धि गर्न कानूनी सहायता सम्बन्धी राष्ट्रिय कानूनको निर्माण गर्नुपर्ने,
- न्यायलयमा हुने ढिलासुस्ति र कार्यबोझ कम गर्न दक्ष तथा उत्प्रेरित जनशक्तिको व्यवस्थापन गर्नुपर्ने,
- वैकल्पिक विवाद समाधानका उपायहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने,
- न्यायाधीशको नियुक्ति, सरूवा र बढुवा पारदर्शी र अनुमानयोग्य हुनुपर्ने,
- न्यायका उपभोक्ताको न्यायमा सहज पहुँच पुऱ्याउन, अभिलेख व्यवस्थापन, सूचना प्रवाह र प्रमाण परीक्षण लगायतका कार्यका लागि सूचना प्रविधिको उपयोगलाई विस्तार गर्नुपर्ने,
- अदालतमा इलेक्ट्रोनिक फाइलिङ प्रणाली र डिजिटल सुनुवाइको प्रयोगलाई विस्तार गर्नुपर्ने,

- फैसलाको कार्यान्वयनलाई सरल र सहज बनाउन तपसिल खण्ड स्पष्ट हुनुपर्ने,
- स्मार्ट कोर्टको अवधारणा बमोजिम औपचारिक कानूनी प्रक्रियालाई अनलाइन र डिजिटल प्रविधिमा रूपान्तरण गर्नुपर्ने,
- ग्रामीण तथा विकट क्षेत्रहरूमा कानूनी सेवाको सहज पहुँच सुनिश्चितताको लागि मोबाइल कोर्ट र कानूनी सहायता केन्द्रहरूको स्थापना गर्नुपर्ने आदि।

**(ङ) लुम्बिनी प्रदेशका कानूनको पुनरवलोकन सम्बन्धमा**

प्रदेशबाट बनेका कानून संविधान, सङ्घ, *प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७* लगायतका सङ्घीय कानून, र नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।१०।१८ मा स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनसँग सामञ्जस्यता रहे, नरहेको सम्बन्धमा अध्ययन गर्न आवश्यक रहेको छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेशको कानून संविधानसम्मत भए नभएको, संविधान बमोजिम प्रदेशको अधिकारको सूचीभित्र पर्ने वा नपर्ने, सङ्घ र प्रदेशको साझा अधिकारमा समावेश भएका विषयसँग सम्बन्धित कानून सङ्घीय कानूनसँग बाझिए नबाझिएको, पुनरवलोकन गरिएका ऐनको सम्बन्धमा के-कस्ता संशोधनहरू आवश्यक छन् सो सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्ने, छनोट भएका ऐनमा राखिएका विषयवस्तुहरू प्रदेशको अधिकारक्षेत्रभित्र रहे, नरहेको, ऐन अन्तर्गत बनेका प्रत्यायोजित विधायन बने, नबनेको र कानून मस्यौदाको सिद्धान्त, विधि, संरचना र अनुक्रम सम्बन्धी व्यवस्था तथा अभ्यासहरूको अध्ययन गर्ने उद्देश्यले लुम्बिनी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयको मिति २०८१।०८।२५ को पत्र मार्फत लुम्बिनी प्रदेशका एघार वटा ऐनको पुनरवलोकन गर्नका लागि लेखी आए बमोजिम आयोगबाट अध्ययन गरी लुम्बिनी प्रदेशको

आन्तरिक मामिला तथा कानून मन्त्रालयमा प्रतिवेदन पठाइएको छ। उक्त प्रतिवेदनमा देहाय बमोजिमका सुझाव प्रस्तुत गरिएका छन्:-

- प्रदेशले कानून बनाउँदा संविधान, सङ्घीय कानून र नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनको अधिनमा रही बनाउनु पर्ने,

- संविधान तथा सङ्घीय कानूनसँग असामञ्जस्य र असंगतिपूर्ण देखिएका प्रदेश कानून संशोधनका लागि तत्काल प्रक्रिया अगाडि बढाउनु पर्ने,

- विधायन तर्जुमामा पारदर्शिता कायम गरी जनसहभागिता अभिवृद्धि गर्न, सरोकारवालाको सहभागिता सुनिश्चित गर्न र गुणस्तरीय विधायन तर्जुमा गर्न प्रदेश तहमा विधायन ऐन तर्जुमा गर्नुपर्ने,

- तथ्य र अनुसन्धानमा आधारित भई आवश्यकताका आधारमा कार्यान्वयनयोग्य कानून निर्माण गर्नुपर्ने,

- नयाँ विषयमा कानून तर्जुमा गर्न प्रदेश मन्त्रिपरिषद्को सैद्धान्तिक स्वीकृति लिने प्रयोजनका लागि तयार गर्नुपर्ने अवधारणापत्रको ढाँचा प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने,

- कानून निर्माण गर्दा यसका आधारभूत सिद्धान्त र संरचनाको अबलम्बन गर्नुपर्ने,

- सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारका विषयमा कानून निर्माण गर्दा संविधानको धारा २३२ बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रही निर्माण गर्नुपर्ने,

- तीन तहको साझा अधिकारको सूची अन्तर्गत रहेका विषयमा कानून निर्माण गर्दा अधिकारक्षेत्रमा दोहोरोपन नहुने गरी सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वयका आधारमा सन्निकटताको सिद्धान्त बमोजिम कार्यक्षेत्रको सीमाङ्कन गर्नुपर्ने,
- कानून निर्माण गर्दा संविधानको मूल मर्मका रुपमा रहेको समावेशिताको सिद्धान्तलाई अबलम्बन गर्नुपर्ने,
- राजश्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा सहयोग गर्ने कानून निर्माण गर्नुपर्ने,
- प्रदेशका कानूनको बिचमा एकरुपता कायम गर्न प्रदेशका कानून सम्बन्धी विषय हेर्ने मन्त्रालयहरू बिच आवश्यक समन्वय र सहकार्य गर्नुपर्ने।

### ३.२.४ अन्तरक्रिया कार्यक्रम

संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह हुने व्यवस्था गर्दै राज्यशक्तिको प्रयोग तीन तहबाट हुने गरी व्यवस्था गरेको छ। संविधानका विभिन्न धारा र अनुसूचीमा सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार स्पष्ट रुपमा उल्लेख भएको र सो अधिकार अन्तर्गत रही तीन तहले कानून बनाउन पाउने व्यवस्था संविधानमा गरिएको छ। *सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन, २०७७* र नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७३।१०।१८ गते स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदनले संविधानबाट प्राप्त अधिकारको प्रयोग र कार्यान्वयनमा थप स्पष्ट गरेको छ। यसै सन्दर्भमा कानून तर्जुमाको जानकारी गराउने उद्देश्यले आयोगले आर्थिक वर्ष २०८१/८२ मा देहाय बमोजिमका अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरेको छ::-

## (क) संविधानको धारा २१७ र २२६ को कार्यान्वयनको अवस्था र कानून तर्जुमा सम्बन्धमा

कानून तर्जुमा र न्यायिक समितिका सैद्धान्तिक र व्यवहारिक अभ्यासका सम्बन्धमा आयोगको आयोजना र रोशी गाउँ कार्यपालिकाको कार्यालयको व्यवस्थापन तथा सहजीकरणमा मिति २०८१।०९।२५ र २६ गते बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला स्थित रोशी गाउँ कार्यपालिकाको कार्यालयमा दुई दिने अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो। उक्त कार्यक्रममा रोशी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण वडाका वडा अध्यक्ष र वडा सदस्यहरू, न्यायिक समितिका पदाधिकारीहरू, गाउँ कार्यपालिकाका पदाधिकारीहरू, गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयका कर्मचारीहरू गरी एक सय चार जनाको सहभागिता रहेको थियो। यस अन्तरक्रिया कार्यक्रमका उपलब्धि देहायबमोजिम रहेका छन्ः-

- कानून तर्जुमा प्रक्रिया, स्थानीय कानून निर्माण प्रक्रियाको अवस्था, स्थानीय कानून निर्माण प्रक्रियामा देखिएका समस्या र समाधानका उपाय सम्बन्धी विषयमा सहभागीहरूले सैद्धान्तिक, व्यवहारिक एवम् प्रयोगात्मक ज्ञान प्राप्त गरेको र सहभागीहरूले जाने बुझेको ज्ञान र अनुभव एकअर्का बीच आदानप्रदान भएकाले स्थानीय कानून निर्माण प्रक्रियामा मद्दत मिल्ने अपेक्षा गरिएको,
- सहभागीहरूलाई न्यायिक समितिको कार्यविधि र कार्यसम्पादन सम्बन्धी विषयमा भएको अन्यौलता हटाउन मद्दत मिलेको, र
- स्थानीय तहमा कानून निर्माण गर्दा देखिएका तहगत समन्वयका समस्या र समाधानका उपाय सम्बन्धी विषयमा सहभागी बिच छलफल भई सुझाव प्राप्त भएको।

### (ख) स्थानीय तहमा कानून तर्जुमा सम्बन्धमा

कानून तर्जुमा प्रक्रिया, स्थानीय कानून निर्माण प्रक्रियाको अवस्था, स्थानीय कानून कार्यान्वयनको अवस्था, स्थानीय कानून निर्माण प्रक्रियामा देखिएका समस्या र समाधानका उपाय लगायतका विषयमा मधेश प्रदेश, बारा जिल्ला स्थित कलैया उपमहानगरपालिकामा एक दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

आयोगको आयोजना र कलैया उपमहानगरपालिकाको समन्वयमा भएको अन्तरक्रिया कार्यक्रममा कलैया उपमहानगरपालिकाको प्रमुख, उपप्रमुख, विधायन समितिका पदाधिकारी, न्यायिक समितिका पदाधिकारी, सत्ताइस वटा वडाका सम्पूर्ण वडा अध्यक्ष तथा महिला सदस्यहरू र कानून तर्जुमा कार्यमा संलग्न कर्मचारीहरू गरी नब्बे जना सहभागी रहेको यस कार्यक्रमको उपलब्धि देहायबमोजिम रहेका छन्ः-

- कानून तर्जुमा प्रक्रिया, स्थानीय कानून निर्माण प्रक्रियाको अवस्था, स्थानीय कानून निर्माण प्रक्रियामा देखिएका समस्या र समाधानका उपाय सम्बन्धी विषयमा कार्यक्रमबाट सहभागीले सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान प्राप्त गरेको र सहभागी बिच ज्ञान तथा अनुभव आदानप्रदानले स्थानीय कानून निर्माण प्रक्रियामा सहयोग पुग्ने अपेक्षा गरिएको,
- सहभागीलाई न्यायिक समितिको कार्यविधि र कार्यसम्पादन सम्बन्धमा भएको अन्यौलता हटाउन सहज भएको,
- स्थानीय तहमा कानून निर्माण गर्दा देखिएका तहगत समन्वयका समस्या र समाधानका उपाय सम्बन्धमा सहभागीबाट सुझाव प्राप्त भएको।

(ग) **स्थानीय तहमा कानून तर्जुमा र न्यायिक समितिको प्रभावकारीता सम्बन्धमा**

स्थानीय तहमा कानून तर्जुमा र न्यायिक समितिको प्रभावकारीता सम्बन्धमा गण्डकी प्रदेश, गोरखा जिल्लास्थित बारपाक सुलिकोट गाउँपालिकामा दुई दिवसीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

आयोगको आयोजना र बारपाक सुलिकोट गाउँपालिकाको कार्यालयको व्यवस्थापन तथा सहजीकरणमा सञ्चालन भएको कार्यक्रममा बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण वडा अध्यक्ष र वडा सदस्य, न्यायिक समितिका पदाधिकारी, गाउँ कार्यपालिकाका पदाधिकारी, कर्मचारी र मेलमिलापकर्ता गरी जम्मा उनन्सय जनाको सहभागिता रहेको कार्यक्रमको उपलब्धि देहायबमोजिम रहेका छन्ः-

- कानून तर्जुमा सम्बन्धी सैद्धान्तिक विषयमा प्रस्तुतीकरण, व्यवहारिक विषयमा छलफल र अनुभव आदानप्रदानले स्थानीय तहमा कानून निर्माण प्रक्रियामा सहयोग पुग्ने अपेक्षा गरिएको,
- सहभागीलाई न्यायिक समितिको कार्यविधि र कार्यसम्पादन सम्बन्धी विषयमा भएको अन्यौलता हटाउन मद्दत मिलेको, र
- स्थानीय तहमा कानून निर्माण गर्दा देखिएका तहगत समन्वयका समस्या र समाधानका उपाय सम्बन्धी विषयमा सहभागीबाट सुझाव प्राप्त भएको।

### ३.२.५ प्रशिक्षार्थी (इन्टर्न) कार्यक्रम सञ्चालन

नेपालका विभिन्न विश्वविद्यालयका कानून सङ्काय अन्तर्गतका क्याम्पस, कलेजमा स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त कानूनको तर्जुमा लगायतका विषयमा व्यवहारिक ज्ञान प्रदान गर्ने

उद्देश्यले आयोगबाट इन्टर्नसिप कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमबाट नेपाल ल क्याम्पसबाट दुई जना, काठमाडौं युनिभर्सिटी स्कूल अफ ल, धुलिखेलबाट एक जना, काठमाडौं स्कूल अफ ल, दधिकोटबाट पाँच जना र नेशनल ल कलेज, ललितपुरबाट एक जना गरी नौ जना विद्यार्थीहरू लाभान्वित भएका छन्। इन्टर्नसिप कार्यक्रममा संलग्न विद्यार्थीहरूको नामावली अनुसूची-११ मा राखिएको छ।

## ३.२.६ वेबसाइटमा कानूनको परिमार्जन र संशोधन अद्यावधिक

आयोगले www.lawcommission.gov.np वेबसाइटमा संविधान, ऐन, अध्यादेश, विकास समिति (गठन) आदेश, नियम, अन्तरराष्ट्रिय सन्धि, सम्झौता लगायतका कानूनसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू राख्दै आएको छ। नयाँ तथा संशोधित संविधान, ऐन र नियमहरू नेपाल राजपत्रको आधारमा नियमित रूपमा अद्यावधिक गरी वेबसाइटमा राखिएको छ।

## ३.२.७ आयोगमा सूचना प्रविधिको प्रयोग

### (क) वेबसाइट व्यवस्थापन

आयोगले वि.सं. २०६५ सालदेखि आफ्नै वेबसाइट www.lawcommission.gov.np मा संविधान, ऐन, अध्यादेश, विकास समिति (गठन) आदेश, नियम, अन्तरराष्ट्रिय सन्धि सम्झौता लगायतका कानूनसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू विद्युतीय प्रतिमा राख्दै आएको छ।

आयोगले वेबसाइटमा रहेका कानूनमा विद्युतीय माध्यमबाट सर्वसाधारण तथा सेवाग्राहीको सरल एवम् सहज पहुँच सुनिश्चित गर्दैआएको छ। साथै केही सङ्घीय कानूनको अङ्ग्रेजी भाषामा अनुवाद गरेर राख्नुका साथै खारेज भएका कानून समेत वेबसाइटमा राख्दै आएको छ।

आयोगको वेबसाइटलाई साइबर सुरक्षा जोखिमबाट बचाउनको लागि सुरक्षा प्रणालीलाई थप मजबुत बनाइएको छ। सरकारी कार्यालयको *वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८* बमोजिम तयार भएको ढाँचामा Website Migration गरिएको छ। आयोगले एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली (Government Integrated Website Management System) अनुसारको नयाँ वेबसाइट प्रयोगमा ल्याएको छ। आयोगको वेबसाइटमा रहेका कानूनको सङ्ख्या अनुसूची-१२ मा राखिएको छ।

आयोगले आर्थिक वर्ष २०७८/७९ देखि एन्ड्रोइड तथा एप्पल दुवैमा उपयोग गर्न सकिने गरी Kanun Aayog नामको मोबाइल एप्स निर्माण गरी विद्यमान कानून मोबाइलबाट हेर्न र पढ्न सकिने व्यवस्था गरेकोमा हाल एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली अनुसार नयाँ वेबसाइट प्रयोगमा रही मोबाइल एप्ससँग अन्तरआबद्धता गर्न नसकिएको हुँदा प्रयोगमा नरहेको अवस्था छ।

**(ख) सामाजिक सञ्जाल**

आयोगको काम कारबाहीका सम्बन्धमा सर्वसाधारणलाई छिटो छरितो जानकारी दिनको लागि आयोगले दुईवटा सामाजिक सञ्जाल लिन्कडिन (Linkedin) र फेसबुक (Facebook) को पेज प्रयोगमा ल्याएको छ। उक्त पेजको युनिफर्म रिर्सोस लोकेटर (URL) देहाय बमोजिम रहेका छन्ः-

- Linkedin - linkedin.com/company/lawcommission.gov.np
- Facebook - facebook.com/lawcommission.gov.np

**(ग) एकीकृत कार्यालय व्यवस्थापन प्रणाली**

डिजिटल नेपाल फ्रेमवर्क, २०७६ सँग सम्बन्धित सरकारी कार्यालय व्यवस्थापन गर्ने प्रयोजनका लागि विकास गरिएको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management

System) लाई प्रभावकारी रुपमा सूचारु गर्नका लागि पूर्वाधार तयार गर्ने कार्य सम्पन्न भएको छ।

### ३.२.८ कानूनी शब्दकोश निर्माण

कानूनले निर्देशन गर्ने विषयवस्तु वा कानूनमा प्रयोग भएका शब्दको प्रयोग वस्तुपरक र निश्चिततामा आधारित हुनु पर्दछ। कानूनको शब्दमा व्याख्याको गुन्जायस रहे तापनि कानूनमा प्रयोग भएका शब्दको प्रयोग र बुझाइमा एकरूपता कायम गर्नको लागि त्यस्ता शब्दहरूको अर्थको सन्दर्भको लागि आधिकारिक शब्दकोशको आवश्यकता पर्दछ। यसले कानून निर्माण, प्रयोग, कानूनको अध्ययन, अध्यापन, अनुसन्धान र व्याख्या गर्ने निकाय वा पदाधिकारीको कार्यलाई सहज तुल्याउँछ। कानूनको हरेक क्षेत्रमा प्रयोग हुने कानूनी शब्दहरूको अर्थ स्पष्ट, सरल र बुझ्न सकिने हुनु जरुरी हुन्छ। प्रयोग भएका शब्दहरूलाई सरल बनाउने काम शब्दकोशले गर्दछ। कानूनी भाषामा भाषा र विषयवस्तु दुवै कुरा बुझ्न र बुझाउन प्रयोग गरिने शब्द र पदावलीबारे विशेषतः तीनको अर्थ र अर्थको सङ्गतिबारे स्पष्टता अत्यावश्यक हुन्छ। यही आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले आयोगले छ हजार नौ सय छत्तीस शब्दहरू सङ्कलन गरी त्यसको अङ्ग्रेजी शब्द र अर्थ राखी कानूनी शब्दकोश प्रकाशन गरेको छ।

कानून सम्बन्धी स्वदेशी तथा विदेशी शब्दकोश र राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानूनी दस्तावेज, संविधान, मुलुकी देवानी तथा फौजदारी संहिता, विशेष प्रकृतिका ऐन, नियमावली, सर्वोच्च अदालतका केही महत्त्वपूर्ण फैसला, कानूनी शोधपत्र लगायतका स्रोतलाई सन्दर्भ सामग्रीका रूपमा लिई निर्माण गरिएको यो शब्दकोश कानून र न्यायको क्षेत्रमा आवद्ध रहने न्यायाधीश, कानूनका शिक्षक र विद्यार्थी, कानून व्यवसायी, अनुसन्धानकर्ता, न्याय सेवाअन्तर्गत कानून, न्याय र सरकारी वकिल समूहका अधिकृत, नीति निर्माणकर्ता, सञ्चारकर्मी, अनुवादक, सरकारी तथा गैरसरकारी निकाय र कानूनी ज्ञानको रुचि राख्ने सबैका लागि विशेष उपयोगी हुने आयोगले अपेक्षा गरेको छ।

### ३.२.९ कर्मचारीको क्षमता अभिवृद्धि तालिम

आयोगले गर्ने कामहरूमध्ये कानूनको मस्यौदा गर्नु एक मुख्य काम हो। कानूनको मस्यौदा एक जटिल प्राविधिक काम भएकोले यसको लागि दक्ष कर्मचारीको आवश्यकता पर्दछ। कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी दक्षता हासिल गराउन आयोगमा कार्यरत अधिकृतस्तरका कर्मचारीलाई कानून मस्यौदा सम्बन्धी प्रशिक्षणको आवश्यकता पर्ने हुँदा सोको व्यवस्था गरिएको छ।

ऐनको दफा १० को खण्ड (ढ) मा "नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने" भन्ने व्यवस्था रहे बमोजिम आर्थिक वर्ष २०८१/८२ मा आयोगले कर्मचारीलाई क्षमता अभिवृद्धि गर्नको लागि देहाय बमोजिमका दुई वटा प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छः-

#### (क) कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम

कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत निजामती सेवाका राजपत्र अनङ्कित सहायकस्तरका कर्मचारीहरूका लागि कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न, पत्र व्यवहार तथा टिप्पणी लेखनको क्षमता अभिवृद्धि गर्न र कानून तर्जुमा सम्बन्धी ज्ञान प्रदान गर्न दुई दिवसीय क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन भएको छ। चौबीस जना कर्मचारीको सहभागिता रहेको यस प्रशिक्षण कार्यक्रमका उपलब्धि देहायबमोजिम रहेका छन्ः-

- कानून तर्जुमा सम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान प्राप्त गरेको,
- प्रशिक्षार्थीहरूलाई नेपाली कानूनी भाषा शुद्ध लेख्न सहयोग पुगेको, र

- कार्यालयमा प्रत्येक दिन गर्नुपर्ने पत्र व्यवहार तथा टिप्पणी लेखन जस्ता कार्यमा आउने कठिनाई सम्बोधन गरिएको हुँदा प्रशिक्षार्थीहरूमा कार्यालयमा काम गर्ने उत्प्रेरणा अभिवृद्धि भएको।

यसैगरी कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोगमा कार्यरत अधिकृतस्तरका चार जना कर्मचारीहरूलाई चार पाङ्ग्रे ड्राइभिङ्ग लाइसेन्सको प्रशिक्षणमा सहभागी गराइएको थियो।

**(ख) कानून तर्जुमा क्षमता अभिवृद्धि कार्यक्रम**

आयोगले कानून तर्जुमा सम्बन्धी विषयमा सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले नेपाल न्याय सेवा, कानून समूहका उपसचिव र शाखा अधिकृत कर्मचारीका लागि दुई दिवसीय कानून तर्जुमा सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ। तेइस जना अधिकृत कर्मचारीहरूको सहभागिता रहेको उक्त प्रशिक्षण कार्यक्रमका उपलब्धिहरू देहायबमोजिम रहेका छन्:-

- कानून तर्जुमा प्रक्रिया, कानून निर्माण प्रक्रियामा देखिएका समस्या र समाधानका उपाय सम्बन्धी विषयमा कार्यक्रमबाट सहभागीले सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान प्राप्त गरेको र सहभागीहरू बिच ज्ञान तथा अनुभव आदानप्रदानले कानून निर्माण प्रक्रियामा सहयोग पुग्ने अपेक्षा गरिएको,

- सहभागीहरूलाई पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी अवधारणा र अभ्यास सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी विषयमा भएको अन्यौलता हटाउन सघाउ पुगेको,

- प्रत्यायोजित विधायन तथा यसको औचित्य र सिमाका विषयमा सहभागीसँग सैद्धान्तिक पक्षका सम्बन्धमा विभिन्न प्रदेशमा कार्यरत उपसचिव र कानून अधिकृतले भोग्नु परेका समस्या

तथा समाधानका उपायका सम्बन्धमा छलफल गरी सुझाव प्राप्त भएको,

- नेपालको फौजदारी न्याय प्रशासनको संरचना, कानून र न्यायका क्षेत्रमा देखिएका नयाँ प्रवृत्ति सम्बन्धी समस्या र समाधानका उपाय सम्बन्धी विषयमा सहभागी बिच छलफल गरी सुझाव प्राप्त भएको।

### ३.२.१० आयोगले हालसम्म तर्जुमा गरेका विधेयक मस्यौदा

विगतदेखि आयोगले विधेयक मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेस गर्दै आएको छ। ऐन प्रारम्भ भएदेखि हालसम्म आयोगले तयार गरेका विधेयक मस्यौदाको विवरण अनुसूची-१३ मा राखिएको छ।

# परिच्छेद-चार

## सुझाव तथा सिफारिस

संविधानले शक्ति पृथकीकरणको सिद्धान्तलाई स्वीकार गरी राज्यका तीन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिच राज्य शक्तिको पृथकीकरणको व्यवस्था गर्दै शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्त समेत अवलम्बन गरेको छ। शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राज्यका अङ्गहरूले आ-आफ्नो काम स्वतन्त्रतापूर्वक सम्पादन गर्दछन् भन्ने मान्यता रही आएको छ। सो सिद्धान्त बमोजिम राज्यका अङ्गहरू एक अर्कोबाट स्वतन्त्ररूपमा कार्य गर्न सक्षम छन्।

लोकतान्त्रिक राज्य प्रणालीमा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनतामा निहित रहने भएकोले सरकार सदैव जनताप्रति उत्तरदायी र जवाफदेही बन्नु पर्ने विश्वव्यापी मान्यता रहेको छ। नेपालले पनि यसका लागि कानूनी राज्यको मान्यतालाई अवलम्बन गरी राज्यका काम कारबाहीलाई पारदर्शी तथा जवाफदेही बनाउन विभिन्न कानूनी व्यवस्था गर्दै आएको छ। विद्यमान कानूनी व्यवस्थामा उपयुक्त सुधारका लागि आयोगले ऐनको दफा १० बमोजिम नेपाल सरकार समक्ष देहाय बमोजिमका सुझाव तथा सिफारिस पेस गरेको छः-

### ४.१ कानून निर्माणको क्षेत्र

संविधान कार्यान्वयनका लागि धेरै कानून निर्माण भए तापनि केही कानून हालसम्म निर्माण हुन सकेका छैनन्। नयाँ कानून निर्माण र विद्यमान कानून संशोधन गर्नुपर्ने देखिएकोले देहायका सुझाव प्रस्तुत गरिएका छन्:-

#### ४.१.१ राष्ट्रिय युवासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्नुपर्ने

युवामा सिर्जनशीलता, वैज्ञानिकता र उद्यमशीलता बोध गराई राजनीतिक, आर्थिक र सामाजिक विकासका क्षेत्रमा युवाको पहुँच बढाउँदै उत्पादन, उपभोग, लाभ र दीर्घकालीन प्रभावसँग युवालाई जोड्न तथा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रभित्र युवाको कर्तव्य र अधिकार परिभाषित गरी युवाको दक्षता, अनुभव र उर्जा समेतलाई मुलुकको विकासमा मूलप्रवाहीकरण गर्न सकेमा मात्र सोऱ्हौं पञ्चवर्षीय योजनाले अङ्गिकार गरेको सुशासन,

सामाजिक न्याय र समृद्धिको सोच सार्थक हुने हुन्छ। उल्लिखित समग्र विषयलाई सम्बोधन गर्न *राष्ट्रिय युवा परिषद् ऐन, २०७२* ले नसकेको सन्दर्भमा युवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी नयाँ कानून निर्माण गर्न आवश्यक भएकोले राष्ट्रिय युवा सम्बन्धी ऐन निर्माण गर्नुपर्ने देखिन्छ।

### ४.१.२ अभियोग प्रमाणित नभएका कारण भोग्नुपर्ने सजाय बापत भुक्तान गर्नुपर्ने क्षतिपूर्ति सम्बन्धमा

निवेदक रामकुमार कार्की विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट नं. ०७५-WO-१९७ को परमादेश मुद्दामा सर्वोच्च अदालत, संयुक्त इजलासबाट मिति २०७६।११।२१ मा "गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको, मुद्दाको अन्तिम निर्णय हुँदा सफाइ पाएको विषयमा कानून र न्यायका जानकार, सम्बन्धित विषय विज्ञ, अन्तरराष्ट्रिय स्तरमा अन्य प्रजातान्त्रिक मुलुकले यस सम्बन्धमा गरेका कानूनी व्यवस्था समेत अध्ययन मनन गरी यस अदालतको पूर्व आदेश अनुसार उपर्युक्त कानून निर्माण गरी न्यायोचित तथा मानवोचित रूपले क्षतिपूर्ति प्रदान गर्नेतर्फ आवश्यक कारबाही गर्नु" भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा निर्देशनात्मक आदेश जारी भएको छ। रामकुमार कार्की विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार[३] समेत, अधिवक्ता अमृतप्रसाद श्रेष्ठ विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार[४] समेत लगायतको मुद्दामा गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति प्रदान गर्न कानून निर्माण गर्नु भनी आदेश जारी भएको छ। गलत अनुसन्धान र अनुचित अभियोजनका कारण भएका पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक

---

३ नेपाल कानून पत्रिका, २०७७ अङ्क १०, निर्णय नं. १०५९३।

४ नेपाल कानून पत्रिका, संवैधानिक इजलास खण्ड २०७५ अङ्क १, निर्णय नं. ०००६।

व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ लगायतका मानव अधिकार सम्बन्धी विभिन्न अन्तरराष्ट्रिय महासन्धिको नेपाल पक्ष राष्ट्र पनि भएको छ। संविधानद्वारा अपराध पीडितको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएको समेतको परिप्रेक्ष्यमा अभियोग प्रमाणित नभएका कारण भोग्नुपर्ने सजाय बापत भुक्तान गर्नुपर्ने क्षतिपूर्ति सम्बन्धी कानून निर्माण गर्न आवश्यक देखिएको छ।

## ४.२ अध्ययन तथा अनुसन्धानको क्षेत्र

### ४.२.१ सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी नजिरको सम्बन्धमा

सर्वोच्च अदालतले संविधान र कानूनको व्याख्या गर्ने, सिद्धान्तहरू प्रतिपादन गर्ने महत्त्वपूर्ण कार्य सम्पादन गर्ने गर्दछ। संविधानमा न्याय सम्बन्धी अधिकार अदालत तथा न्यायिक निकायबाट प्रयोग हुने, मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने, सर्वोच्च अदालत अभिलेख अदालत हुने, संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था रहेको छ। साथै मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ।

संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम सर्वोच्च अदालतले समय समयमा विभिन्न विषयमा निर्देशनात्मक आदेश समेत जारी गर्ने गरेको छ। मुद्दाको रोहमा न्यायपालिकाले गरेका व्याख्या, फैसला एवम् आदेशहरूको कार्यान्वयनबाट कानूनको परिमार्जन र विकासमा समेत सहयोग पुग्दछ। सर्वोच्च अदालतले समय समयमा नयाँ कानून निर्माण तथा विद्यमान कानूनमा सुधार गर्ने सन्दर्भमा दिएका आदेशहरूलाई कार्यान्वयन गरेमा राज्यका कानूनमा सुधार आई कानूनी राज्यलाई सुदृढ गर्न मद्दत पुग्छ।

सर्वोच्च अदालतले गरेका फैसला र दिएका आदेशको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी कार्यान्वयन हुन नसकेको देखिएमा कार्यान्वयन हुन नसक्नुका कारणहरू र त्यसको निराकरणका उपायहरू समेत

पहिचान गरी फैसला र आदेशको कार्यान्वयन गर्न जरूरी छ। अतः यस विषयमा देहायका कारणले अध्ययन गर्नुपर्ने आवश्यक देखिएको छः-

- सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्त, जारी भएका आदेश र फैसलाबमोजिम कानून निर्माण भए नभएको अध्ययन गर्न,
- नयाँ कानून निर्माण गर्नुपर्ने तथा मौजुदा कानूनमा संशोधन गर्नुपर्ने गरी भएका आदेश र फैसला बमोजिम कानून बनाउनु पर्ने देखिएमा सो सम्बन्धमा सुझाव पेस गर्न,
- सर्वोच्च अदालतबाट भएका न्यायिक व्याख्याको विषयवस्तु र विकसित भएका विधिशास्त्रको अध्ययन गर्न।

### ४.२.२ नेपालमा कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स, ए.आई.) प्रयोग सम्बन्धमा

कृत्रिम बुद्धिमता (आर्टिफिसियल इन्टेलिजेन्स, ए.आई.) लाई वर्तमान समयमा सूचना र प्रविधिको विकासको परिष्कृत रूप मान्न सकिन्छ। यसको प्रयोग शिक्षा, स्वास्थ्य, वित्त, न्याय प्रणाली, सार्वजनिक सेवा, उद्योग तथा सुरक्षा लगायतका विभिन्न क्षेत्रमा भएको छ। कृत्रिम बुद्धिमताको अवधारणा नेपालको कानूनी क्षेत्रमा नौलो विषय भए तापनि यसको प्रयोगकर्ता दिनानुदिन बढ्दै गएका छन्। नेपालमा यसको उपयोगिता बढाउन सके समग्र मुलुकको विकासमा यसले टेवा पुऱ्याउने देखिन्छ।

नेपालमा कृत्रिम बुद्धिमताको प्रयोग सम्बन्धमा देहायका कारणले अध्ययन गर्नुपर्ने आवश्यक देखिएको छः-

- कृत्रिम बुद्धिमताको प्रयोगको सम्भावनाका क्षेत्र पहिचान गर्न,
- कृत्रिम बुद्धिमताको अधिकतम उपयोग गरी समग्र मुलुकको विकासका लागि उपयोग गर्न,
- कृत्रिम बुद्धिमताको अन्तरराष्ट्रिय प्रयोगका सम्बन्धमा विश्लेषण गर्न,
- कृत्रिम बुद्धिमता सम्बन्धमा चुनौती, समस्या तथा समाधानका उपाय पहिचान गर्न।

### ४.२.३ नेपालमा डिम्बदानसम्बन्धी कानूनी व्यवस्था र यसको आवश्यकता सम्बन्धमा

विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदन अनुसार विश्वका प्रजनन उमेर समूहका मानिसमध्ये १७.५ प्रतिशतमा बाँझोपनको समस्या रहेको छ।[५] नेपालमा १५ देखि २५ प्रतिशत दम्पती यस समस्याबाट ग्रस्त छन्। नेपालमा पनि बाँझोपन समस्या तीव्र रुपमा बढ्दै गएको छ र यसको उपचारका लागि सहायक प्रजनन प्रविधि (Assisted Reproductive Technology) मध्ये इन्भेट्रो फर्टिलाइजेशन एक प्रभावकारी माध्यमका रुपमा स्थापित हुँदै आएको छ। यसै सन्दर्भमा हालसम्म डिम्बदानसम्बन्धी स्पष्ट कानूनी व्यवस्था नभए तापनि *जनस्वास्थ्य सेवा नियमावली, २०७७* को अनुसूची-४ मा विशिष्टिकृत सेवा अन्तर्गत इन्भेट्रो फर्टिलाइजेसनलाई राखिएको छ। त्यसैगरी *निःसन्तान व्यवस्थापन सेवा सञ्चालन सम्बन्धी मापदण्ड, २०८२* को दफा ८ मा डोनर सम्बन्धी मापदण्डको व्यवस्था रहेको छ। वीर्यदान र डिम्बदानसम्बन्धी उपयुक्त कानूनी नियमन नहुँदा बालिका तथा किशोरीहरूको शोषण भइरहेको छ। बालिका तथा किशोरीहरू आर्थिक प्रलोभनमा परेर डिम्बदानमा संलग्न हुने जोखिम समेत बढेको छ। तसर्थ, डिम्बदान सम्बन्धमा कानून निर्माण गर्न आवश्यक भए, नभएको अध्ययन गर्न आवश्यक देखिएको छ।

### ४.२.४ प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा पाए सरह वा सोसरह पदावलीको प्रयोग र प्रभाव सम्बन्धमा

प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा पाए सरह वा सोसरह शब्दको प्रयोग भएको पाइन्छ। कानून सरल, सहज, बोधगम्य र स्पष्ट हुनुपर्छ। पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका सम्बन्धमा कानूनमा "पाए सरह" वा "सो सरह" भन्ने शब्द प्रयोग हुँदा कानूनको प्रयोगमा एकरूपता नहुनुका साथै कानूनको व्याख्यामा समस्या र कार्यान्वयनमा जटिलता देखिएको छ। कतिपय अवस्थामा सेवा, सुविधा उपलब्ध गराउने निकाय र सेवा, सुविधा प्राप्त गर्ने पदाधिकारी बिच मतभेदको स्थिति समेत सृजना हुन सक्ने देखिन्छ। तसर्थ,

[५] https://www.who.int/news/item/04-04-2023-1-in-6-people-globally-affected-by-infertility?

प्रचलित कानूनमा सार्वजनिक निकायमा नियुक्त हुने व्यक्तिको पारिश्रमिक, सेवा, सुविधा तथा योग्यताका विषयमा "पाए सरह" वा "सो सरह" पदावलीको प्रयोग र यसको प्रभाव सम्बन्धमा विस्तृत अध्ययन गरी तदनुसार नेपाल सरकारलाई सुझाव पेस गर्न प्रस्तुत विषयमा अध्ययन गर्न आवश्यक भएको छ।

## ४.३ प्रविधिमैत्री आयोग तथा जनशक्ति विकास

कानून निर्माण भएको छोटो समयमा कानूनको संशोधन गर्नुपर्ने अवस्थालाई निरुत्साहित गर्न कानून निर्माण गर्दा सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गर्ने पद्दतिलाई अवलम्बन गर्नुपर्ने हुन्छ। त्यसका लागि सम्बन्धित निकायमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ। कानूनको मस्यौदा तर्जुमा गर्ने जिम्मेवारी प्राप्त आयोगमा पनि दक्ष जनशक्ति उपलब्ध हुनुपर्ने हुन्छ। साथै अन्तरराष्ट्रियस्तरमा कानून मस्यौदाको क्षेत्रमा भएको विकास अनुरूप नेपालमा पनि कानूनको मस्यौदालाई समसामायिक बनाउन आयोगमा कार्यरत जनशक्तिलाई थप सक्षम बनाउनु पर्ने आवश्यकता देखिएको छ। त्यसका लागि पर्याप्त स्रोत साधन तथा कानून तर्जुमासँग सम्बन्धित विषयमा कर्मचारीलाई स्वदेश तथा विदेशमा उचित प्रशिक्षणको व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यस्तो कार्य हुन सकेमा आयोगमा कार्यरत कर्मचारीको मनोबल उच्च हुने र कानून मस्यौदामा गुणस्तरीयता कायम गर्न सहयोग पुग्ने हुन्छ।

नेपाल कानूनलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी आयोगको वेबसाइटमा राख्नुपर्ने हुन्छ। त्यसैगरी नेपालको प्राचीन कानूनी दस्तावेजलाई पनि आयोगको वेबसाइटमा राख्नुपर्ने भएको छ। यसको लागि आयोगको काम कारबाहीलाई प्रविधिमैत्री बनाउनु पर्ने हुन्छ। पर्याप्त आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको व्यवस्था गर्नुपर्ने आवश्यक देखिएको छ।

## ४.४ आयोगको विगतका सिफारिस तथा सुझावहरूको कार्यान्वयन

आयोगले विगतमा पेस गरेका वार्षिक तथा अन्य प्रतिवेदनमा उल्लिखित भएका सिफारिस तथा सुझावको कार्यान्वयनको आवश्यकता रहेको छ।

## परिच्छेद-पाँच

## अवसर र चुनौती

आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन एवम् अनुसन्धान सम्बन्धी कार्य सञ्चालन गर्दै कानून प्रणालीको विकास र समृद्धिमा योगदान पुऱ्याउँदै आएको छ। आयोगले आफ्नो कार्य सञ्चालनका सिलसिलामा देखिएका अवसर र चुनौतीलाई देहाय बमोजिम उल्लेख गरिएको छः-

### ५.१ अवसर

आयोगका अवसर देहाय बमोजिम रहेका छन्ः-

(क) ऐनले आयोगलाई स्वायत्त कानूनी संस्थाको रूपमा स्थापित गरी कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने अवसर दिएको छ।

(ख) *विद्यायन ऐन, २०८१* को दफा ५ ले सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमा गर्न आयोगलाई अनुरोध गर्न सक्ने व्यवस्थाले विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमा गर्ने अवसर दिएको छ।

(ग) संविधान प्रदत्त अधिकार प्रयोग गरी सङ्घ, प्रदेश र स्थानीय तहबाट कानून निर्माण भइरहेको सन्दर्भमा त्यस्ता कानूनको अध्ययन गरी कानूनको तहगत सोपान अनुरूप कानून निर्माण गर्न, निर्माण भएका कानूनमा सङ्गति र एकरूपता कायम गर्न र कानूनको औचित्य स्थापित गर्न अध्ययन अनुसन्धान गरी सुझाव प्रस्तुत गर्ने अवसर रहेको छ।

(घ) सङ्घ, प्रदेश र स्थानीय तहबाट निर्माण गर्नुपर्ने कानूनको मस्यौदा तर्जुमा कार्यमा आयोग संलग्न भई आयोगको कार्यक्षेत्रमा विस्तार हुनसक्ने अवसर छ।

(ङ) संविधान, मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता, अन्तरराष्ट्रिय सर्वोत्तम अभ्यास, नेपाल पक्ष भएका अन्तरराष्ट्रिय कानूनले सृजना गरेका

दायित्व समेतलाई दृष्टिगत गर्दा विद्यमान कानूनी व्यवस्थामा समयानुकूल सुधार र संशोधन गर्ने हुँदा आयोगको भूमिका बढोत्तरी हुने अवसर सृजना भएको छ।

(च) आयोगलाई कानून निर्माणको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन कानून सम्बन्धी बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्ने अवसर रहेको छ।

## ५.२ चुनौती

आयोगका चुनौती देहायबमोजिम रहेका छन्ः-

(क) संविधानले व्यवस्था गरेको सङ्घीय शासन प्रणाली बमोजिम प्रदेश र स्थानीय तहमा कानूनको अभावमा आफ्नो कार्य विस्तार गरी सेवा प्रवाह गर्न चुनौती रहेको छ।

(ख) आयोगको आफ्नै भवन नहुँदा आयोगका दैनिक कार्य सञ्चालन असहज भई कार्य वातावरण मिलाउन चुनैती रहेको छ।

(ग) सीमित जनशक्तिबाट आयोगलाई तोकिएको जिम्मेवारी सम्पादन गर्न चुनौती रहेको छ।

(घ) पर्याप्त स्रोत साधनको अभावमा कर्मचारीहरूको व्यावसायिक र वृत्ति विकास गर्नु अर्को चुनौतीको रूपमा रहेको छ।

(ङ) सीमित स्रोत साधनको उपलब्धताका कारण आयोगप्रति कर्मचारीको आकर्षण कायम राखी कार्यरत कर्मचारीहरूलाई उत्प्रेरित गर्न अर्को चुनौती देखापरेको छ।

(च) प्रविधिको प्रयोग गरी कार्यसम्पादन गर्न र प्रविधि प्रयोग गर्ने जनशक्तिको विकास गर्नु चुनौतीपूर्ण छ।

(छ) विदेशी मुलुकका कानून आयोगसँग समन्वय र सहकार्य गर्न र त्यस्ता आयोगले विकास गरेको अनुसन्धान, प्रक्रिया, पद्धति र सर्वोत्तम अभ्यासलाई अवलम्बन गरी आयोगका काम कारबाही सम्पादन गर्न चुनौती रहेको छ।

# परिच्छेद-छ

## आयोगको भूमिका प्रभावकारी बनाउने उपाय

अनुसन्धानमा आधारित कानून निर्माणका लागि आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी र परिणाममुखी बनाउन देहायका विषयहरूको उपयुक्त सम्बोधन हुनुपर्ने देखिन्छः-

### ६.१ आयोगलाई कानून सम्बन्धी बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्ने

संसारका विभिन्न देशहरूका कानून आयोगको अध्ययन र आयोगबाट काम कारबाही सम्पादन गर्ने क्रममा हासिल भएको अनुभवबाट आयोगलाई कानून सम्बन्धी बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्न आवश्यक देखिएकोले देहायबमोजिम गर्न जरूरी छः-

(क) आयोगलाई कानून सम्बन्धी बौद्धिक नीति विकास संस्थाको रुपमा विकास गर्न आयोगको सङ्गठन संरचना समेतको सुधारको लागि ऐनमा समयसापेक्ष संशोधन गर्नु पर्ने देखिन्छ।

(ख) आयोगलाई ऐनको दफा १० को खण्ड (क) मा कानून तथा न्यायसम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने काम, कर्तव्य तोकिएको छ। यसैगरी सोही दफाको खण्ड (ज) र दफा १७ मा कानून सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न आयोगले विशेषज्ञको सेवा लिन सक्ने व्यवस्था रहेको छ।

उल्लिखित जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न आयोगलाई कानून र न्याय सम्बन्धी खोजमूलक अनुसन्धान गर्ने निकायको रूपमा विकास गर्नु पर्ने हुन्छ। यसका लागि आयोगको काम, कर्तव्य र अधिकारलाई देहायका विषयमा थप केन्द्रित गर्न आवश्यक छः-

- संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको कार्यान्वयनको अवस्था र नेपाल सरकारले लिएका नीतिहरूको अध्ययन, अनुसन्धान गर्ने,

- हाल प्रयोग नभएका, एकआपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको सम्बन्धमा अध्ययन गर्ने,
- नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धि सम्झौता बमोजिम कानून निर्माण भए नभएको र कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,
- कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन, अनुसन्धान गर्ने,
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम कानून निर्माण भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,
- कानूनको कार्यान्वयन अवस्थाको अध्ययन, अनुसन्धान गर्ने,
- निर्माण गर्नुपर्ने नयाँ कानून सम्बन्धी विभिन्न विषयमा शोध गर्ने, अवधारणापत्र तयार गर्ने र त्यसको प्रकाशन गर्ने,
- अध्ययन, अनुसन्धानमा आवश्यकता अनुसार विशेषज्ञको सेवा लिनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,
- आयोगबाट गरिएका अध्ययन, अनुसन्धानलाई नेपाली र अङ्ग्रेजी भाषामा शोध पत्रिकाको रूपमा प्रकाशन गर्ने,
- नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धि सम्झौताको नेपाली अनुवाद र नेपाल कानूनको अङ्ग्रेजी अनुवाद गराई प्रकाशन गर्ने,
- विदेशी राष्ट्रको कानून आयोगसँग सम्बन्ध स्थापित गरी त्यस्ता राष्ट्रहरूको अध्ययन, अनुसन्धान र कानून तर्जुमा सम्बन्धी अनुभव आदानप्रदान गर्ने।

(ग) प्रदेश र स्थानीय तहका कतिपय कानून सङ्घीय कानूनसँग असङ्गत देखिएको, प्रदेश-प्रदेशको कानूनमा एकरूपता नभएको, कतिपय कानूनहरू कानून तर्जुमाको ढाँचामा नभएको, प्रदेश र स्थानीय तहका प्रत्यायोजित विधायन प्रत्यायोजित विधायनको सिद्धान्त अनुरूप नभएको समेत हुँदा प्रदेश र स्थानीय

तहको कानून तर्जुमा गर्दा त्यस्ता कमजोरी हुन नदिन प्रदेश र स्थानीय तहका कानूनको मस्यौदा गर्दा समेत आयोगलाई संलग्न गराउनु पर्ने आवश्यकता देखिएको छ।

## ६.२ ऐनको मस्यौदा एकद्वार प्रणालीबाट गर्ने

ऐनको दफा १० को खण्ड (घ) ले नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने जिम्मेवारी आयोगलाई सुम्पेको छ। त्यसैगरी दफा २१ ले कानून तर्जुमा सम्बन्धी कार्यमा आयोगलाई संलग्न गराउन सकिने व्यवस्था गरेको छ। नेपाल सरकारले पेस गर्ने अधिकांश सरकारी विधेयकहरू मस्यौदा गर्न आयोगमा नपठाई सम्बन्धित मन्त्रालय आफैंले वा परामर्शदाता मार्फत मस्यौदा गर्ने गरिएको पाइन्छ। यसबाट कानूनको मस्यौदामा एकरूपता कायम हुन नसक्नुका साथै कानून तर्जुमाको अनुभव नभएका व्यक्ति समेतबाट मस्यौदा गर्ने गरेको सन्दर्भमा स्रोत, साधन र समयको समेत सदुपयोग हुन सकेको छैन।

आयोग मार्फत मस्यौदा गर्दा अध्ययन, अनुसन्धान गरी विशेषज्ञ र सरोकारवालाहरूको समेत संलग्नतामा मस्यौदा तयार हुने हुँदा कानूनमा एकरूपता कायम हुने, सरकारी स्रोतको उचित सदुपयोग हुने, कानून बिच एक आपसमा दोहोरोपन नहुने र कार्यान्वयनमा सहजता हुने हुन्छ। अतः अध्ययन, अनुसन्धान गरी मस्यौदा तयार गर्नुपर्ने नयाँ विधेयकको मस्यौदा आयोगबाट गराउने गरी एकद्वार प्रणाली अवलम्बन गर्न उपयुक्त देखिन्छ।

## ६.३ कार्यान्वयन गर्नुपर्ने विषय

ऐनमा भएका कार्यान्वयन गर्नुपर्ने विषय देहायबमोजिम रहेका छन्ः-

(क) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ग) मा नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू

मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना सदस्यहरू समेत आयोगमा रहने व्यवस्था छ। तर लामो समय देखि यस खण्ड बमोजिमका सदस्य मनोनयन हुन नसकेको अवस्था रहेको छ।

(ख) ऐनको दफा ५ मा आयोगले आवश्यक ठानेको विषयसँग सम्बन्धित लब्धप्रतिष्ठित विज्ञहरूमध्येबाट बढीमा पाँचजना विज्ञलाई नेपाल सरकारले मानार्थ आयोगको सदस्यमा नियुक्त गर्नसक्ने व्यवस्था रहेको छ। प्रस्तुत कानूनी व्यवस्था बमोजिम हालसम्म कुनै पनि व्यक्तिलाई मानार्थ सदस्य नियुक्त गरिएको छैन।

(ग) ऐनको दफा २१ मा कानून तर्जुमा सम्बन्धी काममा आवश्यकता अनुसार आयोगलाई संलग्न गराउन सकिने व्यवस्था भए तापनि आयोगलाई प्रभावकारी रूपमा कानून तर्जुमा प्रक्रियामा संलग्न गराइएको अवस्था छैन।

(घ) ऐनको दफा २७ मा ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्ने व्यवस्था रहेको भए तापनि हालसम्म नियमावली नबनेको अवस्था छ।

## ६.४ आधुनिक स्तरको पुस्तकालय निर्माण गर्ने

स्रोत र स्थानको अभावमा आयोगमा कानून र कानूनको अनुसन्धानका लागि सन्दर्भ ग्रन्थहरूको पर्याप्तता छैन। अतः पुस्तकालयका लागि उपयुक्त भवन (आयोगको लागि भवन) को व्यवस्था, पुस्तकालय अधिकृतको स्थायी दरवन्दी सृजना र कानूनको अनुसन्धान तथा सन्दर्भ ग्रन्थहरूको लागि पर्याप्त स्रोत विनियोजन भई आयोगमा आधुनिक स्तरको व्यवस्थित पुस्तकालय निर्माण गर्न आवश्यक छ।

## ६.५ पर्याप्त स्रोत साधनको व्यवस्था हुनुपर्ने

नेपाल सरकारका अन्य निकायमा प्रत्येक आर्थिक वर्षमा बढोत्तरीको आधारमा भएपनि बजेट बढ्ने गरेको छ। तर, आयोगमा बजेट बढ्नुको सट्टा घट्ने क्रम रहेको छ। आयोगको बजेट ऐनको दफा २६ बमोजिम सम्पर्क मन्त्रालयको रुपमा रहेको कानून,

न्याय तथा संसदीय मामिला मन्त्रालयको सिलिङभित्र रहने गरेको छ। बजेट तयार गर्दा उक्त मन्त्रालयको बजेट वृद्धि हुन नसकेबाट सिलिङ प्रणालीको कारणले आयोगको बजेट निरन्तर घट्दै गइरहेको छ।

ऐनको दफा २० ले आयोगलाई आवश्यक पर्ने बजेट नेपाल सरकारले व्यवस्था गर्नेछ भन्ने व्यवस्था गरेको छ। तर, आयोगका लागि बजेट विनियोजन गर्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सिलिङ्गभित्र राखेका कारण आवश्यकता भन्दा न्यून बजेट विनियोजन हुँदै आएको छ।

अतः आयोगका लागि छुट्टै सिलिङ्ग निर्धारण गरी क्षेत्रगत मन्त्रालय बजेट सूचना प्रणाली (Line Ministry Budgetary Information System-LMBIS) मा आयोगका नाममा छुट्टै सिलिङ्ग राखी बजेट विनियोजनको व्यवस्था भएमा पर्याप्त स्रोतको व्यवस्था गरी आयोगले सहज किसिमबाट कार्य गर्न सक्नेछ। साथै, आयोगलाई उल्लिखित विषयमा अध्ययन, अनुसन्धान गर्न र विशेषज्ञ सेवा लिनको लागि समेत बजेट व्यवस्था हुनुपर्ने आवश्यकता रहेको छ।

## ६.६ भौतिक पूर्वाधारको व्यवस्था

आयोगको आफ्नै भवन नहुँदा दैनिक रूपमा गर्नुपर्ने काम समेत प्रभावित हुने गरेको छ। आयोगको काम कारबाही समिति वा कार्य टोली मार्फत समेत हुने भएकोले छलफलको लागि सेमिनार कक्ष, बैठक कक्ष, पुस्तकालय, सूचना प्रविधि कक्ष, प्रशिक्षार्थी कक्षको उपयुक्त व्यवस्था गर्न सकिएको छैन। कर्मचारीको कार्यकक्ष टहरामा रही अनुपयुक्त र अस्वस्थकर हुँदा कार्य वातावरणमा समेत असर परिरहेको छ भने भाडाको टहरालाई महँगो वहाल तिर्नुपर्दा नेपाल सरकारलाई आर्थिक व्ययभार समेत परिरहेको छ। त्यसैगरी आयोगले कार्यसम्पादन गर्दा माननीय मन्त्री, सचिव, विशेषज्ञ लगायतसँग नियमित रुपमा छलफल गर्नुपर्ने हुन्छ। तर आयोगको भवन केन्द्रीय प्रशासनिक भवन भन्दा धेरै टाढा भएको कारण काम कारबाहीमा असहज भएको छ। आयोगको काम कारबाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि उपयुक्त भवनको स्थायी व्यवस्था हुनुपर्ने देखिन्छ।

आयोगका अध्यक्ष, उपाध्यक्ष र सहसचिवले हाल प्रयोग गर्नु भएको सवारी साधन पुरानो भई मर्मत गरिरहनु पर्ने भएको हुँदा तीनवटा हलुका सवारी साधन र आयोगको विभिन्न कार्यक्रमको सिलसिलामा काठमाडौं उपत्यका बाहिर जाँदा प्रयोग गर्ने प्रयोजनको लागि एउटा गरी चारवटा नयाँ हलुका सवारी साधनको टड्कारो आवश्यकता रहेको छ।

## ६.७ जनशक्ति व्यवस्थापन

कुनै पनि सङ्गठनको उद्देश्य पूर्ति गर्ने मुख्य स्रोत मानव स्रोत हो। मानव स्रोतको अभावमा सङ्गठनले आशातीत सफलता प्राप्त गर्न सक्दैन। आयोगबाट सम्पादन हुने कामकारबाहीलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन्। आयोगमा अध्यक्ष र उपाध्यक्ष बाहेक हालको सङ्गठन संरचना अनुसार कूल ३४ जनाको (सवारी चालक तथा कार्यालय सहयोगी समेत) स्वीकृत दरबन्दी रहेको छ। कार्यप्रकृति अनुसार आयोगको काम अधिकृतस्तरका कर्मचारीबाट गराई आयोगलाई अधिकृतमुखी बनाउन आवश्यक देखिएको हुँदा हालको राजपत्र अनङ्कित दरबन्दीलाई हटाएर राजपत्राङ्कित दरबन्दी थप गर्नुपर्ने हुन्छ। त्यसका लागि केही अनुभवी कर्मचारी आवश्यक भए तापनि कर्मचारी खटन पटनमा आयोगको कुनै भूमिका नरहने भएकोले प्रायः नयाँ कर्मचारीहरू आयोगमा सरुवा भई आउने गरेको र आयोगबाट अनुभव हासिल गरे पश्चात् अन्यत्र सरुवा भई जाने हुँदा कार्यसम्पादनमा कठिनाई उत्पन्न हुने गरेको छ।

आयोगको आफ्नै स्वीकृत सङ्गठन संरचना तथा जनशक्तिको दरबन्दी रहेको भए तापनि आयोगसँग समन्वय नगरी कर्मचारी सरुवा वा काजमा अन्यत्र पठाउँदा आयोगको संस्थागत स्मरण नहुने, आयोगको काममा बाधा पुग्न जाने र कर्मचारीको व्यावसायिक क्षमता विकासमा असर पर्ने हुँदा सम्बद्ध निकायहरू संवेदनशील हुन जरुरी छ।

## ६.८ वृत्ति विकास र व्यावसायिकताको विकास

तालिमले कर्मचारीको क्षमतालाई पुनर्ताजगी गर्ने काम गर्दछ। कर्मचारीहरूमा रहेको क्षमतालाई समयसमयमा पुनर्ताजगी र अभिवृद्धि गर्न विभिन्न प्रकारका तालिम आवश्यक पर्दछ। कानून तर्जुमा, अध्ययन, अनुसन्धान एवम् व्यावसायिक सीपको लागि कर्मचारीलाई तालिम, स्थलगत अनुसन्धान, वैदेशिक अध्ययन अवलोकन भ्रमण लगायतका कार्यक्रममा सहभागीता गराउँदा कर्मचारीमा विशेषज्ञता समेत प्राप्त हुन्छ। कर्मचारीलाई यस प्रकारका अवसर उपलब्ध गराउन आयोगको प्रत्यक्ष भूमिका नहुने, आयोगलाई नेपाल सरकारबाट प्राप्त स्रोत उपयोग गरी अवसर उपलब्ध गराउन नसकिने र अवसर प्रदान गर्ने निकायबाट आयोगलाई प्राथमिकता नदिने गरेको हुनाले आयोगमा कार्यरत कर्मचारीको उपयुक्त वृत्ति विकास हुन नसकेको र उत्प्रेरणा समेत जागृत हुन सकेको छैन।

## अनुसूची-१

(१.२.८.३ सँग सम्बन्धित)

### वि.सं.२०१० सालदेखि हालसम्म आयोगका अध्यक्षहरूको नामावली

१. बडाकाजी श्री माणिकलाल राजभण्डारी, चेयरम्यान, ल कमिशन (२०१०।०९।०६)

२. श्री विनोद प्रसाद धिताल, पदेन अध्यक्ष, कानून आयोग (२०२०।१०।०८)

३. श्री नयन बहादुर खत्री, अध्यक्ष, कानून आयोग (२०२९।२।२९)

४. श्री नयन बहादुर खत्री, अध्यक्ष, नेपाल कानून सुधार आयोग (२०३६।८।२३ - २०४१।०८।०२)

५. श्री विश्वनाथ उपाध्यक्ष, अध्यक्ष, नेपाल कानून सुधार आयोग (२०४१।०८।०२)

६. श्री हरगोबिन्द सिहं प्रधान, अध्यक्ष, नेपाल कानून सुधार आयोग (२०५२।१।१९ - २०५७।०१।१८)

७. श्री निरञ्जन थापा, अध्यक्ष, नेपाल कानून सुधार आयोग (२०५९।११।१६ - २०६२।०३।३१)

८. श्री बाबुराजा जोशी, अध्यक्ष, नेपाल कानून आयोग (२०६३।४।१५ - २०६८।४।१४)

९. श्री उमेश चन्द्र झा, अध्यक्ष, नेपाल कानून आयोग (२०६८।०९।१२ - २०७३।०३।०९)

१०. श्री माधव पौडेल, अध्यक्ष, नेपाल कानून आयोग (२०७३।०३।२६ - २०७८।०३।२५)

११. श्री जागेश्वर सुवेदी, अध्यक्ष, नेपाल कानून आयोग (२०७८।०५।१० - २०८२।०४।१४)

## अनुसूची-२

(१.२.८.३ सँग सम्बन्धित)

### वि.सं.२०६० सालदेखि हालसम्म आयोगका उपाध्यक्षहरूको नामावली

१. श्री उदय नेपाली श्रेष्ठ (२०६०।०४।१९)

२. श्री हरिप्रसाद न्यौपाने (२०६३।०५।२६)

३. श्री प्रचण्डराज प्रधान (२०६८।०९।१२)

४. श्री भेषराज शर्मा (२०७२।१०।१३)

५. प्रा. डा. लक्ष्मीप्रसाद मैनाली (२०७७।१२।१२ देखि हालसम्म)

## अनुसूची-३

(१.२.८.३ सँग सम्बन्धित)

## आयोगका सचिवहरूको नामावली

१. श्री तीर्थमान शाक्य

२. श्री सुरेशमान श्रेष्ठ

३. श्री मोहनमणी दाहाल

४. श्री विनोद कुमार देवकोटा (२०५९।११।२० सम्म)

५. श्री दिवाकर पन्त (२०५९।१२।०५ - २०६०।११।१५)

६. श्री हरिप्रसाद न्यौपाने (२०६०।११।१८ - २०६३।०६।०१)

७. श्री मोहन बन्जाडे (२०६३।०६।०४ - २०६८।०५।२३)

८. श्री प्रमोद कुमार कार्की (२०६८।०९।१८ - २०६९।०३।२०)

९. श्री राजेन्द्र किशोर क्षेत्री (२०६९।०४।०३ - २०७१।०१।३०)

१०. श्री रञ्जन कृष्ण अर्याल (२०७१।०५।०६ - २०७१।१२।१९)

११. श्री मणिराम ओझा (२०७२।११।१० - २०७३।०४।०९)

१२. श्री रवि शर्मा अर्याल (२०७३।०४।१० - २०७३।१०।०४)

१३. श्री चिरञ्जिवी खनाल (२०७४।०९।३० - २०७७।०७।०१)

१४. श्री लीलादेवी गड्तौला निरौला (२०७७।१०।०२ - २०८०।०५।२४)

१५. श्री तोयानाथ अधिकारी (२०८०।०५।२५ - २०८१।०४।०४)

१६. श्री पाराश्वर ढुङ्गाना (२०८१।०४।२३ - २०८१।०८।२८)


१७. श्री आलोकचन्द्र श्रेष्ठ (२०८१।०९।०१ - २०८२।०४।०७)

१८. श्री इन्दिरा दहाल (भट्टराई) (२०८२।०४।१८ देखि हालसम्म)

# अनुसूची-४

(१.२.८.४ सँग सम्बन्धित)

## आयोगको सङ्गठनात्मक संरचना



## अनुसूची-५

(१.४.१ सँग सम्बन्धित)

## कर्मचारीको स्वीकृत दरबन्दी विवरण

| | | |
|---|---|---|
| १. | सचिव (विशिष्ट श्रेणी), नेपाल न्याय सेवा | १ जना |
| २. | सहसचिव (रा.प. प्रथम श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | २ जना |
| ३. | उपसचिव (रा.प. द्वितीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | ३ जना |
| ४. | शाखा अधिकृत (रा.प. तृतीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | ५ जना |
| ५. | लेखा अधिकृत (रा.प. तृतीय श्रेणी), नेपाल प्रशासन सेवा, लेखा समूह | १ जना |
| ६. | कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी), नेपाल विविध सेवा | १ जना |
| ७. | नायव सुब्बा, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह | ३ जना |
| ८. | नायव सुब्बा, नेपाल न्याय सेवा, कानून समूह | ५ जना |
| ९. | कम्प्यूटर अपरेटर, नेपाल विविध सेवा | १ जना |
| १०. | खरिदार, नेपाल न्याय सेवा, कानून समूह | ४ जना |
| ११. | हलुका सवारी चालक, इन्जिनियरिङ्ग सेवा | ३ जना |
| १२. | कार्यालय सहयोगी | ४ जना |
| १३. | स्वीपर | १ जना |

**कूल दरबन्दी** **३४ जना**

## अनुसूची-६

(१.४.१ सँग सम्बन्धित)

## कार्यरत कर्मचारीको नामावली

| | |
|---|---|
| १. श्री इन्दिरा दहाल (भट्टराई) | - सचिव |
| २. श्री गंगाबहादुर खरेल | - सह-सचिव |
| ३. श्री शंकर बहादुर के.सी. | - सह-सचिव |
| ४. श्री जलेश्वर राम | - उप-सचिव |
| ५. श्री गंगा न्यौपाने | - उप-सचिव |
| ६. श्री सविना महर्जन | - शाखा अधिकृत |
| ७. श्री प्रशंसा अधिकारी | - शाखा अधिकृत |
| ८. श्री कुसुम कार्की | - शाखा अधिकृत |
| ९. श्री रामबहादुर थापा मगर | - कम्प्युटर इन्जिनियर |
| १०. श्री किशोर विश्वकर्मा | - लेखा अधिकृत |
| ११. श्री कमला कुमारी बोहरा | - नायब सुब्बा |
| १२. श्री चण्डेश्वरी प्रजापति | - कम्प्युटर अपरेटर |
| १३. श्री नबिन गेलाल | - नायब सुब्बा |

१४. श्री ईश्वर बहादुर खत्री - नायब सुब्बा

१५. श्री दिपक कुमार थापा मगर - नायब सुब्बा

१६. श्री सम्झना ज्ञवाली - खरिदार

१७. श्री शबनम पोखरेल - खरिदार

१८. श्री बबिता डुम्रे - खरिदार

१९. श्री मिठे राना - कार्यालय सहयोगी

२०. श्री रामबहादुर रानामगर - कार्यालय सहयोगी

२१. श्री दिलशोभा पोडे - स्विपर

२२. श्री तिलक बहादुर श्रेष्ठ - हलुका सवारी चालक (सेवा करार)

२३. श्री खडानन्द दाहाल - हलुका सवारी चालक (सेवा करार)

२४. श्री चन्द्र बहादुर थापा मगर - हलुका सवारी चालक (सेवा करार)

२५. श्री सविता राना - कार्यालय सहयोगी (सेवा करार)

२६. श्री सृजना लम्साल - कार्यालय सहयोगी (सेवा करार)

## अनुसूची-७

(१.४.२ सँग सम्बन्धित)

## आयोगको सवारी साधन तथा भौतिक स्रोत साधनहरूको विवरण

| क्र.सं. | विवरण | चालु अवस्थाको | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | जम्मा |
|---|---|---|---|---|---|
| १. | जीप | ३ | - | - | ३ |
| २. | कार | ५ | - | - | ५ |
| ३. | मोटरसाइकल | ७ | - | १ | ८ |
| ४. | स्कुटर | ६ | - | - | ६ |
| ५. | ई-साईकल | २ | - | १ | ३ |
| ६. | डेस्कटप कम्प्युटर | १९ | - | १४ | ३३ |
| ७. | मनिटर | ९ | - | ३ | १२ |
| ८. | ल्यापटप | १२ | ३ | १५ | ३० |
| | ट्यावलेट | १ | | १ | २ |
| ९. | प्रिन्टर | २२ | ३ | ८ | ३३ |
| ९. | स्क्यानर | २ | - | ४ | ६ |
| १०. | फ्याक्स | - | - | २ | २ |
| ११. | फोटोकपी मेशिन | १ | २ | २ | ५ |
| १२. | क्यामरा | - | - | १ | १ |
| १३. | प्रोजेक्टर | ३ | - | १ | ४ |
| १४. | टेलिभिजन | १ | - | - | १ |
| १५. | ए.सी. | ३ | - | - | ३ |
| १६. | फ्रिज | - | - | १ | १ |

# अनुसूची - ८

(१.४.३ सँग सम्बन्धित)

# आयोगको आ.व. २०८१/८२ को वित्तीय प्रगति विवरण

म.ले.प. फाराम नं:२१३

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
आयोग
नेपाल कानुन आयोग
कार्यालय कोड नं : ३११२१३५०१

**आर्थिक विवरण**

**आ.व.: २०८१/८२**

बजेट उपशीर्षक नम्बर: ३११२१०११४
आयोजना/कार्यक्रम नाम: नेपाल कानून आयोग

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| 31122मेशिनरी तथा औजार | | | | | ३२५,०००.०० | ३१,०००.०० | ३१,०००.०० | ३२५,०००.०० | २३९,५६०.०० | २३९,५६०.०० | ८५,४४०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | २५,०००.०० | ०.०० | ०.०० | २५,०००.०० | १८,७००.०० | १८,७००.०० | ६,३००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 02-नगद (आन्तरिक ऋण) | | | ३००,०००.०० | ३१,०००.०० | ३१,०००.०० | ३००,०००.०० | २२०,८६०.०० | २२०,८६०.०० | ७९,१४०.०० | ०.०० |
| 31123फर्निचर तथा फिक्चर्स | | | | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १८५,८५७.०० | १८५,८५७.०० | १४,१४३.०० | ०.०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 02-नगद (आन्तरिक ऋण) | | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १८५,८५७.०० | १८५,८५७.०० | १४,१४३.०० | ०.०० |
| | | जम्मा | | | ५२५,०००.०० | ३१,०००.०० | ३१,०००.०० | ५२५,०००.०० | ४२५,४१७.०० | ४२५,४१७.०० | ९९,५८३.०० | ०.०० |

## स्रोतगत विवरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११००००१-नेपाल | | २५,०००.०० | ०.०० | ०.०० | २५,०००.०० | १८,७००.०० | १८,७००.०० | ६,३००.०० | ०.०० |
| | ०१-नगद | २५,०००.०० | ०.०० | ०.०० | २५,०००.०० | १८,७००.०० | १८,७००.०० | ६,३००.०० | ०.०० |
| ११००००१-नेपाल | | ५००,०००.०० - | ३१,०००.०० | ३१,०००.०० | ५००,०००.०० | ४०६,७१७.०० | - ४०६,७१७.०० | ९३,२८३.०० | ०.०० |
| | ०२-नगद (आन्तरिक ऋण) | ५००,०००.०० | ३१,०००.०० | ३१,०००.०० | ५००,०००.०० | ४०६,७१७.०० | ४०६,७१७.०० | ९३,२८३.०० | ०.०० |
| | जम्मा | ५२५,०००.०० | ३१,०००.०० | ३१,०००.०० | ५२५,०००.०० | ४२५,४१७.०० | ४२५,४१७.०० | ९९,५८३.०० | ०.०० |

| | |
|---|---|
| फछ्यौंट हुन बाँकी पेस्की | ०.०० |
| गत आ व सम्मको | |
| यस आ व को | |
| जम्मा | |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

लेखा अधिकृत

सचिव

Printed By: kishor3112 Printed Date: Jul 20, 2025 03:21 PM Page 1 / 2

म.ले.प. फाराम नं:२१३

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
आयोग
नेपाल कानुन आयोग
कार्यालय कोड नं : ३११२१३४०१

**आर्थिक विवरण**

**आ.व.: २०८१/८२**

बजेट उपशीर्षक नम्बर: ६०१०००१३३

आयोजना/कार्यक्रम नाम: संचित बिदा

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| 27313सेवा निवृत्तको संचित बिदा | | | | | 0.00 | १,४४०,३६८.०० | 0.00 | १,४४०,३६८.०० | १,४४०,३६८.०० | १,४४०,३६८.०० | 0.00 | 0 |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | | | 0.00 | १,४४०,३६८.०० | 0.00 | १,४४०,३६८.०० | १,४४०,३६८.०० | १,४४०,३६८.०० | 0.00 | 0 |
| | | **जम्मा** | | | 0.00 | १,४४०,३६८.०० | 0.00 | १,४४०,३६८.०० | १,४४०,३६८.०० | १,४४०,३६८.०० | 0.00 | 0 |

## स्रोतगत विवरण

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११००००१-नेपाल | | 0.00 | १,४४०,३६८.०० | 0.00 | १,४४०,३६८.०० | १,४४०,३६८.०० | १,४४०,३६८.०० | 0.00 | 0 |
| | ०१-नगद | 0.00 | १,४४०,३६८.०० | 0.00 | १,४४०,३६८.०० | १,४४०,३६८.०० | १,४४०,३६८.०० | 0.00 | 0 |
| | **जम्मा** | 0.00 | १,४४०,३६८.०० | 0.00 | १,४४०,३६८.०० | १,४४०,३६८.०० | १,४४०,३६८.०० | 0.00 | 0 |

| | |
|---|---|
| फछ्यौंट हुन बाँकी पेस्की | 0.00 |
| गत आ व सम्मको | |
| यस आ व को | |
| जम्मा | |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

तयार गर्ने :
नाम:
पद:
मिति:

पेस गर्ने :
नाम:
पद:
मिति:

प्रमाणित गर्ने:
नाम:
पद:
मिति:

# अनुसूची-९

(३.१ सँग सम्बन्धित)

## आयोगको आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम

| क्र.सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| १. | २.७.२५.८ विधेयक तर्जुमा | १५०० | • आयोगले आवश्यक ठानेको विषयमा विधेयक तर्जुमा गर्ने,<br>• अन्य निकायबाट आयोगलाई प्राप्त विषयमा विधयक तर्जुमा गर्ने। | ४ | मस्यौदा समिति गठन गरी कार्य प्रारम्भ गर्ने। | प्रारम्भिक मस्यौदा तयार गर्ने। | मस्यौदा उपर राय/सुझावको लागि कार्यक्रम गर्ने। | आयोगबाट पारित गराउने। |
| २. | २.२.७.२५.१० विभिन्न कानूनको अध्ययन अनुसन्धान | १००० | • आयोगले आवश्यक ठानेको कुनै विषयका सम्बन्धमा अध्ययन अनुसन्धान गरी Research Paper तयार गर्ने,<br>• नेपाल सरकार वा अन्य सरकारी निकायबाट अनुरोध भएबमोजिम विभिन्न विषयमा अध्ययन तथा | ५ | अध्ययन समिति गठन गरी अध्ययन प्रारम्भ गर्ने। | अध्ययन गर्ने। | प्रतिवेदन तयार गरी आयोगबाट पारित गराउने। | आयोगबाट पारित गराउने। |

| क.सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| | | | अनुसन्धान गर्ने। | | | | | |
| ३. | २.७.२५.११ प्रशिक्षार्थी सेवा लिने | २५० | • कानून विषयमा स्नातक तहमा अध्ययनरत प्रशिक्षार्थीहरूलाई आयोगको काम कारबाहीमा संलग्न गराउने,<br>• विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउने । | १० | ५ | | ५ | |
| ४. | २.७.२५.१२ अवधारणापत्र तयार | १६५ | • आयोगले आवश्यक ठानेको कुनै पनि विषयमा कानून तर्जुमा गर्नका लागि अध्ययन गरी अवधारणापत्र तयार गर्ने,<br>• मौजुदा कानूनको पुनरावलोकन गर्न अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने,<br>• कुनै अन्तर्राष्ट्रिय सन्धिमा नेपाल पक्ष हुँदा हुने | ११ | अवधारणापत्र तयार गर्ने कार्यको थालनी। | अवधारणापत्र लेखन। | अवधारणापत्र तयार गरी सचिव समक्ष पेश गर्ने। | |

| क्र.सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| | | | फाइदाको सम्बन्धमा। | | | | | |
| ५. | २.७.२५.१४ वेवसाईट व्यवस्थापन (वेबसाईट अद्यावधिक/ कानून अनुवाद/ अनुवाद परीक्षण/ टाईपिङ्ग/प्रुफ रिडिङ्ग/अपलोड आदि) | १००० | • मौजुदा कानूनमा भएका संशोधन अद्यावधिक गर्ने,<br>• नयाँ कानूनहरू अद्यावधिक गर्ने,<br>• विभिन्न कानूनी दस्तावेज वेवसाईटमा राख्ने,<br>• मौजुदा कानूनको अङ्ग्रेजी अनुवाद र अन्तर्राष्ट्रिय कानूनी दस्तावेजको नेपाली अनुवाद अद्यावधिक गर्ने। | - | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६. | २.७.२५.९ अन्तर्क्रिया तथा गोष्ठी | ६०० | • कानूनी सचेतना कार्यक्रम (Legal Dissemination Program) अन्तर्गत नयाँ तथा महत्वपूर्ण कानून तथा अन्तरनिहित प्रावधानहरूको बारेमा जानकारी प्रदान तथा | ३ | १ | १ | १ | |

| क्र.सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| | | | प्रचारप्रसार गर्ने,<br>• गोष्ठी/अन्तर्क्रिया अन्तर्गत आयोगबाट तर्जुमा गरिने/भएका विधेयकहरूका सम्बन्धमा सरोकारवाला एवम् विज्ञहरूसँग छलफल तथा अन्तर्क्रिया गरी राय सुझाव सङ्कलन गर्ने,<br>• आयोगको वार्षिक कार्यक्रमको समिक्षा तथा निर्माण सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गर्ने। | | | | | |
| ७. | २.७.५.१० वार्षिक प्रतिवेदन तयारी र प्रकाशन | २०० | • एक आर्थिक वर्षमा गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गर्ने, छपाई तथा प्रकाशन गर्ने। | - | वार्षिक प्रतिवेदन तयार गर्ने, छपाई तथा प्रकाशन गर्ने। | | | |
| ८. | २.७.५.१२ आयोगको | ४१५ | • Android तथा iPhone मोवाइल, ट्याव वा अन्य | १ | Pre-procurement Documentation | • Procurement.<br>• Mobile Application Development. | Finalization and Launch of Mobile | Debugging and maintenance. |

| क्र.सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| | मोबाइल एप्लिकेशन अद्यावधिक तथा स्तरोन्नति | | ग्याजेटमा चल्ने आयोगको आधिकारिक APPs मा ऐन, कानूनहरूलाई अद्यावधिक र स्तरोन्नति। | | . | | Application. | |
| ९. | २.७.५.१३ आयोगको वेबसाइट अद्यावधिक तथा स्तरोन्नति | ५०० | • कानूनले तोकेको मापदण्ड तथा प्रचलित मान्यता अनुसार वेबसाइटको स्तर अद्यावधिक गर्ने। | १ | • Website Backup and Migration.<br>• Pre-procurement Documentation. | • Procurement.<br>• Web app development. | Finalization of web app development<br>. | Debugging and maintenance. |
| १०. | २.७.७.१२ कानूनी शब्दकोष निर्माण | १००० | • कानूनी क्षत्रेमा प्रयोग हुने शब्द र अर्थमा एकरूपता ल्याउन आधिकारिक कानूनी शब्दकोष (Legal Dictionary) तयार गर्ने। | १ | शब्द सङ्कलनको कार्य समाप्ति र विज्ञ मनोनयन गर्ने। | विज्ञबाट परिमार्जन र सम्पादन। | सम्पादित शब्दकोषको अन्तिम मस्यौदा तयार गर्ने। | आयोगबाट पारित गरी छपाई तथा प्रकाशन गर्ने। |
| ११. | २.७.७.४ कानूनको खारेजी, परिमार्जन, | १००० | • समयानुकूल कानूनको खारेजी, परिमार्जन, संशोधन र एकीकरण गर्ने,<br>• आयोगको वेबसाइटमा भएका | ३ | कार्यसमिति गठन गरी अध्ययन अनुसन्धान प्रारम्भ गर्ने। | आयोगको वेबसाइटमा रहेका नियमहरूको विस्तृत अध्ययन गरी सच्याउनु पर्ने, | प्रतिवेदन तयार गर्ने। | |

| क्र.सं. | बजेट शीर्षक | बजेट (रू. हजारमा) | मुख्य क्रियाकलाप | सङ्ख्या | समयावधि | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| | संशोधन र एकीकरण गर्ने | | ऐन तथा नियमावलीहरू नेपाल राजपत्र अनुसार भए नभएको रूजु गरी परिमार्जन गर्ने। | | | अद्यावधिक गर्नुपर्ने र नेपाल राजपत्रसँग एकरूपता कायम गर्ने विषय पहिचान गर्ने। | | |
| १२. | २.६.१.१० कर्मचारीको क्षमता अभिवृद्धि तालिम | १०० | • आयोगमा कार्यरत तीनजना कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न चार पाङ्ग्रे ड्राइभिङ प्रशिक्षण दिने। | १ | | १ | | |
| | | | • सहायक स्तरका कर्मचारीको लागि कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने। | १ | | १ | | |
| १३. | २.६.१.१६ कानून तर्जुमा क्षमता अभिवृद्धि | २४० | • शाखा अधिकृत र उपसचिव स्तरका कर्मचारीलाई कानून तर्जुमा सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | २ | | १ | १ | |
| | **कुल जम्मा** | **७९६५** | | | | | | |

## आ.व. २०८१/८२ को वार्षिक कार्यक्रमको प्रगति विवरण

| क्र.स. | कार्यक्रम शीर्षक | लक्ष्य | विनियोजित बजेट (हजारमा) | खर्च (हजारमा) | वित्तीय प्रगति (प्रतिशतमा) | भौतिक प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| १. | विधेयक तर्जुमा | ४ | ५५२ | ४५१ | ८१.७ | ५० |
| २. | विभिन्न कानूनको अध्ययन अनुसन्धान गर्ने वा गराउने | ५ | ७५० | ६०३ | ८०.४ | ८० |
| ३. | प्रशिक्षार्थी सेवा लिने | १० | २१५.६ | १८० | ८३.७ | ९० |
| ४. | अवधारणापत्र तयार गर्ने | ११ | १२७.५ | १२७ | १०० | १०० |
| ५. | वेवसाईट व्यवस्थापन | १ | १२३५ | ११६३ | ९४.२ | १०० |
| ६. | अन्तर्क्रिया/गोष्ठी | ३ | ४९० | ४८९ | ९९.९ | १०० |
| ७. | वार्षिक प्रतिवेदन तयारी र प्रकाशन | १ | २०० | १९९ | ९९.५ | १०० |
| ८. | आयोगको मोबाइल एप्लीकेशन अद्यावधिक र स्तोरन्नती | १ | २६६.५ | - | - | - |
| ९. | आयोगको वेबसाइट अद्यावधिक र स्तोरन्नती | १ | ३७५ | - | - | १०० |
| १०. | कानूनको खारेजी, परिमार्जन, संशोधन र एकीकरण गर्ने सम्बन्धमा अध्ययन | ३ | ९५६ | ९५५ | ९९.९ | १०० |
| ११. | कानूनी शब्दकोश निर्माण | १ | ४४८८ | २०४८ | ४५.६ | १०० |
| १२. | कर्मचारीको क्षमता अभिवृद्धि | २ | ९९.९ | ७९ | ७९.० | १०० |
| १३. | कानून तर्जुमा क्षमता अभिवृद्धि | २ | २४० | ९० | ३७.५ | ५० |

## अनुसूची- १०

(३.२.१ सँग सम्बन्धित)

## आ.व. २०८१/८२ मा आयोगबाट तर्जुमा भई सम्बन्धित मन्त्रालयमा पठाइएको विधेयक मस्यौदाको पूर्ण पाठ

### (१) <u>उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

१. **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन (आधार र मापदण्ड निर्धारण) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आङ्गिक क्याम्पस" भन्नाले विश्वविद्यालयको आफ्नै स्रोत साधन, जनशक्ति र लगानीमा स्थापना भई सञ्चालनमा रहेको क्याम्पस सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले दफा ४७ बमोजिमको "विश्वविद्यालय अनुदान आयोग" सम्झनु पर्छ।

(ग) "उच्च शिक्षण संस्था" भन्नाले केन्द्रीय विश्वविद्यालय वा प्रदेश विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले उच्च शिक्षा प्रदान गर्ने सबै प्रकारका शिक्षण संस्थालाई समेत जनाउँछ।

(घ) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सोभन्दा माथिको शिक्षा सम्झनु पर्छ।

(ङ) "केन्द्रीय विश्वविद्यालय" भन्नाले नेपाल सरकारले सञ्चालन गरेका वा सञ्चालन गर्न अनुमति दिएका विश्वविद्यालय सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "निजी क्याम्पस" भन्नाले उच्च शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गरी निजी क्षेत्रबाट प्रचलित कानून बमोजिम स्थापना तथा सञ्चालन भएका क्याम्पस सम्झनु पर्छ।

(ज) "परिषद्" भन्नाले दफा ४४ बमोजिमको "उच्च शिक्षा परिषद्" सम्झनु पर्छ।

(झ) "प्रदेश विश्वविद्यालय" भन्नाले प्रदेश सरकारले सञ्चालन गरेका वा सञ्चालन गर्न अनुमति दिएका विश्वविद्यालय सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ट) "विधान" भन्नाले उच्च शिक्षण संस्था स्थापना तथा सञ्चालनको लागि सम्बन्धित उच्च शिक्षण संस्थाको संरक्षक परिषद् वा प्रदेश कानून बमोजिमको निकायबाट स्वीकृत भएको विधान (चार्टर) सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले दफा ३३ बमोजिमको "उच्च शिक्षा गुणस्तर प्रत्यायन समिति" सम्झनु पर्छ।

(ड) "सामुदायिक क्याम्पस" भन्नाले उच्च शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गरी स्थानीय समुदायबाट साझेदारी वा सार्वजनिक गुठीद्वारा सञ्चालन हुने गैरनाफामूलक क्याम्पस सम्झनु पर्छ।

## परिच्छेद-२

## उच्च शिक्षण संस्थाको स्थापना तथा सञ्चालन

३. **उच्च शिक्षण संस्थाको स्थापना तथा सञ्चालन** : (१) यो ऐन प्रारम्भ भएपछि उच्च शिक्षण संस्था स्थापना तथा सञ्चालन गर्न अनुसूचीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत स्थापना भएका उच्च शिक्षण संस्थाले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नगरेको भए यो ऐन प्रारम्भ भएको दश वर्षभित्र त्यस्तो मापदण्ड पूरा गर्नु पर्नेछ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले उपदफा (१) बमोजिमको मापदण्ड पूरा गरी उच्च शिक्षण संस्था स्थापना गर्न सक्नेछ।

(४) उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **विधान सम्बन्धी व्यवस्था** : (१) उच्च शिक्षण संस्थाले आफ्नो विधान बनाउनु पर्नेछ र त्यस्तो विधानको ढाँचा आयोगले तोके बमोजिम हुनेछ।

(२) विधानमा अन्य कुराको अतिरिक्त देहायका विषयहरू समावेश गर्नु पर्नेछः-

(क) उच्च शिक्षण संस्थाको सङ्गठन संरचना तथा पदाधिकारी सम्बन्धी व्यवस्था,

(ख) कार्यकारी परिषद् र प्राज्ञिक परिषद् सम्बन्धी व्यवस्था,

(ग) कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था,

(घ) शैक्षिक कार्यक्रम र वार्षिक शैक्षिक क्यालेन्डर सम्बन्धी व्यवस्था,

(ङ) परीक्षा र सोको व्यवस्थापन सम्बन्धी व्यवस्था।

(३) विधान बनाउँदा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी बनाउनु पर्नेछ।

५. **उच्च शिक्षण संस्था स्वशासित र सङ्गठित संस्था हुने** : (१) उच्च शिक्षण संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) उच्च शिक्षण संस्थाले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

६. **उच्च शिक्षण संस्थाको कार्यालय** : उच्च शिक्षण संस्थाको कार्यालय विधानमा उल्लेख भएको स्थानमा रहनेछ।

७. **विश्वविद्यालयको वर्गीकरण** : (१) विश्वविद्यालयको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) केन्द्रीय विश्वविद्यालय,

(ख) प्रदेश विश्वविद्यालय।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका उच्च शिक्षण संस्थालाई नेपाल सरकारले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र केन्द्रीय विश्वविद्यालय र प्रदेश विश्वविद्यालयको रुपमा वर्गीकरण गर्नेछ।

८. **क्याम्पसको वर्गीकरण** : (१) क्याम्पसको वर्गीकरण देहाय बमोजिम हुनेछ :-

(क) आङ्गिक क्याम्पस,

(ख) सामुदायिक क्याम्पस,

(ग) निजी क्याम्पस।

(२) क्याम्पसको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **आङ्गिक क्याम्पस सम्बन्धी व्यवस्था** : (१) केन्द्रीय विश्वविद्यालयले आवश्यकता अनुसार नेपालभित्र आङ्गिक क्याम्पस स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) प्रदेश विश्वविद्यालयले सम्बन्धित प्रदेशमा आङ्गिक क्याम्पस स्थापना र सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आङ्गिक क्याम्पस स्थापना गर्दा आयोगले तोकेको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(४) आयोगले तोकेको मापदण्ड पूरा गरेको कुनै उच्च शिक्षण संस्थाको आङ्गिक क्याम्पसलाई सम्बन्धित प्रदेश सरकारले नेपाल सरकारबाट स्वीकृति लिई प्रदेश विश्वविद्यालयको रूपमा सञ्चालन गर्न सक्नेछ।

(५) उपदफा (४) को प्रयोजनको लागि प्रदेश सरकारले स्वीकृति माग गरेमा नेपाल सरकारले त्यस्तो स्वीकृति दिनु पूर्व सम्बन्धित उच्च शिक्षण संस्थासँग सहमति माग गर्नेछ। उच्च शिक्षण संस्थाले सहमति प्रदान गरेमा नेपाल सरकारले प्रदेश सरकारलाई विश्वविद्यालयको रुपमा सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ।

(६) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै उच्च शिक्षण संस्थाको सम्बन्धन लिई सञ्चालनमा रहेको सामुदायिक क्याम्पस विधान तथा विनियमको अधीनमा रही सञ्चालन हुनेछ।

(७) उपदफा (६) बमोजिमको क्याम्पसलाई सम्बन्धित प्रदेश सरकारले उच्च शिक्षण संस्था वा आङ्गिक क्याम्पसका रूपमा सञ्चालन गर्न सक्नेछ।

(८) उच्च शिक्षण संस्थाले आफ्नो आङ्गिक क्याम्पसलाई तोकिए बमोजिम आयोगको स्वीकृति लिई अन्य उच्च शिक्षण संस्थाको आङ्गिक क्याम्पस हुने गरी स्वामित्व हस्तान्तरण गर्न सक्नेछ।

(९) उपदफा (७) बमोजिम उच्च शिक्षण संस्था वा आङ्गिक क्याम्पस सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>उच्च शिक्षण संस्थाको सङ्गठनात्मक संरचना सम्बन्धी व्यवस्था</u>

१०. **<u>उच्च शिक्षण संस्थाको सङ्गठन</u>** : (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने उच्च शिक्षण संस्थाको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ :-

(क) संरक्षक परिषद्,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) अध्ययन संस्थान वा सङ्काय वा स्कूल,

(ङ) विधानमा उल्लेख भएका अन्य निकाय।

(२) उपदफा (१) बमोजिमका संरचनाको सङ्गठनहरूको सामूहिक रूप उच्च शिक्षण संस्थाको स्वरूप हुनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भएका उच्च शिक्षण संस्थाको सङ्गठनात्मक संरचना र स्वरुप सोही कानून बमोजिम हुनेछ।

११. **<u>संरक्षक परिषद्</u>** : (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने उच्च शिक्षण संस्थामा सर्वोच्च निकायको रूपमा संरक्षक परिषद् रहनेछ।

(२) नेपाल सरकार, मन्त्रिपरिषद्ले स्थापना गरेका उच्च शिक्षण संस्थामा देहाय बमोजिमको संरक्षक परिषद् रहनेछ :-

(क) उपकुलपति - सदस्य

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सचिव, आयोग - सदस्य

(घ) उच्च शिक्षण संस्थाको विषय क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट कम्तीमा दुई जना महिला सहित पाँच जना - सदस्य

(ङ) उच्च शिक्षण संस्थालाई उल्लेख्य रूपमा सहयोग गरेका व्यक्तिहरूमध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(च) आफ्नो पेसा व्यवसायमा उल्लेखनीय उपलब्धी हासिल गरेका वा समाजलाई विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट दुई जना - सदस्य

(छ) उच्च शिक्षण संस्थाका अलमुनाईहरू
मध्येबाट कम्तीमा एक जना महिला
सहित दुई जना - सदस्य

(३) उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यको मनोनयन संरक्षक परिषद्ले गर्नेछ।

(४) उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिम मनोनयन हुने सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) पैंतीस वर्ष उमेर पूरा भएको,

(ख) मान्यताप्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यको हकमा उपदफा (४) को खण्ड (क) र (ख) को व्यवस्था लागू हुने छैन।

(६) यो ऐन प्रारम्भ भएपछि पहिलो पटकको लागि उपदफा (३) बमोजिमका सदस्यहरूको मनोनयन गर्ने प्रयोजनको लागि नाम सिफारिस गर्न नेपाल सरकारले देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्नेछ :-

(क) प्रचलित कानून बमोजिम स्थापना भएका
उच्च शिक्षण संस्थाका पूर्व उपकुलपति
मध्येबाट एक जना - संयोजक

(ख) उच्च शिक्षण संस्थाको संरक्षकको रूपमा

कार्य अनुभव भएका वा शिक्षा क्षेत्रमा
उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरू
मध्येबाट दुई जना - सदस्य

(७) उपदफा (६) बमोजिमको सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि तथा संरक्षकको मनोनयनको लागि नाम सिफारिस गर्दा अवलम्वन गर्नु पर्ने प्रक्रिया सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(८) उपदफा (६) बमोजिमको सिफारिस समितिले कार्य प्रारम्भ गरेको मितिले साठी दिनभित्र मनोनयन गरिने व्यक्तिको नाम नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(९) उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(१०) उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका कुनै सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि यस दफा बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(११) उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका सदस्यको कार्यावधि समाप्त हुनुभन्दा तीन महिना अगावै मनोनयनको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(१२) उपदफा (३) बमोजिम मनोनीत सदस्यहरूमध्येबाट स्नातकोत्तर उपाधि प्राप्त नेपाली नागरिकलाई संरक्षक परिषद्ले कुलपतिको छनोट गर्नेछ।

(१३) उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) बमोजिमका मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको, इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको, उच्च शिक्षण संस्थाको हित विपरीत कुनै काम गरेको वा उपदफा (४) बमोजिमको योग्यता नभएको अवस्थामा संरक्षक परिषद्ले त्यस्तो संरक्षकलाई पदबाट हटाउन सक्नेछ।

तर पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ।

(१४) संरक्षक परिषद्को कुनै सदस्य मनासिव कारण बेगर वा कुलपतिलाई पूर्व जानकारी नगराई संरक्षक परिषद्को लगातार तीनवटा बैठकभन्दा बढी वा आफ्नो कार्यकालको अवधिभर छ वटा भन्दा बढी बैठकमा उपस्थित नभएमा त्यस्तो सदस्य आफ्नो पदबाट स्वतः मुक्त हुनेछ।

(१५) संरक्षक परिषद्ले तोकेको कर्मचारीले सो परिषद्को सचिवको रुपमा काम गर्नेछ।

(१६) प्रदेश सरकारले स्थापना तथा सञ्चालन गरेका उच्च शिक्षण संस्थाको संरक्षक परिषद्को गठन प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

१२. <u>**संरक्षक परिषद्को बैठक**</u> : (१) संरक्षक परिषद्को बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) कुलपतिले तोकेको मिति, समय र स्थानमा संरक्षक परिषद्को बैठक बस्नेछ।

(३) संरक्षक परिषद्को बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना संरक्षक परिषद्को सचिवले सबै सदस्यलाई दिनु पर्नेछ।

(४) संरक्षक परिषद्मा तत्काल कायम रहेको संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) संरक्षक परिषद्को बैठकको अध्यक्षता कुलपतिले गर्नेछ।

(६) संरक्षक परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) संरक्षक परिषद्को बैठकको निर्णय संरक्षक परिषद्को सचिवले सो परिषद्को बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई राख्नेछ।

(८) कुलपतिसँग अनुमति लिई संरक्षक परिषद्को सदस्यले भर्चुअल माध्यमबाट समेत बैठकमा भाग लिन सक्नेछ।

(९) संरक्षक परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि सो परिषद् आफैंले निर्धारण गरे बमोजम हुनेछ।

१३. **<u>संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार</u> :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त संरक्षक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विधान स्वीकृत गर्ने,

(ख) उच्च शिक्षण संस्थाको प्राज्ञिक, शैक्षिक, व्यवस्थापकीय, व्यावसायिक र अन्य आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ग) उच्च शिक्षण संस्थाको उद्देश्य अनुरूप अल्पकालीन तथा दीर्घकालीन योजना तथा रणनीति स्वीकृत गर्ने,

(घ) उच्च शिक्षण संस्थाको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(ङ) उच्च शिक्षण संस्थाको लागि आवश्यक पर्ने विनियम स्वीकृत गर्ने,

(च) उच्च शिक्षण संस्थाका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने वा गराउने,

(छ) उच्च शिक्षण संस्थाबाट प्रदान गरिने उपाधि निर्धारण गर्ने र प्रदान गर्ने,

(ज) अनुसन्धानकर्ता, कर्मचारी र शिक्षकको सेवाका शर्त, तलब तथा सुविधा निर्धारण गर्ने,

(झ) उच्च शिक्षण संस्थाको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, कलेज, अनुसन्धान केन्द्रको स्थापना तथा नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने,

(ञ) उच्च शिक्षण संस्थाको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ट) उच्च शिक्षण संस्थाको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने,

(ठ) आयोग, सम्बन्धित निकाय वा अन्य उच्च शिक्षण संस्थासँग समन्वय गर्ने,

(ड) उच्च शिक्षण संस्थाको कार्य सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने।

**१४.** **<u>प्राज्ञिक परिषद्को गठन</u> :** (१) प्रत्येक उच्च शिक्षण संस्थाको प्राज्ञिक निकायको रूपमा काम गर्न एउटा प्राज्ञिक परिषद् हुनेछ।

(२) प्राज्ञिक परिषद्को गठन विधानमा उल्लेख भए बमोजिम हुनेछ।

**१५.** **<u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u> :** प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्थामा अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयको पाठ्यक्रम निर्धारण तथा स्वीकृत गर्ने,

(ख) उच्च शिक्षण संस्थाको प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने,

(ग) विद्यार्थी भर्नाको योग्यता तथा आधार, विधा परिवर्तन विधि, सिकाई मूल्याङ्कन विधि र परीक्षाको किसिम निर्धारण गर्ने,

(घ) उच्च शिक्षण संस्थाको शैक्षिक गुणस्तर कायम राख्न आवश्यक काम गर्ने,

(ङ) उच्च शिक्षण संस्थाद्वारा प्रदान गरिने विभिन्न उपाधिको लागि संरक्षक परिषद्मा सिफारिस गर्ने,

(च) प्राज्ञिक तथा अनुसन्धानका विषयमा कार्यकारी परिषद्लाई राय वा सल्लाह दिने,

(छ) संरक्षक परिषद्ले तोकेका अन्य काम गर्ने,

(ज) विधानमा उल्लेख भए बमोजिमका काम गर्ने।

१६. **कार्यकारी परिषद्को गठन** : (१) प्रत्येक उच्च शिक्षण संस्थाको कार्यकारी निकायको रूपमा काम गर्न एउटा कार्यकारी परिषद् हुनेछ।

(२) कार्यकारी परिषद्को गठन विधान बमोजिम हुनेछ।

१७. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार** : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संरक्षक परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने,

(ख) उच्च शिक्षण संस्थाको वार्षिक बजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि संरक्षक परिषद्मा पेस गर्ने,

(ग) उच्च शिक्षण संस्थाको कोष तथा चल, अचल सम्पत्तिको सञ्चालन, रेखदेख तथा संरक्षण गर्ने र आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने,

(घ) उच्च शिक्षण संस्थाको शैक्षिक तथा प्राज्ञिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, कलेज, अनुसन्धान केन्द्रको स्थापना र नयाँ कार्यक्रम सञ्चालन गर्न संरक्षक परिषद्मा प्रस्ताव पेस गर्ने,

(ङ) उच्च शिक्षण संस्थाको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृतिका लागि संरक्षक परिषद् समक्ष पेश गर्ने,

(च) उच्च शिक्षण संस्थाको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको नियुक्ति र बढुवा गर्ने,

(छ) अध्ययन शुल्क निर्धारण गर्ने,

(ज) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(झ) उच्च शिक्षण संस्थाले प्रदान गर्ने शैक्षिक तथा प्राविधिक सेवाको गुणस्तर सुनिश्चित गर्ने वा गराउने,

(ञ) उच्च शिक्षण संस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह, सहकारी तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ट) विधानमा उल्लेख भए बमोजिमका काम गर्ने।

## परिच्छेद-४

## उच्च शिक्षण संस्थाका पदाधिकारी र पद सम्बन्धी व्यवस्था

१८. <u>उच्च शिक्षण संस्थाका पदाधिकारी र पद</u> : (१) दफा ३ को उपदफा (१) बमोजिम स्थापना हुने उच्च शिक्षण संस्थामा देहायका पदाधिकारी रहनेछन् :-

(क) कुलपति,

(ख) उपकुलपति,

(ग) शिक्षाध्यक्ष,

(घ) रजिष्ट्रार,

(ङ) डीन,

(च) विधानमा व्यवस्था भए बमोजिमका अन्य पदाधिकारी।

(२) उच्च शिक्षण संस्थामा देहाय बमोजिमका प्राज्ञिक पद रहनेछन्:-

(क) प्राध्यापक,

(ख) सहप्राध्यापक,

(ग) उपप्राध्यापक।

(३) उपदफा (२) मा उल्लिखित प्राज्ञिक पदका अतिरिक्त विधानमा तोके बमोजिमका प्रशासनिक पद रहनेछन्।

(४) उपदफा (२) र (३) बमोजिमको पदमा नियुक्त हुन आवश्यक न्यूनतम योग्यता र अनुभव सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (२) र (३) बमोजिमको पदमा नियुक्त हुने व्यक्तिको काम, कर्तव्य, अधिकार, सेवा, सुविधा र पारिश्रमिक विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

१९. <u>कुलपति</u> : (१) कुलपति उच्च शिक्षण संस्थाको प्रमुख पदाधिकारी हुनेछ।

(२) कुलपतिले संरक्षक परिषद्‌को बैठक र दिक्षान्त समारोहको अध्यक्षता गर्नेछ र निजले उच्च शिक्षण संस्था वा सो उच्च शिक्षण संस्थासँग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

२०. **उपकुलपति** : (१) उच्च शिक्षण संस्थाको कार्यकारी प्रमुखको हैसियतमा कार्य सम्पादन गर्न पूरा समय काम गर्ने पदाधिकारी उपकुलपति हुनेछ।

(२) उपदफा (१) बमोजिमको उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संरक्षक परिषद्‌को निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) उच्च शिक्षण संस्थाद्वारा सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने र सोको प्रतिवेदन कार्यकारी परिषद्‌मा पेस गर्ने,

(ग) उच्च शिक्षण संस्थाको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तयार गर्ने वा गराउने,

(घ) उच्च शिक्षण संस्थालाई आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ङ) आर्थिक अनुशासन, मितव्ययीता र पारदर्शिता कायम गर्ने वा गराउने,

(च) उच्च शिक्षण संस्थाको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने वा गराउने,

(छ) विधानमा उल्लेख भए बमोजिमका काम गर्ने।

२१. **उपकुलपतिको नियुक्ति** : (१) उच्च शिक्षण संस्थाको उपकुलपतिको नियुक्ति गर्ने प्रयोजनको लागि उम्मेदवारको नाम सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ :-

(क) आयोगको अध्यक्ष - संयोजक

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) कुलपतिले संरक्षक परिषद्‌का सदस्यहरूमध्येबाट तोकेको एकजना - सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिको गठन उपकुलपतिको पद रिक्त हुनुभन्दा तीन महिना अगावै गठन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिले उपकुलपतिको नियुक्तिका लागि उम्मेदवारको छनोट गर्न सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) उपकुलपतिको पदका लागि उम्मेदवार हुन देहायको न्यूनतम योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) मान्यता प्राप्त उच्च शिक्षण संस्थाबाट विद्यावारिधि उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षण संस्थाको प्राध्यापक पदमा रही दश वर्ष काम गरेको वा उच्च शिक्षण संस्थाको शिक्षाध्यक्ष, रजिष्ट्रार, डीनको अनुभव सहित सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको,

(ग) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(ङ) पैंतालीस वर्ष उमेर पूरा भएको।

(५) दरखास्त पेस गर्ने उम्मेदावारले उपदफा (१) बमोजिमको सिफारिस समितिले तोकेको अवधि र प्रक्रिया बमोजिम उपकुलपति पदमा नियुक्तिका लागि योजना, कार्यक्रम, रणनीति, कार्यनीति र कार्यपद्दतिसहितको कार्ययोजना पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम उम्मेदवारहरूको कार्य योजना, अन्तर्वार्ता र प्रस्तुतिको मूल्याङ्कनका आधारमा उपदफा (१) बमोजिमको सिफारिस

समितिले सबैभन्दा योग्य एक जना उम्मेदवारको नाम उपकुलपति पदमा नियुक्तिको लागि कुलपति समक्ष सिफारिस गर्नेछ।

(७) उपकुलपति सिफारिस सम्बन्धी अन्य कार्यविधि उपदफा (१) बमोजिमको सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **शिक्षाध्यक्ष** : (१) प्रत्येक उच्च शिक्षण संस्थामा एक जना शिक्षाध्यक्ष हुनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उच्च शिक्षण संस्थाको प्राज्ञिक मामिलाको नेतृत्व र समन्वय गर्ने,

(ख) शैक्षिक कार्यक्रमको तयारी र कार्यान्वयनका सम्बन्धमा रेखदेख, सामञ्जस्य, अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन, कारबाही र निर्देशन दिने,

(ग) पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, परीक्षाका नीति, योजना र कार्यक्रमको निर्धारण, समन्वय र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(घ) शैक्षिक विषयमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समन्वय कायम गर्ने,

(ङ) मातहतका पदाधिकारी र शैक्षिक विभाग तथा शिक्षण संस्थाको रेखदेख, नियन्त्रण, मूल्याङ्कन र समन्वय सम्बन्धी कार्य गर्ने,

(च) परीक्षाको प्राज्ञिक र शैक्षिक गुणस्तर निर्धारण गर्न निर्देशन दिने,

(छ) विधानमा उल्लेख भए बमोजिमका काम गर्ने।

(३) उपदफा (१) बमोजिमको शिक्षाध्यक्षको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. <u>रजिष्ट्रार</u> : (१) प्रत्येक उच्च शिक्षण संस्थामा रजिष्ट्रार रहनेछ।

(२) उपदफा (१) बमोजिमको रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्थाको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ख) उच्च शिक्षण संस्थाको कोष सञ्चालन, लेखा राख्ने र लेखापरीक्षण गर्ने वा गराउने,

(ग) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजनाको तर्जुमा गर्ने र सो को कार्यान्वयन गर्ने वा गराउने,

(घ) उच्च शिक्षण संस्थाको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ङ) उच्च शिक्षण संस्थाको सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

(च) विधानमा उल्लेख भए बमोजिमका काम गर्ने।

(३) उपदफा (१) बमोजिमको रजिष्ट्रारको नियुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. <u>उच्च शिक्षण संस्थाका पदाधिकारी सम्बन्धी अन्य व्यवस्था</u> : (१) उच्च शिक्षण संस्थाका पदाधिकारीले पदमा बहाल रहँदासम्म कुनै राजनीतिक दलमा संलग्न हुन वा राजनीतिक दल वा दलको भातृ सङ्गठनको सदस्य हुनु हुँदैन।

(२) उच्च शिक्षण संस्थाका पदाधिकारीले आफ्नो पद अनुरूप जिम्मेवारी पूरा नगरेमा वा पद अनुकूलको आचरण नगरेमा विधानमा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई पदबाट हटाउन सकिनेछ।

(३) उच्च शिक्षण संस्थाका पदाधिकारीको पदपूर्ति, पद रिक्तता, पारिश्रमिक, सेवा तथा सुविधाका शर्त, आचरण तथा आचारसंहिता सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-५

## प्रमाणपत्र, उपाधि, बौद्धिक सम्पत्ति र राष्ट्रिय योग्यता प्रारूप सम्बन्धी व्यवस्था

२५. **प्रमाणपत्र र उपाधि दिने** : (१) उच्च शिक्षण संस्थामा सञ्चालित शैक्षिक कार्यक्रममा अध्ययन गरी उच्च शिक्षा हासिल गर्न सफल हुने विद्यार्थी, प्रशिक्षार्थी तथा अनुसन्धानकर्तालाई उच्च शिक्षण संस्थाले प्रमाणपत्र तथा शैक्षिक उपाधि प्रदान गर्न सक्नेछ।

(२) उच्च शिक्षण संस्थाले कुनै स्वदेशी वा विदेशी उच्च शिक्षण संस्थाको शैक्षिक उपाधिलाई आफ्नो उच्च शिक्षण संस्थामा अध्ययन वा काम गर्ने प्रयोजनका लागि तोकिए बमोजिम मान्यता दिन सक्नेछ।

तर प्रदेश विश्वविद्यालयले कुनै विदेशी उच्च शिक्षण संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिनु अघि आयोगसँग सहमति लिनु पर्नेछ।

(३) उच्च शिक्षण संस्थाले स्वदेशी वा विदेशी संस्थासँगको सहकार्यमा संयुक्त रुपमा अध्ययन, अध्यापन, अनुसन्धान सम्बन्धी कार्य गर्न र उपाधि प्रदान गर्न सक्नेछ।

तर प्रदेश विश्वविद्यालयले विदेशी संस्थासँग त्यस्तो सहकार्य गर्नु अघि आयोगसँग सहमति लिनु पर्नेछ।

(४) स्वदेशी उच्च शिक्षण संस्थाबाट प्राप्त प्रमाणपत्रको समकक्षता स्वतः प्राप्त भएको मानिनेछ।

तर विदेशी उच्च शिक्षण संस्थाको हकमा समकक्षताको निर्धारण तोकिएको निकायबाट राष्ट्रिय योग्यता प्रारूपका आधारमा गरिनेछ।

(५) उच्च शिक्षण संस्थाले प्रदान गर्ने प्रमाणपत्र, उपाधि तथा मानार्थ उपाधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार** : उच्च शिक्षण संस्थाले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम सम्बन्धित उच्च शिक्षण संस्थामा निहित हुनेछ।

२७. **राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन** : (१) नेपाल सरकारले औपचारिक, अनौपचारिक तथा अनुभवबाट सिकेका ज्ञान, सीप तथा योग्यताको वर्गीकरण, परीक्षण, प्रमाणीकरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्वालिटी एसुरेन्स/एक्रिडीटिएसन), समकक्षता, पारगम्यता (परमियाविलिटी) लगायतका विषयलाई व्यवस्थित गर्न राष्ट्रिय योग्यता प्रारूप (नेसनल क्वालिफिकेसन फ्रेमवर्क) विकास गरी कार्यान्वयन गर्नेछ।

(२) उच्च शिक्षण संस्थाले राष्ट्रिय योग्यता प्रारूपबाट निर्धारित मापदण्डका आधारमा विषयगत, क्षेत्रगत वा विधागत योग्यता तथा तिनको विस्तृत सक्षमता मानकहरू निर्धारण गरी कार्यान्वयन गर्नेछ।

(३) राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## छात्रवृत्ति तथा अध्ययन अनुमतिपत्र

२८. **निः शुल्क उच्च शिक्षा तथा छात्रवृत्ति** : (१) उच्च शिक्षण संस्थामा भर्ना भएका दलित, सीमान्तकृत, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न विद्यार्थीकों लागि उच्च शिक्षा निःशुल्क गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आधार, मापदण्ड र वर्गीकरण सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सुविधा एक विद्यार्थीले प्रत्येक तहमा एक पटक मात्र उपभोग गर्न पाउनेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दलित विद्यार्थीको लागि प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा भर्नाका लागि तोकिए बमोजिमको निःशुल्क छात्रवृत्ति सहित सिट सुरक्षित गर्नु पर्नेछ।

(५) उच्च शिक्षण संस्थाले शहिद, बेपत्ता पारिएका व्यक्ति र अपाङ्गता भएका व्यक्तिका छोरा, छोरीको लागि प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उच्च शिक्षाको व्यवस्था गर्नु पर्नेछ।

(६) सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उच्च शिक्षामा प्रचलित कानून बमोजिम छात्रवृत्ति पाउनेछ।

२९. **<u>छात्रवृत्तिको लागि सिट उपलब्ध गराउनु पर्ने</u>** : (१) चिकित्सा शिक्षा, इन्जिनियरिङ, वन, कृषि तथा पशु विज्ञान र नेपाल सरकारले तोकेका अन्य प्राविधिक विषयको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निजी लगानीका उच्च शिक्षण संस्थाले प्रत्येक शैक्षिक सत्रमा आफूले प्राप्त गरेको कुल सिटमा स्वदेशी लगानीमा सञ्चालित भए कम्तीमा दश प्रतिशत र वैदेशिक लगानीमा सञ्चालित भए कम्तीमा बीस प्रतिशत सिट छात्रवृत्तिका लागि नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ।

(२) सार्वजनिक, सामुदायिक र गैर नाफामूलक उच्च शिक्षण संस्थाले प्राविधिक लगायतका अन्य विषय र निजी शिक्षण संस्थाले प्राविधिक विषय बाहेकका विषयमा प्रत्येक शैक्षिक सत्रमा तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ र सो सम्बन्धी अन्य व्यवस्था विधानमा उल्लेख भए बमोजिम हुनेछ।

३०. **<u>अध्ययन अनुमतिपत्र (नो अब्जेक्सन लेटर) लिनु पर्ने</u>** : (१) विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान चाहने नेपाली विद्यार्थीले मन्त्रालयबाट अध्ययन अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययन अनुमतिपत्रको लिनको लागि तोकिएको विवरण खुलाई तोकिए बमोजिमको शुल्क सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखिएमा मन्त्रालयले तोकिए बमोजिमको ढाँचामा निवेदकलाई अनुमतिपत्र दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई विदेशमा अध्ययनको लागि आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधाका लागि मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

(५) अध्ययन अनुमतिपत्र तथा विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

३१. **अनुमति लिनु पर्ने** : (१) विदेशमा सञ्चालन हुने उच्च शिक्षाको तयारीलाई लक्षित गरी सञ्चालन हुने तयारी कक्षा वा विदेशमा अध्ययन अध्यापन हुने भाषा शिक्षण कक्षा सञ्चालन गर्न चाहने संस्थाले आयोगबाट अनुमति प्राप्त गरी सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने तयारी कक्षा वा भाषा शिक्षणको अनुमति, दर्ता, नवीकरण, नियमन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) विदेशमा उच्च शिक्षा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीका लागि शैक्षिक परामर्श सेवा सञ्चालन गर्न चाहने संस्थाले अनुमतिको लागि तोकिएको ढाँचामा आयोग समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा आयोगले छानबिन गर्दा उपयुक्त देखिएमा तोकिए बमोजिमको धरौटी र दस्तुर लिई अनुमतिपत्र दिनेछ।

(५) उपदफा (४) बमोजिम दिइएको अनुमतिपत्रको अवधि तीन वर्षको हुनेछ र त्यस्तो अनुमतिपत्र नवीकरण गराउन सकिनेछ।

(६) अनुमतिपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन**: (१) यस ऐन बमोजिम अनुमति नलिई विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कुनै पनि कार्यक्रम सञ्चालन गर्न हुँदैन।

(२) विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन गर्न चाहने संस्थाले अनुमतिको लागि तोकिएको ढाँचामा आयोग समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा आयोगले छानबिन, स्थलगत निरीक्षण वा कुनै निकाय वा संस्थाको राय, परामर्श लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको छानबिन, स्थलगत निरीक्षण वा राय, परामर्शबाट उपयुक्त देखिएको र उपदफा (५) बमोजिमको मापदण्ड पूरा गरेको पाइएमा आयोगले तोकिए बमोजिमको धरौटी र दस्तुर लिई अनुमति दिनेछ।

(५) विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालन हुने उच्च शिक्षा कार्यक्रमको मापदण्ड परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(६) विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## उच्च शिक्षा गुणस्तर सुनिश्चितता प्रत्यायन समिति

३३. **उच्च शिक्षा गुणस्तर सुनिश्चितता प्रत्यायन समिति** : (१) मुलुकभित्र सञ्चालित शैक्षिक संस्था र कार्यक्रमको गुणस्तर सुनिश्चितता परीक्षण गरी प्रत्यायन गर्ने प्रयोजनको लागि आयोग अन्तर्गत एक उच्च शिक्षा गुणस्तर सुनिश्चितता प्रत्यायन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) अध्यक्ष, आयोग - अध्यक्ष

(ख) सचिव, आयोग - सदस्य

(ग) सहसचिव (उच्च शिक्षा हेर्ने), मन्त्रालय - सदस्य

(घ) पेशागत व्यावसायिक परिषद्का अध्यक्षहरूमध्येबाट आयोगले मनोनयन गरेका चारजना - सदस्य

(ङ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी कार्यको अनुभव भएका वरिष्ठ प्राध्यापकहरूमध्येबाट कम्तीमा एक जना

महिला सहित आयोगले मनोनयन गरेका
तीनजना - सदस्य

(च) आयोगले तोकेको आयोगको
वरिष्ठ अधिकृत - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि सम्बन्धित पेशागत व्यावसायिक परिषद्को अध्यक्ष पदमा बहालमा रहेसम्म चार वर्षमा नबढ्ने गरी र खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा आयोगले समितिको अध्यक्ष वा सदस्यलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निज खराब आचरणमा लागेमा, वा

(ग) निजले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालननगरेमा।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

३४. **समितिको बैठक** : समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३५. **समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वदेशी उच्च शिक्षण संस्था वा विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित शिक्षण संस्था वा शैक्षिक कार्यक्रमलाई प्रत्यायन प्रमाणपत्र प्रदान गर्ने,

(ख) उच्च शिक्षण संस्था तथा प्रचलित कानून बमोजिम स्थापना भएका व्यावसायिक परिषद्हरूसँग समन्वय गरी उच्च

शिक्षाको गुणस्तर, विश्वसनीयता तथा प्रत्यायन सम्बन्धी कार्य गर्ने वा गराउने,

(ग) परिषद्द्वारा प्रत्यायन गरिएका उच्च शिक्षण संस्था तथा कार्यक्रमको सूची सार्वजनिक जानकारीका लागि प्रकाशन गर्ने,

(घ) उच्च शिक्षाको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धमा परिषद्लाई आवश्यक सल्लाह सुझाव दिने,

(ङ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी अन्तरराष्ट्रिय निकाय वा संस्थासँग सम्बन्ध विकास तथा विस्तार गर्ने,

(च) आयोगको निर्देशन र समन्वयमा रही काम गर्ने,

(छ) आयोग समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने,

(ज) तोकिए बमोजिमको अन्य काम गर्ने।

३६. <u>**सदस्यको पद रिक्त हुने**</u> : देहायको कुनै अवस्था भएमा दफा ३३ को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) दफा ३३ को उपदफा (३) बमोजिम पदावधि पूरा भएमा,

(ग) दफा ३३ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) निजले कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेमा, वा

(च) निजको मृत्यु भएमा।

३७. <u>**उच्च शिक्षण संस्था तथा शैक्षिक कार्यक्रमको स्तरीकरण**</u> : (१) समितिले उच्च शिक्षण संस्था तथा शैक्षिक कार्यक्रमको गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका लागि आवश्यक मापदण्ड, मानक र सूचक तयार गरी आयोगबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृत मापदण्ड, मानक र सूचकका आधारमा परीक्षणमा योग्य देखिएका उच्च शिक्षण संस्था तथा शैक्षिक कार्यक्रमलाई समितिले स्तरीकरण गर्नेछ।

## परिच्छेद-९

## उच्च शिक्षण संस्था गाभ्ने र विघटन सम्बन्धी व्यवस्था

**३८.** **उच्च शिक्षण संस्था गाभिन सक्ने** : (१) कुनै उच्च शिक्षण संस्था अर्को उच्च शिक्षण संस्थामा गाभिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाभिन चाहने उच्च शिक्षण संस्था र गाभ्ने उच्च शिक्षण संस्थाले तोकिएको कुरा खुलाई संयुक्त रूपमा आयोग समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा उच्च शिक्षण संस्था गाभ्न मनासिब देखिएमा आयोगले परिषद् समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव जाँचबुझ गर्दा त्यस्ता उच्च शिक्षण संस्थालाई एक आपसमा गाभ्न मनासिब देखिएमा परिषद्ले सोही व्यहोराको सिफारिस नेपाल सरकार समक्ष पेस गर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको परिषद्को सिफारिस उपयुक्त देखिएमा नेपाल सरकारले त्यस्ता उच्च शिक्षण संस्था एक आपसमा गाभ्न स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको स्वीकृति प्राप्त भएमा आयोगले उच्च शिक्षण संस्थालाई तोकिएको ढाँचामा गाभिएको पत्र दिनेछ।

(७) उपदफा (६) बमोजिम कुनै उच्च शिक्षण संस्था अर्को उच्च शिक्षण संस्थामा गाभिएमा त्यसरी गाभिएको उच्च शिक्षण संस्था र सो अन्तर्गतका शैक्षिक कार्यक्रम, सङ्काय, क्याम्पस, शिक्षक, कर्मचारी तथा विद्यार्थी गाभ्ने उच्च शिक्षण संस्थाको हुनेछ।

(८) यस दफा बमोजिम गाभिएको उच्च शिक्षण संस्थाको हकभोगमा रहेको चल, अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व त्यस्तो गाभ्ने उच्च शिक्षण संस्थामा स्वतः हस्तान्तरण हुनेछ।

(९) उच्च शिक्षण संस्था गाभ्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **उच्च शिक्षण संस्था विघटन गर्न सक्ने** : (१) कुनै कारणले उच्च शिक्षण संस्था सञ्चालन हुन नसकेमा परिषद्को सिफारिसमा नेपाल सरकारले त्यस्तो उच्च शिक्षण संस्था विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उच्च शिक्षण संस्था विघटन गर्नु अघि सम्बन्धित उच्च शिक्षण संस्थालाई आफ्नो सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै उच्च शिक्षण संस्था विघटन भएमा त्यस्तो उच्च शिक्षण संस्थाको हकभोगमा रहेको चल अचल सम्पत्तिमध्ये केन्द्रीय विश्वविद्यालयको सम्पत्ति नेपाल सरकारले र प्रदेश विश्वविद्यालयको सम्पत्ति प्रदेश सरकारले कुनै शिक्षण संस्थालाई उपलब्ध गराउन वा अन्य सरकारी प्रयोजनको लागि प्रयोग गर्न वा गराउन सक्नेछ।

(४) उच्च शिक्षण संस्था विघटन भएपछि सो उच्च शिक्षण संस्थामा कार्यरत शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थीका सम्बन्धमा तोकिए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम उच्च शिक्षण संस्था खारेज गर्नु अघि नेपाल सरकारले आयोगको सिफारिसमा विश्वविद्यालयको सम्पत्ति र दायित्वको हिसाब गरी फर्स्यौट गर्न एकजना लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समुदाय वा स्थानीय तहको स्वामित्वमा रहेको उच्च शिक्षण संस्था विघटन भएमा त्यस्तो उच्च शिक्षण संस्थाको चल अचल सम्पत्ति, दायित्व, शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) उच्च शिक्षण संस्था विघटन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **क्याम्पस हस्तान्तरण गर्न सक्ने** : (१) कुनै एक उच्च शिक्षण संस्था अन्तर्गत सञ्चालित आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसलाई अर्को उच्च शिक्षण संस्था अन्तर्गत सञ्चालन हुने गरी हस्तान्तरण गर्न सम्बन्धित उच्च शिक्षण संस्थाहरूका बीच सहमति भएमा व्यहोरा खुलाई आयोग समक्ष निवेदन दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा आयोगले जाँचबुझ गर्दा हस्तान्तरण गर्न मनासिव देखेमा हस्तान्तरण स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै क्याम्पस अर्को उच्च शिक्षण संस्थामा हस्तान्तरण भएमा त्यस्तो क्याम्पसमा कार्यरत शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थी सोही उच्च शिक्षण संस्थामा हस्तान्तरण भएको मानिनेछ र त्यस्तो क्याम्पसमा अध्ययनरत विद्यार्थीको शैक्षिक कार्यक्रम पूरा गराउने जिम्मा सोही उच्च शिक्षण संस्थाको हुनेछ।

(४) उपदफा (२) बमोजिम हस्तान्तरण गरिएको क्याम्पसको हकभोगमा रहेको चल अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व क्याम्पस हस्तान्तरण सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(५) क्याम्पस हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **विद्यार्थी स्थानान्तरण हुन सक्ने** : एक उच्च शिक्षण संस्था अन्तर्गत अध्ययन गरिरहेको विद्यार्थी अर्को उच्च शिक्षण संस्थामा स्थानान्तरण हुन चाहेमा अध्ययन गरिरहेको उच्च शिक्षण संस्थाको स्वीकृति लिई सम्बन्धित उच्च शिक्षण संस्थाको विनियमको अधीनमा रही स्थानान्तरण गर्न तथा एक उच्च शिक्षण संस्थाबाट प्राप्त अध्ययनको क्रेडिट (प्राप्ताङ्क) जोडी अर्को उच्च शिक्षण संस्थामा निरन्तरता प्रदान गर्न सकिनेछ।

तर, प्राविधिक विषयका विद्यार्थीको हकमा सम्बन्धित व्यावसायिक परिषद्ले तोके बमोजिम हुनेछ।

## परिच्छेद-१०

## उच्च शिक्षण संस्थाको कोष, लेखा र लेखापरीक्षण सम्बन्धी व्यवस्था

४२. **उच्च शिक्षण संस्थाको कोष** : (१) प्रत्येक उच्च शिक्षण संस्थाको एक छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) आयोगबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(ग) शिक्षण शुल्कबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, सरकार वा अन्तरराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम रकम प्राप्त गर्नु अघि उच्च शिक्षण संस्थाले आयोग मार्फत् नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन विधान तथा विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

४३. **लेखा र लेखापरीक्षण** : (१) उच्च शिक्षण संस्थाले आफ्नो आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) उच्च शिक्षण संस्थाको संरक्षक परिषद्ले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) उच्च शिक्षण संस्थाको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखापरीक्षकहरूमध्ये संरक्षक परिषद्बाट नियुक्त लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(४) उच्च शिक्षण संस्थाको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद-११

## उच्च शिक्षा परिषद्को गठन, काम, कर्तव्य र अधिकार

४४. **उच्च शिक्षा परिषद्को गठन** : (१) उच्च शिक्षण संस्थाको स्थापना, सञ्चालन, व्यवस्थापन र नियमन गर्नका लागि उच्च शिक्षा सम्बन्धी राष्ट्रिय नीति निर्धारण गर्न एक उच्च शिक्षा परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री - सहअध्यक्ष

(ग) अध्यक्ष, आयोग - उपाध्यक्ष

(घ) प्रत्येक प्रदेशबाट शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री - सदस्य

(ङ) सदस्य (शिक्षा हेर्ने), राष्ट्रिय योजना आयोग - सदस्य

(च) सचिव, मन्त्रालय - सदस्य

(छ) उच्च शिक्षण संस्थाका उपकूलपतिहरू मध्येबाट पाँचजना - सदस्य

(ज) अध्यक्ष, नेपाल प्राध्यापक सङ्घ - सदस्य

(झ) उच्च शिक्षाको क्षेत्रमा कम्तीमा बीस वर्ष अध्यापन वा अनुसन्धान गरेका प्राध्यापकहरू मध्येबाट कम्तीमा दुईजना महिलासहित पाँचजना - सदस्य

(ञ) उद्योगी, व्यवसायी, व्यापारी, चन्दादाता तथा समाजसेवीहरू मध्येबाट कम्तीमा एक जना महिला सहित तीनजना - सदस्य

(ट) सचिव, आयोग - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ), (झ) र (ञ) बमोजिमका सदस्यको मनोनयनको लागि सिफारिस गर्न परिषद्को सहअध्यक्षको संयोजकत्वमा उपाध्यक्ष र मन्त्रालयको सचिव रहेको एक सिफारिस समिति रहनेछ।

(४) उपदफा (३) बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिलाई परिषद्को अध्यक्षले सदस्यमा मनोनयन गर्नेछ।

(५) उपदफा (४) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको, इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको, उच्च शिक्षण संस्थाको हित विपरीत कुनै काम गरेको वा निज नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहर भएको अवस्थामा परिषद्ले त्यस्तो सदस्यलाई पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त हुन गएमा उपदफा (३) बमोजिमको प्रक्रिया पूरा गरी सोही समूहबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(८) परिषद्को सचिवालय आयोगमा रहनेछ।

४५. <u>परिषद्को बैठक</u> : (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्को कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४४ को उपदफा (२) को खण्ड (च), (झ) र (ञ) बमोजिमका मनोनीत सदस्यको पद कुनै कारणले रिक्त रहेको अवस्थामा तत्काल कायम रहेका कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक सम्बन्धी कारबाही सञ्चालन गर्न बाधा पुगेको मानिने छैन।

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता सहअध्यक्षले गर्नेछ।

(७) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) परिषद्को बैठकमा सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४६. **परिषद्को काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्था स्थापना तथा सञ्चालनको आधार र मापदण्ड सम्बन्धी नीति तथा रणनीति निर्धारण गर्ने,

(ख) उच्च शिक्षण संस्थाको वर्गीकरण सम्बन्धी मापदण्ड स्वीकृत गर्ने,

(ग) उच्च शिक्षण संस्थालाई दिइने आर्थिक सहायता तथा अनुदान सम्बन्धी नीति निर्धारण गर्ने,

(घ) गुणस्तर सुनिश्चितता र प्रत्यायन सम्बन्धी नीति निर्धारण गर्ने,

(ङ) विदेशी उच्च शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड तयार गर्ने,

(च) उच्च शिक्षण संस्थाको स्थापनाका लागि नेपाल सरकार समक्ष सिफारिस पेश गर्ने,

(छ) आयोग, सेवा आयोग र उच्च शिक्षण संस्थालाई आवश्यक मार्गदर्शन दिने,

(ज) उच्च शिक्षाको विकास र प्रवर्धनका लागि आवश्यक अन्य काम गर्ने वा गराउने,

(झ) तोकिए बमोजिमको अन्य काम गर्ने।

## परिच्छेद-१२

## विश्वविद्यालय अनुदान आयोगको गठन, काम, कर्तव्य र अधिकार

४७. **विश्वविद्यालय अनुदान आयोग** : (१) उच्च शिक्षण संस्थाको नियमन गर्न र त्यस्तो संस्थालाई अनुदान वितरण गर्न एक विश्वविद्यालय अनुदान आयोग रहनेछ।

(२) आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षाको क्षेत्रमा कम्तीमा बीस वर्ष अध्ययन वा अनुसन्धान गरी विशिष्ट योगदान पुऱ्याएका प्राध्यापकहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) उपकुलपतिहरूमध्येबाट नेपाल सरकारले तोकेका दुईजना - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) उच्च शिक्षामा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने शिक्षाविद् तथा वरिष्ठ प्राध्यापकहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेको एक जना व्यक्ति - सदस्य

(ङ) उच्च शिक्षाका क्षेत्रमा विशेष योगदान पुऱ्याउने विभिन्न क्षेत्रका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनयन

गरेको एक जना व्यक्ति - सदस्य

(च) सचिव, आयोग - सदस्य-सचिव

(३) आयोगको अध्यक्ष तथा उपदफा (२) को खण्ड (क), (घ) र (ङ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

तर परिषद्को सदस्य नरहेको अवस्थामा त्यस्तो सदस्यको पदावधि स्वतः समाप्त भएको मानिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्था भएमा नेपाल सरकारले आयोगको अध्यक्ष, सदस्य वा सचिवलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराब आचरण भएमा, वा

(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेमा।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो अध्यक्ष, सदस्य वा सचिवलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(७) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको विश्वविद्यालय अनुदान आयोग यस ऐन बमोजिमको आयोग गठन नभएसम्म कायम रहनेछ र सो आयोगले यस ऐन बमोजिम काम गर्नेछ।

४८. **आयोग स्वशासित र सङ्गठित संस्था हुने** : (१) आयोग अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) आयोगले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

४९. **आयोगको बैठक** : (१) आयोगको बैठक आवश्यकता अनुसार आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) आयोगको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(३) आयोगको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उमेरका आधारमा आयोगको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) आयोगको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) आयोगको बैठकको निर्णय आयोगको अध्यक्ष र सचिवले प्रमाणित गरी अभिलेखको रूपमा राख्नु पर्नेछ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

**५०.** **<u>आयोगको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षण संस्थालाई अनुदान वितरण गर्ने,

(ख) उच्च शिक्षण संस्थाको अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने,

(ग) परिषद्बाट स्वीकृत नीति तथा मापदण्डको कार्यान्वयन गर्ने वा गराउने,

(घ) उच्च शिक्षण संस्थाको स्थापना तथा सञ्चालनका लागि मापदण्डको मस्यौदा तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेस गर्ने,

(ङ) उच्च शिक्षण संस्था र शैक्षिक कार्यक्रमको गुणस्तर सुनिश्चतता तथा प्रत्यायन सम्बन्धी मापदण्ड, मानक र सूचक स्वीकृत गर्ने,

(च) उच्च शिक्षण संस्थाको स्तरोन्नति तथा गुणस्तर प्रवर्धनका लागि आवश्यक समन्वय गर्ने,

(छ) राष्ट्रिय योग्यता प्रारूप लागू गर्ने वा गराउने,

(ज) उच्च शिक्षण संस्थाको स्थापनाका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न परिषद् समक्ष पेश गर्ने,

(झ) भूगोल, जनसङ्ख्या तथा स्थानीय विशिष्टताका आधारमा उच्च शिक्षण संस्थाको नक्शाङ्कन गर्ने वा गराउने,

(ञ) उच्च शिक्षण संस्थाको विकास सम्बन्धमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय गर्ने,

(ट) उच्च शिक्षण संस्थाको एकीकृत तथ्याङ्क (डाटाबेस) तयार गर्ने,

(ठ) उच्च शिक्षण संस्थाको वर्गीकरण सम्बन्धी मापदण्ड तयार गरी परिषद्मा गर्ने,

(ड) स्वदेशी तथा विदेशी विश्वविद्यालयको उपाधिको मान्यता र समकक्षता निर्धारण गर्ने,

(ढ) वार्षिक बजेट, कार्यक्रम र प्रतिवेदन तयार गरी परिषद् समक्ष पेस गर्ने,

(ण) तोकिए बमोजिमका अन्य काम गर्ने।

**५१.** **सिफारिस समिति सम्बन्धी व्यवस्था** : (१) दफा ४७ को उपदफा (२) को खण्ड (क) बमोजिमको आयोगको अध्यक्ष, दफा ५५ को उपदफा (१) बमोजिमको आयोगको सचिव र दफा ६२ को उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमको सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले
तोकेको लोक सेवा आयोगको सदस्य - संयोजक

(ख) नेपाल सरकारले नियुक्त गरेको वरिष्ठ
प्राध्यापक - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिको कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५२. **<u>आयोगको अध्यक्ष, सदस्य र सचिवको अयोग्यता</u>** : देहायको व्यक्ति आयोगको अध्यक्ष, सदस्य वा सचिवमा नियुक्त हुन अयोग्य मानिनेछः-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सरकारी वा सार्वजनिक संस्थाको सेवाको पदमा नियुक्तिको लागि योग्य नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्था रहेको,

(च) शारीरिक वा मानसिक कारणले काम कारबाही गर्न असमर्थ रहेको, वा

(छ) पैंतालिस वर्ष उमेर पूरा नभएको।

५३. **<u>पद रिक्त हुने</u>** : देहायको कुनै अवस्थामा आयोगको अध्यक्ष, सदस्य वा सचिवको पद रिक्त हुनेछ :-

(क) निजले नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा ४७ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(घ) दफा ५२ बमोजिम योग्य नभएमा, वा

(ङ) निजको मृत्यु भएमा।

**५४. <u>आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार</u>** : (१) आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको बजेट तथा कार्यक्रम तयार गरी परिषद्मा पेस गर्ने,

(ख) परिषद् र आयोगको बैठकको निर्णयहरू कार्यान्वयन गर्ने वा गराउने,

(ग) परिषद् र आयोगले अधिकार प्रत्यायोजन गरेका अन्य कार्य गर्ने।

(२) आयोगको अध्यक्ष पूर्णकालीन कार्यकारी प्रमुख हुनेछ।

(३) आयोगको अध्यक्षको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

**५५. <u>आयोगको सचिव</u>** : (१) उच्च शिक्षाको क्षेत्रमा कम्तीमा बीस वर्ष अध्यापन वा अनुसन्धान गरेका व्यक्ति तथा प्राध्यापकमध्येबाट दफा ५१ बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिलाई नेपाल सरकारले आयोगको सचिव नियुक्त गर्नेछ।

(२) आयोगको सचिव पूर्णकालीन पदाधिकारी हुनेछ।

(३) आयोगको सचिवको पदावधि चार वर्षको हुनेछ।

(४) आयोगको अध्यक्षको सामान्य निर्देशन र नियन्त्रणमा रही आयोगको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्ने जिम्मेवारी सचिवको हुनेछ र सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को वार्षिक बजेट तथा कार्यक्रम र योजना तयार गरी परिषद् समक्ष पेस गर्ने,

(ख) परिषद्को चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने वा गराउने,

(ग) परिषद् तथा आयोगको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(घ) परिषद् तथा आयोगमा रहने अभिलेख अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने,

(ङ) परिषद्का कर्मचारीलाई कार्यविभाजन गरी काममा लगाउने,

(च) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने,

(छ) परिषद्, आयोग वा आयोगको अध्यक्षले तोकेको अन्य काम गर्ने।

(५) आयोगको सचिवको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

**५६.** **<u>अनुदान उपलब्ध गराउने</u>** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विश्वविद्यालय र यो ऐन प्रारम्भ भएपछि स्थापना हुने सार्वजनिक उच्च शिक्षण संस्थालाई नेपाल सरकारबाट उपलब्ध हुने आर्थिक सहयोग तथा अनुदान आयोग मार्फत उपलब्ध हुनेछ।

(२) उपदफा (१) बमोजिमको उपलब्ध हुने आर्थिक सहयोग तथा अनुदान परिषद्बाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

(३) उच्च शिक्षण संस्था मार्फत सामुदायिक क्याम्पसलाई आयोगले निर्धारण गरेको मापदण्ड र प्रक्रियाका आधारमा अनुदान तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

**५७.** **<u>विवरण माग गर्न सक्ने</u>** : (१) आयोगले कुनै उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित कुनै शैक्षिक संस्थाको आर्थिक तथा वित्तीय विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित शैक्षिक संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम माग गरेको विवरण अध्ययन गर्दा त्यस्तो उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित शैक्षिक संस्थाको निरीक्षण गर्नु पर्ने भएमा आयोगले आवश्यकता अनुसार निरीक्षण गर्न वा गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निरीक्षण गर्ने व्यक्तिलाई सहयोग गर्नु सम्बन्धित उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित शैक्षिक संस्थाको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिम विवरण उपलब्ध नगराउने वा निरीक्षण गर्न सहयोग नपुर्‍याउने उच्च शिक्षण संस्था वा सो अन्तर्गत सञ्चालित शैक्षिक संस्थालाई आयोगले प्रदान गर्ने अनुदान तथा अन्य सहयोग रोक्का गर्न सक्नेछ।

५८. **आयोगको निर्णय अन्तिम हुने** : कुनै उम्मेदवारले कुनै उच्च शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधि सम्बन्धित पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ वा छैन भन्ने प्रश्न उठेमा आयोगले निर्णय गरे बमोजिम हुनेछ।

५९. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) आयोगको कार्य सञ्चालन गर्नको लागि आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत विश्वविद्यालय अनुदान आयोगमा कार्यरत कर्मचारी स्वतः आयोगका कर्मचारी हुनेछन्।

(३) आयोगका कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू आयोगको विनियममा व्यवस्था भए बमोजिम हुनेछन्।

(४) आयोगका कर्मचारीको सेवा सुविधा निर्धारण गर्दा निजले खाइपाइ आएको सेवा सुविधामा प्रतिकूल असर नपर्ने गरी निर्धारण गर्नु पर्नेछ।

६०. **आयोगको कोष** : (१) आयोगको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) सेवा आयोगबाट लिइने परीक्षा शुल्क बापत प्राप्त हुने रकम,

(ग) विदेशी सरकार वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्, आयोग र सेवा आयोगको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) आयोगको कोषमा रहने रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(६) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६१. **लेखा र लेखापरीक्षण** : (१) आयोगको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) आयोगले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) आयोगको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत आयोगको हिसाब किताब जाँच्न वा जाँच गर्न लगाउन सक्नेछ।

## परिच्छेद-१३

## सेवा आयोग

६२. **सेवा आयोग** : (१) केन्द्रीय विश्वविद्यालय, प्रतिष्ठान वा सो सरहका सार्वजनिक उच्च शिक्षण संस्थाका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न आयोग अन्तर्गत एक सेवा आयोग रहनेछ।

(२) सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन्ः-

(क) उच्च शिक्षण संस्थाबाट अवकाश प्राप्त प्राध्यापकहरूमध्येबाट एक जना - अध्यक्ष

(ख) लोकसेवा आयोगको सचिव वा निजले तोकेको सो आयोगको सहसचिव - सदस्य

(ग) उच्च शिक्षण संस्थाका वरिष्ठ प्राध्यापकहरूमध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना - सदस्य

(३) दफा ५१ बमोजिमको सिफारिस समितिले सिफारिस गरेको व्यक्तिलाई परिषद्को अध्यक्षले सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्ति गर्नेछ।

(४) सेवा आयोगको अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्था रहेको भनी आधार र प्रमाण सहित उजुरी प्राप्त भएमा उपदफा (६) बमोजिम छानबिन गराइ प्राप्त प्रतिवेदनको आधारमा परिषद्को अध्यक्षले सेवा आयोगको अध्यक्ष वा सदस्यलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछः-

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराब आचरण भएमा,

(ग) आर्थिक अनियमितता गरेमा,

(घ) सेवा आयोगको गोपनियता भङ्ग गरेमा, वा

(ङ) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेमा।

(६) उपदफा (५) बमोजिमको उजुरी उपर छानबिन गर्न परिषद्को अध्यक्षले उच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीशको अध्यक्षतामा तीन सदस्य छानबिन समिति गठन गर्नेछ।

(७) उपदफा (६) बमोजिमको छानबिन समितिले छानबिनको कार्य प्रारम्भ गरेको एक महिनाभित्र सम्पन्न गरी प्रतिवेदन पेस गर्नु पर्नेछ।

(८) उपदफा (५) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो अध्यक्ष वा सदस्यलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(९) सेवा आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

६३. **सेवा आयोगको बैठक** : (१) सेवा आयोगको बैठक आवश्यकता अनुसार सेवा आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) सेवा आयोगको बैठकको अध्यक्षता सो आयोगको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उमेरका आधारमा सेवा आयोगको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) सेवा आयोगको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) सेवा आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि सो आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६४. **सेवा आयोगको काम, कर्तव्य र अधिकार** : (१) सेवा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वीकृत दरबन्दी अनुसार उच्च शिक्षण संस्थामा रिक्त रहेको शिक्षक तथा कर्मचारीको स्थायी पदमध्ये खुलातर्फको उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने,

(ख) उच्च शिक्षण संस्थामा रिक्त रहेको शिक्षक तथा कर्मचारीको बढुवा सम्बन्धी काम गर्ने,

(ग) खण्ड (क) र (ख) को प्रयोजनका लागि परीक्षा सञ्चालन, उत्तर पुस्तिकाको परीक्षण तथा नतिजा प्रकाशन गर्ने,

(घ) शिक्षक तथा कर्मचारीको बढुवा उपर परेको उजुरीको पुनरावलोकन गर्ने,

(ङ) पदपूर्ति वा बढुवा सम्बन्धी परीक्षाका लागि उम्मेदवारको शैक्षिक योग्यता तथा पाठ्यक्रम निर्धारण गर्ने,

(च) शिक्षक तथा कर्मचारीको सेवाका शर्त सम्बन्धी विषयमा सम्बन्धित निकायलाई परामर्श दिने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने।

६५. **<u>सेवा आयोगको अध्यक्ष र सदस्यको अयोग्यता</u>** : देहायको व्यक्ति सेवा आयोगको अध्यक्ष र सदस्यमा नियुक्त हुन अयोग्य मानिनेछ :-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सरकारी वा सार्वजनिक संस्थाको सेवाको पदमा नियुक्तिको लागि योग्य नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्था रहेको,

(च) शारीरिक वा मानसिक कारणले काम कारबाही गर्न असमर्थ रहेको, वा

(छ) पैंतालिस वर्ष उमेर पूरा नभएको।

६६. **<u>सेवा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुने</u>** : देहायको कुनै अवस्थामा सेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा ६२ को उपदफा (५) बमोजिम पदबाट हटाइएमा,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेमा वा नागरिकता लिएमा, वा

(च) निजको मृत्यु भएमा।

६७. **शैक्षिक योग्यता निर्धारण** : खुला प्रतियोगिताबाट पूर्ति गरिने शिक्षक तथा कर्मचारीको पदमा उम्मेदवार हुन आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सेवा आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

६८. **पाठ्यक्रम र परीक्षण विधि** : (१) स्थायी नियुक्ति वा बढुवाको लागि सेवा आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र अन्य व्यवस्था यस ऐनको अधीनमा रही सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क र परीक्षण विधिमा कुनै संशोधन भएमा त्यस्तो परीक्षा सञ्चालन हुनुभन्दा तीन महिना अगाडि त्यसको सूचना सार्वजनिक गर्नु पर्नेछ।

६९. **उम्मेदवारको छनोट** : स्थायी दरबन्दीका शिक्षक तथा कर्मचारीको रिक्त पद पूर्तिको लागि उपयुक्त उम्मेदवारको छनोट गर्दा वा बढुवाको लागि यस ऐन बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस गर्दा लिखित परीक्षाका अतिरिक्त सेवा आयोगले देहायको कुनै एक वा एक भन्दा बढी तरिका अपनाउन सक्नेछ :-

(क) प्रयोगात्मक परीक्षा,

(ख) अन्तरवार्ता,

(ग) सेवा आयोगले समय समयमा तोकेका अन्य तरिका।

७०. **परीक्षा सम्बन्धी व्यवस्था** : सेवा आयोगले सञ्चालन गर्ने परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७१. **<u>सहयोग गर्नु पर्ने</u>** : सेवा आयोगले आफ्नो काम कारबाही गर्दा विभिन्न निकाय वा शिक्षण संस्थासँग आवश्यक सहयोग माग गर्न सक्नेछ। त्यसरी सहयोग माग गरेमा सहयोग गर्नु सम्बन्धित निकाय वा शिक्षण संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद-१४

## <u>कसूर तथा सजाय</u>

७२. **<u>कसूर गरेको मानिने</u>** : कसैले देहायको कार्य गरेमा कसूर गरेको मानिनेछ :-

(क) यस ऐन बमोजिम स्वीकृतिपत्र नलिई कुनै पनि उच्च शिक्षण संस्था स्थापना वा सञ्चालन गरेमा,

(ख) उच्च शिक्षण संस्थाको सम्पत्ति अनाधिकार रूपमा प्रयोग गरेमा वा हानि नोक्सानी पुऱ्याएमा,

(ग) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(घ) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ङ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गर्ने, प्रवेश गर्ने वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(च) परीक्षाको नतिजा प्रकाशनमा अनियमितता गरेमा,

(छ) अरूको तर्फबाट परीक्षा दिएमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण सेवा सञ्चालन गरेमा,

(ञ) ऐन बमोजिम अनुमति नलिई नेपालभित्र कुनै शिक्षण संस्था वा तालिम कार्यक्रम सञ्चालन गरेमा,

(ट) अध्ययन अनुमतिपत्र नलिई विदेशमा उच्च शिक्षा अध्ययन गरेमा।

७३. **सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले दफा ७२ को खण्ड (क) बमोजिमको कसूर गरेमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा पाँच लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो उच्च शिक्षण संस्था बन्द हुनेछ।

(२) उपदफा (१) बमोजिम बन्द हुने उच्च शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई अर्को उच्च शिक्षण संस्थामा अध्ययन गर्न लाग्ने खर्च सञ्चालकबाट असुल उपर गरिनेछ।

(३) कसैले  दफा ७२ को खण्ड (ख) बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिबाट विगो असूल गरी विगो बमोजिम जरिवाना हुनेछ।

(४) कसैले दफा ७२ को खण्ड (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई कसूरको गम्भीरता हेरी एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(५) कसैले दफा ७२ को खण्ड (झ) र (ञ) बमोजिमको कसूर गरेमा त्यस्तो कार्यक्रम बन्द गरी सम्बन्धित व्यक्तिलाई बिगो असूल गरी पाँच लाख रूपैयाँसम्म जरिवाना हुनेछ।

(६) कसैले दफा ७२ को खण्ड (ट) बमोजिमको कसूर गरेमा निजको छात्रवृत्ति रद्द गरी एक लाख रूपैयाँसम्म जरिवाना गरी भविष्यमा छात्रवृत्ति नपाउने गरी कालो सूचीमा राखिनेछ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विधान बमोजिमका आचरण तथा आचारसंहिता उल्लङ्घन गर्ने उच्च शिक्षण संस्थाका पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई तोकिए बमोजिम विभागीय कारबाही हुनेछ।

(८) उपदफा (१) बमोजिम सजाय हुने कसूर उच्च शिक्षण संस्थाका कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले गरेमा निजलाई सो उपदफामा लेखिएको सजायको अतिरिक्त थप दश लाख रूपैयाँसम्म जरिवाना हुनेछ।

(९) यस दफामा लेखिए बाहेक यस ऐन विपरीत अन्य काम गर्ने व्यक्तिलाई दश लाख रूपैयाँसम्म जरिवाना हुनेछ।

७४. **मुद्दा हेर्ने अधिकारः** (१) दफा ७२ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

(२) दफा ७२ को खण्ड (ख), (झ), (ञ) र (ट) बमोजिमको कसूरमा कारबाही र सजाय गर्ने अधिकार सेवा आयोगलाई हुनेछ।

७५. **नेपाल सरकार वादी हुने** : (१) दफा ७२ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूरसँग सम्बन्धित मुद्दा नेपाल सरकार वादी हुनेछ।

(२) दफा ७२ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूरसँग सम्बन्धित मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

७६. **पुनरावेदन** : दफा ७४ को उपदफा (२) बमोजिम सेवा आयोगले गरेको निर्णय उपर त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद-१५

## विविध

७७. **प्रदेश विश्वविद्यालयको स्थापना तथा सञ्चालन** : उच्च शिक्षा सम्बन्धी राष्ट्रिय नीति, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र उच्च शिक्षण संस्था सञ्चालन सम्बन्धमा परिषद्ले तोकेको मापदण्डको अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भए बमोजिम प्रदेश विश्वविद्यालयको स्थापना र सञ्चालन गर्न सकिनेछ।

७८. **शिक्षक तथा विद्यार्थीको अनुपात कायम गर्नु पर्ने** : उच्च शिक्षण संस्थाले प्रत्येक संकायमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम शिक्षक तथा विद्यार्थीको अनुपात कायम गर्नु पर्नेछ।

७९. **शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था** : (१) उच्च शिक्षण संस्थामा आवश्यक सङ्ख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धित उच्च शिक्षण संस्थाको विनियममा व्यवस्था भए बमोजिम हुनेछन्।

८०. **स्वायत्तता प्रदान गर्न सक्ने** : (१) उच्च शिक्षण संस्थाले संरक्षक परिषद्को स्वीकृति लिइ आफ्नो सङ्काय वा आङ्गिक क्याम्पसलाई प्राज्ञिक, अनुसन्धनात्मक, सङ्गठनात्मक, वित्तीय, प्रशासकीय वा व्यवस्थापकीय स्वायत्तता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वायत्तता प्रदान गरिएका सङ्काय वा क्याम्पस सम्बन्धित उच्च शिक्षण संस्थाको सङ्गठनको रूपमा रहनेछ र त्यस्तो सङ्काय वा क्याम्पसले सम्बन्धित उच्च शिक्षण संस्थाको नाम र संरक्षण प्राप्त गर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वायत्तता प्राप्त सङ्काय वा क्याम्पसले सम्बन्धित उच्च शिक्षण संस्थाको स्वीकृति विना कुनै शैक्षिक उपाधि प्रदान गर्न वा आफ्नो सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न सक्ने छैन।

८१. **उच्च शिक्षण संस्थामा भर्ना हुन चाहिने योग्यता** : (१) उच्च शिक्षण संस्थामा भर्ना हुन चाहिने विद्यार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ।

(२) विदेशी विद्यार्थीले नेपालका उच्च शिक्षण संस्थामा अध्ययन गर्न चाहेमा त्यस्तो उच्च शिक्षण संस्थाले भर्ना छनोट गरे पछि भिसा (प्रवेश अनुमति) को लागि नेपाल सरकारको सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिसका आधारमा नेपाल सरकारले त्यस्तो विद्यार्थीलाई भिसा उपलब्ध गराउन सक्नेछ।

८२. **विदेशी नागरिक वा गैरआवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने** : उच्च शिक्षण संस्थालाई उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैरआवासीय नेपाली नागरिकलाई आयोगको अध्यक्ष र उच्च

शिक्षण संस्थाको कुलपति र उपकुलपति बाहेकको पदाधिकारी वा अध्यापक वा अनुसन्धानकर्ताको पदमा नियुक्ति वा मनोनयन गर्न सकिनेछ।

८३. **वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने** : (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वर्षभरिमा आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आयोगले नेपाल सरकार समक्ष, सेवा आयोगले परिषद् समक्ष र उच्च शिक्षण संस्थाले संरक्षक परिषद् समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा आयोगले पेस गर्ने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समावेश गर्नु पर्नेछ :-

(क) वर्षभरि सञ्चालन गरेको परीक्षाको सङ्ख्या,

(ख) परीक्षामा संलग्न र उत्तीर्ण उम्मेदवार,

(ग) बढुवा सम्बन्धी विवरण,

(घ) विभिन्न निकायलाई दिएको परामर्श,

(ङ) भविष्यमा गर्नुपर्ने सुधार।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ।

८४. **जाँचबुझ गर्न सक्ने** : (१) दफा ८३ बमोजिमको वार्षिक प्रतिवेदनको आधारमा उच्च शिक्षण संस्थाको काम कारबाही कानून विपरीत भएको वा उच्च शिक्षण संस्थाको प्रगति सन्तोषजनक नदेखिएको वा उच्च शिक्षण संस्थाबाट भएका गतिविधिहरू सुधार गर्नु पर्ने देखिएमा परिषद्ले निरीक्षण तथा जाँचबुझ समिति गठन गरी उच्च शिक्षण संस्थाको काम कारबाहीको निरीक्षण र जाँचबुझ गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले उच्च शिक्षण संस्थाको काम कारबाही सन्तोषजनक नदेखिएको भनी सुझाव सहितको प्रतिवेदन पेस गरेमा परिषद्ले प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न सम्बन्धित उच्च शिक्षण संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्देशन कार्यान्वयन गर्नु सम्बन्धित उच्च शिक्षण संस्थाको कर्तव्य हुनेछ।

८५. **समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) परिषद्, आयोग, संरक्षण परिषद् वा सेवा आयोगले आफूले गर्नुपर्ने कामको लागि आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठित समिति, उपसमिति वा कार्यटोलीको कार्यविधि, काम, कर्तव्य, अधिकार तथा अन्य व्यवस्था परिषद्, आयोग, संरक्षण परिषद् वा सेवा आयोगले त्यस्तो समिति, उपसमिति वा कार्यटोली गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

८६. **विश्वविद्यालय नामको प्रयोग** : यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विश्वविद्यालय र यस ऐन बमोजिम स्थापना भई सञ्चालनमा रहेको उच्च शिक्षण संस्था बाहेक अन्य कुनै पनि संस्थाले विश्वविद्यालय नामको प्रयोग गर्न पाउने छैन।

८७. **उच्च शिक्षण संस्थाको सूची र वरियताक्रम प्रकाशन गर्नु पर्ने** : आयोगले उच्च शिक्षण संस्थाको सूची र वरियताक्रम तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ।

८८. **काम कारबाही बदर नहुने** : परिषद्, आयोग, सेवा आयोग वा उच्च शिक्षण संस्थाको कुनै सङ्गठनको कुनै सदस्यको स्थान रिक्त रहेको वा परिषद्, आयोग, सेवा आयोग वा उच्च शिक्षण संस्थाका कुनै सङ्गठनको गठनमा कुनै त्रुटि भएको कारणले मात्र परिषद्, आयोग, सेवा आयोग वा उच्च शिक्षण संस्थाका कुनै सङ्गठनबाट भए गरेका काम कारबाही बदर हुने छैन।

८९. **नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने** : आयोगले नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

९०. **समावेशी सिद्धान्त अपनाउनु पर्ने** : यस ऐन बमोजिमका परिषद्, आयोग, सेवा आयोग र समितिका अध्यक्ष र सदस्यको नियुक्ति वा मनोनयन गर्दा समावेशी सिद्धान्त अपनाउनु पर्नेछ।

९१. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>** : (१) परिषद्ले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को सहअध्यक्ष, उपाध्यक्ष, सदस्य वा आयोगको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) आयोगले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आयोगको अध्यक्ष, सदस्य, सचिव वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) उच्च शिक्षण संस्थाले यो ऐन, विधान वा नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उच्च शिक्षण संस्थाका पदाधिकारी वा मातहतका निकाय वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९२. **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : परिषद्, आयोग र उच्च शिक्षण संस्थाले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

९३. **<u>ऐन कार्यानन्वयन मापन</u>** : यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन सङ्घीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ।

९४. **<u>नियम बनाउन सक्ने</u>** : नेपाल सरकार, मन्त्रिपरिषद्ले यो ऐन कार्यान्वयन गर्नको लागि आवश्यक नियम बनाउन सक्नेछ।

९५. **<u>विनियम बनाउन सक्ने</u>** : उच्च शिक्षण संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विधानको अधीनमा रही आवश्यक विनियम बनाउन सक्नेछ।

९६. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u>** : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

९७. **<u>अनुसूची हेरफेर</u>** : नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूची हेरफेर गर्न सक्नेछ।

९८. **खारेजी र बचाउ** : (१) विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० खारेज गरिएको छ।

(२) देहायका ऐनको देहाय बमोजिमका दफा खारेज गरिएका छन् :-

(क) नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ को दफा ९क.,

(ख) त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १५,

(ग) पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा १९

(घ) पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा १४

(ङ) लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा २६ को उपदफा (२),

(च) सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २१,

(छ) मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ को दफा २१,

(ज) कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा २१,

(झ) राजर्षिजनक विश्वविद्यालय ऐन, २०७४ को दफा २१।

(३) उपदफा (१) र (२) बमोजिम खारेज भएका ऐन र दफाबमोजिम गठित सेवा आयोग वा पदपूर्ति समितिबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछन्।

(४) उपदफा (१) र (२) बमोजिम खारेज भएका ऐन र दफा अन्तर्गत नियुक्त वा मनोनयन भएका पदाधिकारी र कर्मचारी यसै ऐन बमोजिम नियुक्त वा मनोनयन भएको मानी सोही ऐन र दफा बमोजिमको पदावधिसम्म बहाल रहनेछन्।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिम खारेज भएका दफा बमोजिमको सेवा आयोग वा पदपूर्ति समितिबाट पदपूर्तिका लागि विज्ञापन प्रकाशन भएका पदको हकमा सोही दफा बमोजिमका सेवा आयोग वा पदपूर्ति समितिबाट पदपूर्तिको काम हुनेछ।

# अनुसूची

(दफा ३ सँग सम्बन्धित)

## उच्च शिक्षण संस्था स्थापना सम्बन्धी मापदण्ड

१. **भौतिक पूर्वाधारः**

(क) जग्गाः

(१) काठमाडौं उपत्यकाभित्र कम्तीमा दुई सय रोपनी जग्गा,

(२) पहाडी तथा हिमाली जिल्लामा भए कम्तीमा पाँच सय रोपनी जग्गा,

(३) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पचास विगाहा जग्गा,

(४) उपखण्ड (१), (२) र (३) बमोजिमको जग्गा बढीमा तीन स्थानमा बीस किलोमिटरको दुरीभित्र व्यवस्थापन गर्न सकिने।

(ख) भवनः

(१) कम्तीमा शैक्षिक, प्रशासकीय र पुस्तकालयको अलग अलग तीनवटा भवन,

(२) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पचास हजार वर्ग फिट क्षेत्रफल भएको वा हरेक कक्षामा कम्तीमा पचास जनासम्म विद्यार्थी अटाउने गरी विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षा कोठाको व्यवस्था।

(ग) छात्रावासः

(१) कम्तीमा एक तिहाई विद्यार्थीलाई छात्रावासको व्यवस्था भएको,

(२) महिला र पुरूषको लागि छुट्टाछुट्टै छात्रावासको सुविधा भएको,

(३) केन्द्रीय विश्वविद्यालयमा अन्तरराष्ट्रिय विद्यार्थीको लागि अन्तरराष्ट्रिय स्तरको एक छात्रवास भएको,

(४) आवासीय विश्वविद्यालयको हकमा सबै विद्यार्थीको लागि छात्रवासको व्यवस्था भएको।

(घ) अन्य पूर्वाधारः

(१) पठनपाठन, अनुसन्धान र प्रयोगात्मक कार्यको लागि विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरू सहितको भौतिक व्यवस्थापन भएको,

(२) महिला र पुरूषका लागि अलग अलग र पर्याप्त सङ्ख्यामा अपाङ्गमैत्री शौचालय भएको,

(३) विद्यार्थी सङ्ख्याको अनुपातमा स्तरीय चमेनागृह भएको,

(४) स्वास्थ्य केन्द्र, पिउने पानी, इन्टरनेट, खेल मैदान र बगैंचाको व्यवस्था भएको।

**२. शैक्षिक कार्यक्रमः**

(क) शैक्षिक क्यालेन्डर,

(ख) पाठ्यक्रम।

**३. जनशक्तिः**

(क) शिक्षक,

(ख) कर्मचारी,

(ग) अनुसन्धानकर्ता,

(घ) विद्यार्थी।

**४. आर्थिक पूर्वाधारः**

कोष र कोषमा रहने रकमको स्रोतको सुनिश्चितता।

## (२) परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : परराष्ट्र मामिलाका विषयमा अध्ययन तथा अनुसन्धान गर्न र नेपाल परराष्ट्र सेवा तथा परराष्ट्र मामिलासँग सरोकार राख्ने सरकारी कर्मचारी, पदाधिकारी तथा सम्बद्ध व्यक्तिहरूको प्रशिक्षण मार्फत व्यावसायिक दक्षता अभिवृद्धि गर्न परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा १४ बमोजिम नियुक्त भएको वा खटिएको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले दफा ६ बमोजिम गठन भएको परिषद् सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्झनु पर्छ।

(च) “मन्त्रालय” भन्नाले नेपाल सरकारको परराष्ट्र मन्त्रालय सम्झनु पर्छ।

(छ) “सचिव” भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

(ज) “सदस्य-सचिव” भन्नाले परिषद्‌को सदस्य-सचिव सम्झनु पर्छ।

(झ) “समिति” भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना सम्बन्धी व्यवस्था

३. **परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना** : (१) परराष्ट्र मामिलाका विषयमा अध्ययन तथा अनुसन्धान गर्न र नेपाल परराष्ट्र सेवा तथा परराष्ट्र मामिलासँग सरोकार राख्ने सरकारी कर्मचारी, पदाधिकारी तथा सम्बद्ध व्यक्तिहरूको प्रशिक्षण मार्फत व्यावसायिक दक्षता अभिवृद्धि गर्न परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठानलाई अङ्ग्रेजी भाषामा “इन्स्टिच्युट अफ फरेन अफेयर्स स्टडिज” भनिनेछ।

(३) प्रतिष्ठानको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. **प्रतिष्ठान स्वशासित र सङ्गठित संस्था हुने** : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्रतिष्ठानले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको वार्षिक नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) परराष्ट्र मामिला सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा गर्न नेपाल सरकारलाई परामर्श प्रदान गर्ने,

(ग) परराष्ट्र मामिलाका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,

(घ) कन्सुलर सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) नेपालले विदेशी मुलुकमा आफ्नो राजदूतावास, महावाणिज्यदूतावास, वाणिज्यदूतावास वा अन्य नियोग खोल्दा अपनाउनु पर्ने मापदण्डका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(च) नेपाल परराष्ट्र सेवामा कार्यरत कर्मचारीको कार्यक्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न सेवाप्रवेश र सेवाकालिन तालिम कार्यक्रम सञ्चालन गर्ने,

(छ) परराष्ट्र मामिलासँग सरोकार राख्ने नेपाल सरकारका विभिन्न निकायका कर्मचारी, पदाधिकारी तथा सम्बद्ध व्यक्तिहरूको लागि परराष्ट्र मामिलाका सम्बन्धमा प्रशिक्षण, सम्मेलन, गोष्ठी लगायतका कार्यक्रम आयोजना गर्ने,

(ज) विदेशी मुलुकका परराष्ट्र मामिला प्रशिक्षणसम्बन्धी संस्थासँग समन्वय गरी प्रशिक्षण कार्यक्रमलाई स्तरीय र प्रभावकारी बनाउन आवश्यक सहकार्य गर्ने,

(झ) परराष्ट्र मामिलाका क्षेत्रमा सञ्चालन गरिने क्षमता विकाससम्बन्धी कार्यक्रमको सम्बन्धमा नेपाल सरकार तथा अन्तरराष्ट्रिय सङ्घ संस्था बीच सम्पर्क निकायको रूपमा काम गर्ने,

(ञ) प्रतिष्ठानको कार्यक्रम सञ्चालन र विकासको लागि नेपाल सरकार, विदेशी सरकार, अन्तरराष्ट्रिय सङ्घ संस्था वा व्यक्तिबाट आवश्यक स्रोत साधन जुटाउने,

(ट) परराष्ट्र सेवाका जनशक्तिको क्षमता विकासको लागि अन्तरराष्ट्रिय अध्ययन, अनुसन्धान तथा प्रशिक्षण संस्थाहरूको अवलोकन भ्रमण तथा वैदेशिक तालिम, गोष्ठी र कार्यशाला सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने,

(ठ) परराष्ट्र मामिलाका विषयमा अध्ययन, अनुसन्धान तथा प्रशिक्षणसँग सम्बन्धित अन्तरराष्ट्रिय सञ्जालमा आवद्ध हुने,

(ड) नेपालको परराष्ट्र सम्बन्ध, कूटनीतिक अभ्यास, परराष्ट्र नीति, अन्तरराष्ट्रिय सम्बन्धका क्षेत्रमा शोधपत्र, अनुसन्धान, लेख तथा रचना प्रकाशन गर्ने,

(ढ) तोकिएबमोजिमको अन्य कार्य गर्ने।

## परिच्छेद-३

## परिषद् सम्बन्धी व्यवस्था

६. **परिषद्को गठन** : (१) नेपालको परराष्ट्र मामिलाका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिन प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) परराष्ट्र मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) सभापति, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समिति, प्रतिनिधि सभा - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय- सदस्य

(ङ) सचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय- सदस्य

(च) सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरतअन्तरराष्ट्रिय कानूनको क्षेत्रका विज्ञहरू मध्येबाट एक जना - सदस्य

(छ) पूर्व नेपाली राजदूतहरू मध्येबाट एक जना - सदस्य

(ज) मान्यत प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरी सुरक्षा मामिला सम्बन्धमा कम्तीमा दश वर्ष अनुभव हासिल गरेका सुरक्षाविद्हरू मध्येबाट एक जना - सदस्य

(झ) अन्तरराष्ट्रिय सम्बन्ध, परराष्ट्र मामिला विज्ञ वा विश्वविद्यालयका प्राध्यापकहरू मध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

(ञ) उद्योग तथा व्यापारिक क्षेत्रका व्यक्तिहरू मध्येबाट एक जना - सदस्य

(ट) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी अन्तरराष्ट्रिय सम्बन्धको क्षेत्रमा काम गरेका आदिवासी/ जनजाति, मधेशी, दलित तथा अल्पसङ्ख्यक समूदायका व्यक्तिहरू मध्येबाट एक जना - सदस्य

(ठ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (च), (छ), (ज), (झ), (ञ) र (ट) बमोजिमका सदस्यहरूको मनोनयन नेपाल सरकार मन्त्रिपरिषद्‌बाट हुनेछ।

(४) उपदफा (२) को खण्ड (च), (छ), (ज), (झ), (ञ) र (ट) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा परिषद्‌को सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद्‌ले उपदफा (२) को खण्ड (च), (छ), (ज), (झ), (ञ) र (ट) बमोजिमका सदस्यको पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराब आचरण भएमा,

(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेमा, वा

(घ) प्रतिष्ठानको हित विपरीत हुने गरी कुनै काम गरेमा।

(६) उपदफा (५) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

७. **<u>छनौट समितिको गठन</u>** : (१) दफा ६ को उपदफा (२) को खण्ड (च), (छ), (ज), (झ), (ञ) र (ट) बमोजिमका सदस्यको मनोनयनका लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष नाम सिफारिस गर्न नेपाल सरकार मन्त्रिपरिषद्‌ले सचिवको संयोजकत्वमा परिषद्‌का अन्य दुई जना सदस्यहरू सहित तीन सदस्यीय छनौट समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले कार्य प्रारम्भ गरेको तीस दिनभित्र समावेशी सिद्धान्तका आधारमा सम्भाव्य व्यक्तिहरूको नाम छनौट गरी सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **परिषद्को बैठक** : (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्को कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उमेरको आधारमा परिषद्को जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(८) परिषद्को बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेखको रूपमा राख्नु पर्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

९. **परिषद्को काम, कर्तव्य र अधिकार** : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(घ) प्रशिक्षण कार्यक्रमको मापदण्ड स्वीकृत गर्ने,

(ङ) प्रतिष्ठानको लागि आवश्यक नियम स्वीकृत गर्ने,

(च) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति समीक्षा र मूल्याङ्कन गर्ने,

(छ) समितिलाई आवश्यक निर्देशन दिने।

१०. **परिषद्को सदस्यको पद रिक्त हुने** : देहायको कुनै अवस्था भएमा दफा ६ को उपदफा (२) बमोजिमका मनोनीत सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) दफा ६ को उपदफा (४) बमोजिम पदावधि पूरा भएमा,

(ग) दफा ६ को उपदफा (५) बमोजिम पदबाट हटाइएमा,

(घ) निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेमा, वा

(च) निजको मृत्यु भएमा।

## परिच्छेद-४

## कार्यकारी समिति सम्बन्धी व्यवस्था

११. **कार्यकारी समितिको गठन** : (१) प्रतिष्ठानबाट गरिने अध्ययन, अनुसन्धान तथा प्रशिक्षणलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न एक कार्यकारी समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) कार्यकारी निर्देशक - अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय - सदस्य

(ग) सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय - सदस्य

(घ) सहसचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) परिषद्ले तोकेको प्रतिष्ठानको वरिष्ठ कर्मचारी - सदस्य-सचिव

१२. **समितिको बैठक** : (१) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी अभिलेखको रूपमा राख्नु पर्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१३. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेस गर्ने,

(ग) प्रतिष्ठानको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(घ) प्रतिष्ठानको लागि आवश्यक नियमको मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि परिषद् समक्ष पेस गर्ने,

(ङ) नीति तर्जुमा, प्रशिक्षण र अनुसन्धान सम्बन्धी विषयमा नीतिगत निर्णय गर्न परिषद्लाई सहयोग गर्ने,

(च) प्रशिक्षण तथा क्षमता विकास सम्बन्धी कार्यक्रमको पाठ्यक्रम, ढाँचा र विज्ञको सूची तयार गरी स्वीकृत गर्ने,

(छ) अध्ययन, अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने तथा परामर्श सेवा उपलब्ध गर्ने वा गराउने,

(ज) प्रतिष्ठानबाट सञ्चालन गरिने अध्ययन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने वा गराउने,

(झ) अध्ययन, अनुसन्धान तथा प्रशिक्षणलाई कार्यमूलक तथा व्यावहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरूको सेवा आवधिक रूपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(ञ) प्रतिष्ठानले व्यावसायिक प्रयोजनमा प्रयोग हुने भौतिक संरचना तथा व्यावसायिक रूपमा सञ्चालन हुने मागमा आधारित अध्ययन, अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी कार्यको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ट) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

## परिच्छेद-५

## कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था

१४. **कार्यकारी निर्देशक** : (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि एक कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको नियुक्ति देहायको समितिको सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद्बाट हुनेछ :-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) अध्यक्षले तोकेको परिषद्को सदस्य एक जना - सदस्य

(ग) प्रतिनिधि, सहसचिव, लोक सेवा आयोग - सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(४) उपदफा (२) बमोजिमको समितिले कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना मार्फत कार्यकारी निर्देशकको पदपूर्तिको लागि दरखास्त आह्वान गर्नु पर्नेछ।

(५) दफा १५ बमोजिमको योग्यता र दफा १६ बमोजिमको छनोटका आधारमा उपदफा (२) बमोजिमको समितिले निर्धारण गरेको छनोट विधि र मापदण्ड बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि नेपाल सरकार मन्त्रिपरिषद् समक्ष सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका उम्मेदवारहरू मध्येबाट नेपाल सरकार मन्त्रिपरिषद्ले एक जनालाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

(७) कार्यकारी निर्देशकको पद रिक्त भएको अवस्थामा निजले गर्नुपर्ने कार्य सम्पन्न गर्नका लागि नेपाल सरकारले नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको

कर्मचारीलाई कार्यकारी निर्देशकको रूपमा बढीमा छ महिनासम्मको लागि कामकाज गर्न खटाउन सक्नेछ।

(८) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तपनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, प्रतिष्ठानको हित विपरीत कुनै काम गरेमा वा निजको काम सन्तोषजनक नभएमा नेपाल सरकार मन्त्रिपरिषद्ले परिषद्को सिफारिसमा निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(११) कार्यकारी निर्देशकको पदावधि समाप्त भएमा वा पदावधि समाप्त हुनु अगावै पैसट्ठी वर्ष उमेर पुगेमा निज सो पदमा बहाल रहन सक्ने छैन।

(१२) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा सुविधा नेपाल सरकारको सचिवले पाए सरह हुनेछ।

१५. **<u>कार्यकारी निर्देशकको योग्यता</u>** : कार्यकारी निर्देशकको पदमा नियुक्त हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :-

(क) पैसट्ठी वर्ष उमेर ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) अन्तरराष्ट्रिय कानून, कूटनीति वा आर्थिक कूटनीतिक क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको,

(घ) नेपालको परराष्ट्र नीति तथा मामिलामा विशेष योगदान दिएको,

(ङ) सार्वजनिक पदमा बहाल रहँदा महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएको कुनै बेरूजु बक्यौता बाँकी नभएको,

(च) नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,

(छ) प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा नरहेको।

१६. **कार्यकारी निर्देशक छनोट गर्ने आधार** : दफा १४ को उपदफा (२) बमोजिमको समितिले कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस गर्दा देहायका छनोटका आधारमा गर्नेछ :-

(क) शैक्षिक योग्यता र अनुभव,

(ख) व्यावसायिक कार्ययोजना,

(ग) प्रस्तुतिकरण,

(घ) अन्तरवार्ता।

१७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) परिषद् तथा समितिबाट भएका निर्णय तथा निर्देशनको कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्रतिष्ठानको दीर्घकालिन नीति, योजना र वार्षिक बजेट तथा कार्यक्रम समिति मार्फत स्वीकृतिको लागि परिषद् समक्ष पेस गर्ने,

(ग) परिषद्बाट स्वीकृत प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(घ) प्रतिष्ठानको प्रगति विवरण तथा वार्षिक प्रतिवेदन समिति तथा परिषद् समक्ष पेस गर्ने,

(ङ) प्रतिष्ठानबाट सञ्चालित अध्ययन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(च) तोकिए बमोजिमको अन्य काम गर्ने।

१८. **कार्यसम्पादन सम्झौता** : (१) कार्यकारी निर्देशकले नियुक्ति भएपछि सूचक सहितको प्रतिष्ठानको व्यावसायिक योजना सचिव समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस गरेको व्यावसायिक योजनाको आधारमा कार्यकारी निर्देशकले सचिवसँग मन्त्रालयले निर्धारण गरेको ढाँचामा मापनयोग्य कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(३) सचिवले उपदफा (२) बमोजिमको कार्यसम्पादन सम्झौता अनुसार कार्यकारी निर्देशकबाट कार्यसम्पादन भए नभएको अर्धवार्षिक र वार्षिक रूपमा मूल्याङ्कन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको मूल्याङ्कनबाट कार्यकारी निर्देशकको कार्य प्रगति असी प्रतिशतभन्दा कम भएमा निजको कार्यसम्पादनस्तर सन्तोषजनक नभएको मानिनेछ।

१९. **कार्यकारी निर्देशकको पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछ :-

(क) निजले नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा १४ को उपदफा (९) बमोजिम पदबाट हटाइएमा,

(घ) दफा १५ बमोजिम योग्य नभएमा, वा

(ङ) निजको मृत्यु भएमा।

## परिच्छेद-६

## प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्था

२०. **प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्था** : (१) प्रतिष्ठानमा तोकिए बमोजिमका कर्मचारीहरू रहनेछन्।

(२) प्रतिष्ठानका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन्।

(३) प्रतिष्ठानका कर्मचारीको पदपूर्ति नभएसम्म मन्त्रालयले आवश्यक कर्मचारी उपलब्ध गराउनेछ।

२१. **करारमा नियुक्ति गर्न सकिने** : (१) प्रतिष्ठानले कुनै योजना कार्यान्वयन गर्नु परेमा सोको लागि आवश्यक ज्ञान र विशेष अनुभव भएका विशेषज्ञ, अनुसन्धानकर्ता र प्रशिक्षकलाई बढीमा एक वर्षको लागि करारमा नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिक करारमा नियुक्त भएका व्यक्तिहरूको काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक र सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कोष तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था

२२. **प्रतिष्ठानको कोष** : (१) प्रतिष्ठानको आफ्नो कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष हुनेछ।

(२) प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) कुनै विदेशी सरकार, व्यक्ति र अन्तरराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने रकम,

(ग) परामर्श सेवा, प्रशिक्षण एवम् अनुसन्धान वा अन्य कुनै व्यावसायिक कार्य गरे बापत प्राप्त हुने रकम,

(घ) प्रतिष्ठानले गरेको प्रकाशनको विक्री वितरणबाट प्राप्त हुने रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रतिष्ठानले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रतिष्ठानलाई जुन कार्यक्रम वा कामका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा कामको लागि खर्च गर्नु पर्नेछ।

(६) प्रतिष्ठानको कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(७) प्रतिष्ठानको आफ्नो उद्देश्य अनुरूपको कार्य गर्नको लागि चाहिने सबै खर्च प्रतिष्ठानको कोषबाट व्यहोरिनेछ।

(८) प्रतिष्ठानको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

२३. **लेखा र लेखापरीक्षण** : (१) प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) प्रतिष्ठानको आय-व्ययको लेखाको आन्तरिक लेखापरीक्षण परिषद्ले तोकेको चार्टर्ड एकाउन्टेन्ट वा रजिष्टर्ड लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद-८

## प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री र पाठ्यक्रम

२४. **प्रशिक्षण कार्यक्रम र क्षेत्र निर्धारण गर्न सक्ने** : (१) प्रतिष्ठानले आवश्यकता अनुसार मन्त्रालयसँग परामर्श गरी प्रशिक्षण कार्यक्रम र तत्सम्बन्धी क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित प्रशिक्षण कार्यक्रम र क्षेत्रको आधारमा प्रतिष्ठानले प्रशिक्षण तथा मूल्याङ्कन पद्धति, सामग्री र विषय निर्धारण गर्नेछ।

२५. **प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गराउने** : (१) प्रतिष्ठानले आफूले सञ्चालन गरेको कार्यक्रमलाई सम्बन्धित विशेषज्ञको सहयोग लिई समय समयमा मूल्याङ्कन गराउनेछ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कनको आधारमा प्रतिष्ठानले आफ्नो प्रशिक्षण कार्यक्रममा आवश्यकता अनुसार परिमार्जन वा परिवर्तन गर्न सक्नेछ।

२६. **प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्ने** : प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा प्रशिक्षार्थीको काम तथा विषयको प्रकृति हेरी उपयुक्त प्रशिक्षण सामग्री तथा आधुनिक प्रशिक्षण प्रविधि प्रयोग गर्न सक्नेछ।

२७. **प्रशिक्षक सूची तयार गर्नु पर्ने** : (१) प्रतिष्ठानले परराष्ट्र मामिलाका विषयमा तालिम वा प्रशिक्षण दिन प्रशिक्षकको सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूची तयार गर्दा प्रतिष्ठानले विषयगत र क्षेत्रगत रूपमा अलग अलग सूची तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम तयार गरिएको सूचीलाई प्रतिष्ठानले समय समयमा अद्यावधिक गर्नु पर्नेछ।

## परिच्छेद-९

## विविध

२८. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) प्रतिष्ठानले यस ऐन बमोजिम गर्नु पर्ने कुनै कामको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि तथा त्यस्तो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा उपसमिति वा कार्यटोली गठन गर्दाका बखत प्रतिष्ठानले तोकिदिए बमोजिम हुनेछ।

२९. **वार्षिक प्रतिवेदन** : (१) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा सञ्चालन गरेको कार्यक्रम, प्राप्त

गरेको रकम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, कार्यक्रमबाट भएको उपलब्धि र भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरू समावेश गर्नु पर्नेछ।

(३) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

३०. **<u>अधिकार प्रत्यायोजन</u>** : (१) परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार परिषद्को अध्यक्ष वा सदस्य, समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार कार्यकारी निर्देशक वा प्रतिष्ठानको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी निर्देशकले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३१. **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३२. **<u>नियम बनाउने अधिकार</u>** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामन्यतामा प्रतिकूल असर नपर्ने गरी प्रतिष्ठानले देहायका विषयमा नियम बनाउन सक्नेछः-

(क) कर्मचारीको नियुक्ति र सेवाका शर्त,

(ख) आर्थिक प्रशासन।

(३) उपदफा (२) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

३३. **<u>खारेजी र बचाउ</u>** : (१) परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०६८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेको कार्यकारी निर्देशकको पदावधि निज नियुक्त हुँदाका बखत तोकिएको अवधिभर कायम रहनेछ।

(४) उपदफा (१) बमोजिमको आदेश बमोजिमको विकास समितिको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति र दायित्व प्रतिष्ठानमा सरेको मानिनेछ।

## अनुसूची -११

(३.२.५ सँग सम्बन्धित)

## इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरूको नामावली

| क्र.सं. | नाम | समयावधि | शिक्षण संस्था |
|---|---|---|---|
| १. | स्मृती सापकोटा | २०८१ साल भाद्र महिनादेखि पौष महिनासम्म | काठमाडौं स्कुल अफ ल |
| २. | आकृती बखाद्यो | | |
| ३. | समृद्धि कोईराला | | |
| ४. | स्पन्दन श्रेष्ठ | | |
| ५. | कृति अधिकारी | २०८१ साल मंसिर महिनादेखि पौष महिनासम्म | |
| ६. | स्नेहा अधिकारी | २०८१ साल भदौ महिनादेखि माघ महिनासम्म | काठमाडौं युनिभर्सिटी, स्कुल अफ ल |
| ७. | विनिता भण्डारी | २०८१ साल फागुन महिनादेखि २०८२ असार महिनासम्म | नेपाल ल क्याम्पस |
| ८. | आसुन कुमार भण्डारी | २०८१ साल फागुन महिनादेखि २०८२ बैशाख महिनासम्म | |
| ९. | सुप्रिया झा | २०८१ साल फागुन महिनादेखि २०८२ जेष्ठ महिनासम्म | नेशनल ल कलेज |

## अनुसूची-१२

(३.२.७ सँग सम्बन्धित)

## आयोगको वेबसाइटमा रहेका कानूनको विवरण

| सामाग्रीको विवरण | नेपाली | | | अङ्ग्रेजी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | मौजुदा | अभिलेख | जम्मा | मौजुदा | अभिलेख | जम्मा | |
| संविधान | १ | ६ | ७ | १ | ० | १ | ९ |
| ऐन | ३६२ | १३ | ३७५ | ४६ | ० | ४६ | ४३५ |
| नियम | ३२० | १२ | ३३२ | ३ | ० | ३ | ३५३ |
| सन्धि र महासन्धि | २६ | ० | २६ | ९९ | ० | ९९ | १२६ |
| गठन आदेश (विकास समिति (गठन) आदेश, सूचित आदेश) | ६ | ० | ६ | ० | ० | ० | ६ |
| नीति | २ | ० | २ | ३ | ० | ३ | ४ |
| अध्यादेश | १८ | ६ | २४ | ० | ० | ० | ३६ |
| ऐतिहासिक दस्तावेज | ० | १७ | १७ | ० | ० | ० | १७ |
| **जम्मा** | **७३५** | **५४** | **७८९** | **१५२** | **०** | **१५२** | **९८६** |

## अनुसूची- १३

(३.२.१० सँग सम्बन्धित)

## आयोगले स्थापना कालदेखि हालसम्म गरेका विधेयक मस्यौदाको सूची

**(क) आ.व. २०६३/६४**

१. न्याय प्रशासन सम्बन्धी तथा अन्य केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

२. हदम्याद सम्बन्धी विधेयक, २०६४

३. सूचना दाताको संरक्षण (हुस्टिल ब्लोअर प्रोटेक्सन) सम्बन्धी विधेयक, २०६४

४. महिला विरुद्ध कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण र सजाय) विधेयक, २०६४

**(ख) आ.व. २०६४/६५**

१. यौनजन्य दुर्व्यवहार नियन्त्रण विधेयक, २०६४

२. जाँचबुझ आयोग विधेयक, २०६४

३. संक्षिप्त कार्यविधि विधेयक, २०६५

४. अदातलको अपहेलना सम्बन्धी विधेयक, २०६५

**(ग) आ.व. २०६५/६६**

१. नेपाल एक्रिडिटेशन परिषद् विधेयक, २०६६

२. झुठ्ठा अभिव्यक्ति नियन्त्रण विधेयक, २०६६

३. नेपाल गुणस्तर विधेयक, २०६६

**(घ) आ.व. २०६६/६७**

१. सर्पुदगी सम्बन्धी विधेयक, २०६६

२. पारस्पारिक कानूनी सहायता सम्बन्धी विधेयक, २०६६

३. जुवा नियन्त्रण विधेयक, २०६६

४. नागरिक अधिकार विधेयक, २०६६

५. धरौट जमानत हिरासतसम्बन्धी विधेयक, २०६६

**(ङ) आ.व. २०६७/६८ (मस्यौदा तयार भएको तर सम्बन्धित मन्त्रालयमा पेश नभएको)**

१. जग्गा प्राप्ति सम्बन्धी विधेयक, २०६८

२. साक्षी संरक्षण विधेयक, २०६८

३. कसूर पीडित संरक्षण विधेयक, २०६८

४. सामाजिक सुधार विधेयक, २०६८

**(च) आ.व. २०६८/६९**

१. राष्ट्रिय सतर्कता आयोग सम्बन्धी विधेयक, २०६९

२. साक्षी संरक्षण सम्बन्धी विधेयक, २०६९

३. कसूर पीडित सम्बन्धी विधेयक, २०६९

**(छ) आ.व. २०६९/७० (यस आ.व.मा देहायका ऐन संशोधनका लागि तथा विधेयक मस्यौदा गर्ने सम्बन्धमा अन्तरक्रिया र छलफलमात्र सम्पन्न भएको)**

१. राष्ट्रिय सतर्कता आयोग सम्बन्धी विधेयक

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ सम्बन्धी संशोधन विधेयक

३. नोटरी पब्लिक ऐन, २०६३ को संशोधन विधेयक

४. भूमिगत जलविद्युत सम्बन्धी विधेयक

५. कसूर पीडित संरक्षण विधेयक

६. साक्षी संरक्षण विधेयक

**(ज) आ. व. २०७०/७१ (मस्यौदा तयार भएको तर सम्बन्धित मन्त्रालयमा पेश नभएको)**

१. भूमिगत पानीको उपयोग तथा संरक्षण सम्बन्धी विधेयक, २०७०

२. साक्षी संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७०

३. पारमाणविक पदार्थ र सो सम्बन्धी संयन्त्रको प्रयोगलाई नियमित र व्यवस्थित गर्न बनेको विधेयक, २०७०

**(झ) आ.व. २०७१/७२ (प्रशासकिय अधिकारीले मुद्दाको कारवाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी विधेयक, खेलकुद विकास सम्बन्धी विधेयकको मस्यौदा तयारी सम्बन्धी कार्य भएको।)**

**(ञ) आ.व. २०७२/७३**

१. प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. महाअभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

३. ज्येष्ठ नागरिक सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

४. विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**(ट) आ.व. २०७३/७४**

१. झुट्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक

३. उपभोक्ता संरक्षण सम्बन्धी विधेयक

४. प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

५. खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

६. कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**(ठ) आ.व. २०७४/७५**

१. प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार सम्बन्धी विधेयक
३. शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
४. शिक्षा सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक
५. वैयक्तिक गोपनियता सम्बन्धी विधेयक

**(ड) आ.व. २०७५/७६**

१. राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचना आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
२. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक, २०७५
३. कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक
४. साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक
५. सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक
६. नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
७. जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**(ढ) आ.व. २०७६/७७**

१. राष्ट्रिय सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
३. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक

**(ण) आ.व. २०७७/७८**

१. तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक
३. विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
४. गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
५. *नेपाल कानून आयोग ऐन, २०६३* लाई संशोधन गर्न बनेको विधेयक
६. मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक
७. केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक
८. कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**(त) आ.व. २०७८/७९**

१. संसदीय सुनुवाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक
३. मुलुकी देवानी संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक

**(थ) आ.व. २०७९/८०**

१. रासायनिक पदार्थको सुरक्षित प्रयोग, नियमन तथा जोखिम व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

२. यौनजन्य हिंसा विरूद्धका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,

३. सूचनादाताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।

**(द) आ.व. २०८०/८१**

१. स्वार्थको द्वन्द्व व्यवस्थापन र नियमन सम्बन्धी विधेयक,

२. भ्रष्टाचार निवारण ऐन, २०५९ संशोधन विधेयक,

३. औषधि सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र

४. राष्ट्रिय सतर्कता केन्द्र विधेयक।

**(ध) आ.व. २०८१/८२**

१. उच्च शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धमा आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक र

२. परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।